# नेपाली कांग्रेसको विधान, २०१७

(एघारौं संशोधन सहित)

**नेपाली कांग्रेस**

केन्द्रीय कार्यालय

# नेपाली कांग्रेसको विधान, २०१७

(एघारौं संशोधन सहित)



नेपाली कांग्रेस

केन्द्रीय कार्यालय

**प्रकाशक**
नेपाली कांग्रेस
केन्द्रीय कार्यालय, बी.पी. स्मृतिभवन,
बी.पी. नगर, सानेपा, ललितपुर, नेपाल
टेलिफोनः +९७७-०१-५१८३२८८/५१८३२६४/५१८३२६६/५१८३१८९
फ्याक्सः ५१८३१८८
E-mail: info@nepalicongress.org/ncparty2003@gmail.com
Internet Access: www.nepalicongress.org

२०८२ पौष २७ देखि ३० गतेसम्म काठमाडौंमा सम्पन्न नेपाली कांग्रेसको विशेष केन्द्रीय महाधिवेशनबाट स्वीकृत भइ संशोधन सहितको यो विधान लागु भएको छ।

मूल्य रु.१५०।-

© नेपाली कांग्रेस केन्द्रीय कार्यालय

**मुद्रक** :
शुभारम्भ प्रिन्टिङ प्रेस प्रा.लि.
नयाँबजार-१६, काठमाडौं
फोनः ०१-४९५९७२३

# विषयसूची


| क्र.सं. | शीर्षक | | पृष्ठ |
|---|---|---|---|
| १ | प्रस्तावना | | १ |
| २ | परिच्छेद १- | नाम र प्रारम्भ, आदर्श र उद्देश्य परिभाषा | ३ |
| ३ | परिच्छेद २- | सदस्यता | ६ |
| ४ | परिच्छेद ३- | स्थानीय तह संगठन (टोल, गाउँपालिका/ नगरपालिका वडा, गाउँपालिका/नगपालिका/ उपमहानगरपालिका/महानगरपालिका, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला अधिवेशन, सम्मेलन र कार्यसमितिहरु) | १५ |
| ५ | परिच्छेद ४- | प्रदेश अधिवेशन, प्रदेश सम्मेलन, प्रदेश कार्यसमिति र प्रदेश विभागहरु | ४८ |
| ६ | परिच्छेद ५- | विदेश स्थित नेपाली जनसम्पर्क समिति सम्बन्धी व्यवस्था | ५४ |
| ७ | परिच्छेद ६- | केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमिति | ५६ |
| ८ | परिच्छेद ७- | केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समिति | ५९ |
| ९ | परिच्छेद ८- | नेपाली कांग्रेसका तर्फबाट हुने उम्मेदवारको योग्यता, संसदीय समिति, उम्मेदवारको सिफारिस, निर्णय र अनुमोदन सम्बन्धी व्यवस्था | ६७ |
| १० | परिच्छेद ९- | अनुशासन समितिको गठन, काम, कर्तव्य र अधिकार | ७६ |
| ११ | परिच्छेद १०- | केन्द्रीय निर्वाचन समिति, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान र केन्द्रीय विभागहरु | ८० |
| १२ | परिच्छेद ११- | केन्द्रीय लेखा समिति, संसदीय दल, जिल्ला सम्पर्क समिति, भ्रातृ संघ र शुभेच्छुक संस्था | ८३ |
| १३ | परिच्छेद १२- | विविध | ८६ |

# नेपाली कांग्रेसको विधान, २०१७

(संशोधन सहित)

१. पहिलो संशोधन २०५१/११/२३

२. दोस्रो संशोधन २०५४/७/७

३. तेस्रो संशोधन २०५७/१०/७

४. चौथो संशोधन २०६२/५/१५

५. पाँचौ संशोधन २०६४/६/८

६. छैठौं संशोधन २०६६/७/१८

७. सातौँ संशोधन २०६९/१२/२८

८. आठौं संशोधन २०७२/११/२३

९. नवौँ संशोधन २०७५/११/१२

१०. दशौं संशोधन २०७८/०८/२८

११. एघारौँ संशोधन २०८२/०९/३०

## प्रस्तावना

जननायक विश्वेश्वरप्रसाद कोइरालाको सक्रियतामा वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको गठन भई वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसकाबीच सम्पन्न एकीकरण पश्चात् नेपाली कांग्रेसको नामबाट सङ्गठित र सञ्चालित यस पार्टीले जनक्रान्तिद्वारा जहानियाँ राणा शासनको अन्त्य गरी वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,

नेपाली नागरिकको स्नेह एवं विश्वासको जगमा निर्मित वीर शहीदहरूको रगतले सिञ्चित क्रान्तिकारी पार्टीका हैसियतले नेपाली कांग्रेसका नेता सुवर्ण शम्शेर राणाको नेतृत्वको सरकारले सम्पन्न गरेको वि.सं. २०१५ सालको प्रथम संसदीय आम निर्वाचनमा दुई तिहाइभन्दा बढी मतबाट विजयी भई बिपी कोइरालाको नेतृत्वमा सरकार गठन गर्ने सुअवसर प्राप्त यस पार्टीले जनहितका लागि काम गरिरहेको अवस्थामा, वि.सं. २०१७ साल पुस १ गते तात्कालीन राजाबाट प्रजातन्त्रको बलात् अपहरण भएपश्चात् वि.सं. २०४६ सालको अन्त्यसम्म प्रतिवन्धित रूपमा रही प्रजातन्त्र पुन:स्थापनार्थ निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्ध वि.स.२०४२ सालको सत्याग्रह र राजनीतिक अभियान तथा सबै आन्दोलन समेतका अनवरत सङ्घर्षलाई सम्झना गर्दै,

वि.सं. २०४६ सालमा नेपाली कांग्रेसको आह्वान र सर्वमान्य नेता गणेशमान सिंहको नायकत्वमा तात्कालीन राजाको निरङ्कुशता र निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्धमा शान्तिपूर्ण जन-आन्दोलन गरी प्रजातन्त्रको पुनःस्थापना गर्न सफल भएपश्चात् नेपाली नागरिकलाई सार्वभौमसत्ता सम्पन्न नागरिकका रूपमा पुनर्स्थापित गर्नाका साथै संवैधानिक राजतन्त्र, मानव अधिकार, संसदीय शासन प्रणाली र बहुदलीय व्यवस्थालाई प्रत्याभूत गर्न सफल भएको इतिहासलाई स्मरण गर्दै,

नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले नेतृत्व गर्नु भएको सरकारले वि.स. २०४७ सालमा, संवैधानिक राजतन्त्र र बहुदलीय शासन व्यवस्था सहितको संविधान जारी गरी सो संविधान अन्तर्गत तीनवटा संसदीय आम निर्वाचन, दुई वटा स्थानीय निकायको निर्वाचन गरी प्रजातन्त्र सुदृढ हुँदै गैरहेको र जनहितका कार्यहरू भैरहेको अवस्थामा वि.स. २०५९ सालमा शुरू भएको राजाको प्रतिगामी कदमबाट संसदीय शासन प्रणाली र बहुदलीय प्रजातन्त्र लगायतका संवैधानिक व्यवस्थाहरू क्षतविक्षत बनाइएपछि, नेपाली कांग्रेसको आह्वानमा नेपाली कांग्रेँसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा राजाको प्रतिगमनका विरूद्ध नागरिकको सर्वोच्चता स्थापित गराउन संचालन भएको संघर्षलाई निरन्तरता दिँदै, देशका राजनीतिक दलहरूसंग समन्वय गरी संचालन भएको वि.स. २०६२/०६३ सालको शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा संसद् पुनर्स्थापना गरेको गौरवमय कीर्तिमान र तत्पश्चात् गिरिजाप्रसाद कोइरालाकै प्रधानमन्त्रीत्वमा बनेको सरकारको नेतृत्वमा प्रारम्भ भएको शान्ति प्रक्रिया र संसद्ले नेपालको अन्तरिम संविधान २०६३ जारी गरी सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले नागरिकमा स्थापित गरेको ऐतिहासिक घटनालाई स्मरण गर्दै,

नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) बीच भएको एकीकरणपश्चात् वि.स. २०६४ साल असोजमा बी.पी. स्मृति भवन, बी.पी. नगर, सानेपा, ललितपुरमा भएको महासमितिको बैठकले देशमा संघीय गणतन्त्रात्मक राज्य संरचना एवं बहुदलीय संसदीय लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्न गरेको निर्णय र नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले संविधानसभाको निर्वाचन गरी गणतन्त्र कार्यान्वयनको लागि वि.स. २०६५ साल जेष्ठ १५ गते संविधानसभाको पहिलो बैठकमा पेश गरेको प्रस्ताव पारित भई नेपालमा राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक उपलब्धिप्रति गर्व गर्दै,

नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा दोस्रो संविधानसभाबाट वि.स. २०७२ सालमा बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गरी जारी गरेको ऐतिहासिक कीर्तिमानप्रति गर्व गर्दै,

वि.स. २०७४ सालमा पार्टीका सभापति शेरबहादुर देउवाको नेतृत्वमा स्थानीय, प्रदेश र संघीय तीनै तहको निर्वाचन स्वतन्त्र, निश्पक्ष र शान्तिपूर्ण तवरले सम्पन्न गरी नागरिकका आकांक्षा अनुरुप बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयन गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,

वि.स. २०८२ साल भदौ २३ र २४ गते नेपालको नवयुवाहरूको आह्वानमा भएको विद्रोहमा प्रकट भएको सुशासन, भ्रष्टाचारमुक्त राज्य संरचना, युवा प्रतिनिधित्व र परिवर्तनको भावनालाई मनन गर्दै,

नेपाली कांग्रेसले आफ्नो जन्मकालदेखि मौलिक रुपमा नेपालको सन्दर्भमा प्रतिपादन गरेको राष्ट्रियता, लोकतन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण, गतिशील, स्वतन्त्र र समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिवद्धता र यस पार्टीका नेता एवं कार्यकर्ताले गरेको त्याग, तपस्या र बलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिन बलिदान हुने एवं हिंसात्मक द्वन्द्वको बेलामा समेत पार्टी सिद्धान्त र मुलुकमा स्थायी शान्तिका निमित्त जीवन उत्सर्ग गर्ने श्रद्धेय वीर शहीदहरूको शहादतलाई सम्मान गर्दै,

राष्ट्रियता र लोकतन्त्रको संरक्षण र संवर्द्धन गर्दै लोकतान्त्रिक समाजवादको आदर्श अनुरुप समानुपातिक समावेशी सिद्धान्तका आधारमा नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गरी राजनीतिक, सामाजिक र आर्थिक विकास गर्न तथा समुन्नत नेपाल सम्मानित नेपालीको ध्येयलाई पुरा गर्न नेपाली कांग्रेसलाई बदलिएको समयमा संरचनागत र संगठनिक सुधार गर्न तथा एकताबद्ध, सुसङ्गठित र नेतृत्वदायी राजनीतिक दलका रूपमा सञ्चालन गर्नका लागि, नेपाली कांग्रेसको विधान, २०१७ लाई समसामयिक, व्यावहारिक र वैज्ञानिक बनाउन वाञ्छनीय भएकोले,

२०८२ पौष २७ देखि ३० गतेसम्म काठमाण्डौंमा सम्पन्न नेपाली कांग्रेसको विशेष केन्द्रीय महाधिवेशन बाट स्वीकृत भई संशोधन सहित यो विधान लागू भएको छ।

## परिच्छेद-१

## नाम, प्रारम्भ, आदर्श, उद्देश्य र परिभाषा

१. **नाम र प्रारम्भ :** (१) यस विधानको नाम "नेपाली कांग्रेसको विधान २०१७" (संशोधन सहित) भनिने छ।

(२) यो विधान तुरून्त प्रारम्भ हुनेछ।

(३) यस विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(४) नेपाली कांग्रेस पार्टीको सम्पूर्ण काम कारवाही यसै विधानमा लेखिए अनुसार हुनेछ।

२. **आदर्श र उद्देश्यः**

**(१) आदर्शः**

राष्ट्रियता, लोकतन्त्र र समाजवाद नेपाली कांग्रेसका आदर्श हुन् ।

**(२) उद्देश्यः**

राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट प्रत्येक नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक एवं धार्मिक अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति गर्दै, नागरिकको सुरक्षा, संरक्षण र समान अवसर उपलब्ध गराउन, न्यायपूर्ण, समतामूलक, गतिशील र शान्तिपूर्ण लोकतान्त्रिक समाज निर्माण गरी सम्पन्न नागरिक र समुन्नत राष्ट्र निर्माण गर्दै राजनीतिक, सामाजिक तथा आर्थिक विकासको लक्ष्य पूरा गर्ने र विश्वशान्ति एवं भ्रातृत्व कायम गर्दै विश्वसामु नेपाललाई अखण्ड, सम्पन्न र स्वाभिमानी राष्ट्रका रुपमा परिचित गराउने नेपाली कांग्रेसको उद्देश्य हुनेछ ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा;-

(१) "विधान" भन्नाले नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) लाई बुझाउनेछ ।

(२) "सदस्य" भन्नाले यसै विधान अनुसारका नेपाली कांग्रेसको सदस्य र नेपाली कांग्रेसको क्रियाशील सदस्यलाई बुझाउनेछ ।

(३) "क्षेत्र" भन्नाले टोल, गाउँ वडा, नगर वडा, गाउँपालिका, नगरपालिका, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश क्षेत्र समेतलाई बुझाउनेछ ।

(४) "पदाधिकारी" भन्नाले नेपाली कांग्रेसको केन्द्रीय र प्रदेश कार्यसमितिका सभापति, उप-सभापति, महामन्त्री, कोषाध्यक्ष र सह-महामन्त्रीलाई बुझाउने छ र सो शब्दले अन्य सबै तहका सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र सह-सचिवलाई समेत जनाउनेछ ।

(५) "निकाय" भन्नाले यस विधानमा व्यवस्था गरिएका पार्टीका सबै तहका कार्यसमिति, सबै तहका अधिवेशन, महाधिवेशन, महासमिति, प्रतिष्ठान, पार्टीका विभाग, समिति, कार्यदल लगायत पार्टीका सबै संरचनालाई बुझाउनेछ ।

(६) "भ्रातृ संघ" भन्नाले नेपाली कांग्रेसको आदर्श, उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय र अन्य रचनात्मक क्रियाकलापमा संलग्न यसै विधानको

धारा ४२ (१) बमोजिम गठन भएका भ्रातृ संघलाई बुझाउनेछ ।

(७) "शुभेच्छुक संस्था" भन्नाले पार्टीले अँगालेका आदर्श र उद्देश्यका निम्ति क्रियाशील र सहयोगी रहने यसै विधानको धारा ४२ (२) बमोजिम गठन भएका लोकतान्त्रिक संघ, संस्था र समूहलाई जनाउनेछ ।

(८) "पार्टी" वा दल भन्नाले नेपाली कांग्रेसलाई बुझाउनेछ ।

(९) "संसदीय दल" भन्नाले नेपाली कांग्रेस पार्टीको संघीय संसदीय दललाई बुझाउनेछ । सो शब्दले प्रदेशमा नेपाली कांग्रेसको प्रदेश सभा संसदीय दललाई समेत बुझाउनेछ ।

(१०) "सांसद" भन्नाले पार्टीका तर्फबाट प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभाका सदस्यहरु र कानून बमोजिम पार्टीमा समावेश हुन आएका अन्य सांसदहरू समेतलाई जनाउनेछ ।

(११) "तह" भन्नाले यस विधान बमोजिम गठन हुने टोल, गाउँपालिका नगरपालिका वडा, गाउँपालिका, नगरपालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिलाई बुझाउनेछ ।

(१२) "केन्द्र" भन्नाले केन्द्रीय कार्यसमिति र पार्टीको केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ ।

(१३) "प्रदेश" भन्नाले प्रदेश कार्यसमिति र पार्टीको प्रदेश कार्यसमितिको कार्यालयलाई समेत बुझाउनेछ ।

(१४) "नगरपालिका" भन्नाले यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक उपमहानगरपालिका र महानगरपालिकालाई समेत बुझाउनेछ ।

(१५) "कार्यकारिणी पद" भन्नाले सबै तहका कार्यसमितिका पदाधिकारी र सदस्यलाई जनाउनेछ, सो शब्दले अधिवेशनका प्रतिनिधि र महाधिवेशन प्रतिनिधिलाई जनाउने छैन ।

(१६) "नियमावली" भन्नाले यस विधान बमोजिमको नियमावलीलाई बुझाउनेछ ।

(१७) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नियमावली, निर्देशिका र कार्यविधिमा उल्लेख भएको वा केन्द्रीय कार्यसमितिले निर्णय गरी परिपत्र जारी गरेकोलाई समेत बुझाउनेछ ।

## परिच्छेद-२

## सदस्यता

**४. नेपाली कांग्रेसमा देहाय बमोजिमका सदस्य रहने छन् :**

(१) नेपाली कांग्रेसको सदस्य ।

(२) नेपाली कांग्रेसको क्रियाशील सदस्य ।

**(१) नेपाली कांग्रेसको सदस्यता प्राप्त गर्ने योग्यताः**

(क) देहायको योग्यता पुगेको नेपाली नागरिक तोकिए बमोजिमको शुल्क बुझाई नेपाली कांग्रेसको सदस्य बन्न सक्नेछ ।

(१) १८ वर्ष उमेर पूरा भएको ।

(२) नेपाली कांग्रेसको आदर्श, उद्देश्य, नीति र विधानमा आस्था भएको ।

(३) नेपाली कांग्रेसको अनुशासनभित्र रहन मन्जुर गरेको ।

(४) प्रचलित कानुनले राजनीतिक दलको सदस्य हुन अयोग्य नठहरिएको ।

(५) नेपाली कांग्रेसको सदस्यता प्राप्तिको आवेदन फारममा उल्लेखित प्रतिज्ञा/सपथ लिन मन्जुर गरेको ।

(६) अन्य राजनीतिक दलको सदस्य नभएको वा सदस्यता त्याग गरेको ।

**(२) नेपाली कांग्रेसको क्रियाशील सदस्यताः** धारा ४ (१) बमोजिमको योग्यता भएको व्यक्तिले नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्तिका लागि तोकिए वमोजिमको आवेदन फारम भरी आफ्नो सदस्यता भएको पार्टी वडा कार्यसमितिको कार्यालयमार्फत् तोकिए बमोजिमको शुल्क सहित आवेदन गर्न सक्नेछ ।

**(३) देहाय बजोजिमको योग्यता पुगेको नेपाली कांग्रेसको सदस्यले नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गर्नेछ ।**

(क) पार्टीको उद्देश्य, नीति, कार्यक्रमलाई निरन्तर सहयोग पुऱ्याउँदै आएको ।

(ख) निर्वाचनमा पार्टीको निर्देशनमा सक्रियतापूर्वक संलग्न रहेको र निर्वाचनको समयमा पार्टी र उम्मेदवारको पक्षमा काम गरेको ।

(ग) पार्टीका विभिन्न कार्यक्रम, अभियान वा आन्दोलनको क्रममा विभिन्न कष्ट, यातना, जेल वा निर्वासन भोगेको ।

(घ) पार्टीले आयोजना गरेको प्रशिक्षण, गोष्ठी, अन्तरक्रिया लगायत राजनीतिक, सामाजिक, सांस्कृतिक एवं विविध रचनात्मक कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागी भएको ।

(ङ) पार्टी वा भ्रातृ संघको माध्यमबाट विकास निर्माण र अन्य सामाजिक कार्यमा सक्रिय रहेको ।

(च) प्रचलित कानूनले राजनीतिक दलको सदस्यता लिन अयोग्य नठहराएको ।

(छ) आफू जिम्मा रहेको वा आफूले तोकिए बमोजिम बुझाउनु पर्ने पार्टीको रकम वा सम्पत्ति बुझाउन बाँकी नरहेको वा बुझाउन नपर्ने गरी सम्बन्धित निकायले निर्णय गरेको ।

(ज) आफू प्रतिनिधि सदस्य भएको अधिवेशन र सम्मेलनमा वा उपस्थित हुनु पर्ने बैठक, अधिवेशन, सम्मेलन वा पार्टीले उपस्थित हुन निर्देशन गरेको स्थान र कार्यक्रममा भाग लिएको ।

(झ) जिल्लाभित्र पार्टीको आयोजनामा सञ्चालन भएका विभिन्न कार्यक्रमहरूमा उपस्थित भई सक्रियतापूर्वक जिम्मेवारी पूरा गरेको ।

तर, पार्टीको अन्य जिम्मेवारीमा जिल्लाबाहिर रहनु पर्ने सदस्यका हकमा र प्रजनन अवधिमा बसेकी महिलाको हकमा यो व्यवस्थाले वाधा पुर्‍याउने छैन ।

(ञ) पार्टी अनुशासन वा आचार संहिताको उल्लङ्घनमा पार्टीबाट कारवाईमा नपरेको ।

**(४) नेपाली कांग्रेसको सदस्यता प्रदान गर्ने कार्यविधिः**

(क) नेपाली कांग्रेसको सदस्यको आवेदन फारम अनलाइन र पार्टीको सबै निकायमा उपलब्ध हुनेछ ।

(ख) नेपाली कांग्रेसको सदस्यता लिन चाहने व्यक्तिले आवेदन पत्रमा उल्लेखित प्रतिवद्धतामा मन्जुर भई आफ्नो सम्पूर्ण विवरण उल्लेख गरी आफ्नो मतदाता नामावलीमा नाम भएको नेपाली कांग्रेस टोल वा वडा कार्यसमितिको कार्यालय वा पार्टीको जुन सुकै कार्यसमितिमा आवेदन दिन सक्नेछ। प्राप्त आवेदनको आधारमा पार्टी निकायले तुरन्त सदस्यता प्रदान गर्नेछ । सम्बन्धित वडा बाहेकको निकायले सदस्यता प्रदान गरेमा सोको जानकारी सम्बन्धित वडा कार्यसमितिलाई गराउनेछ। वडा कार्यसमितिले सबै सदस्यको अभिलेख राखी पार्टीको माथिल्लो निकायमा पठाउनेछ ।पार्टीको जिल्ला कार्यसमितिले मातहतका सवै निकायलाई सदस्यताको विवरण अद्यावधिक राख्न लगाउने र जिल्लाभरिको विवरण जिल्ला कार्यसमितिमा राखी प्रत्येक छ महिनामा प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिमा पठाउनेछ ।

**(५) नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्ने कार्यविधिः**

(क) वडा कार्यसमितिले नियमित रुपमा क्रियाशील सदस्यताको सिफारिस गरी गाउँपालिका/नगरपालिका कार्यसमितिमा पठाउनु पर्नेछ। वडा कार्यसमितिले

वडा कार्यसमितिको बैठक गरी सोही बैठकमा वडा भित्रका क्रियाशील सदस्य समेत आमन्त्रण गरी अनलाइन सदस्यता आवेदन समेत हेरी क्रियाशील सदस्यता दिनुपर्ने व्यक्तिको नाम कार्यसमितिको बैठकवाट निर्णय गरी राय साथ गाउँपालिका/नगरपालिका कार्यसमिति र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा पठाउनेछ ।

(ख) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले सिफारिस प्राप्त भएको बढीमा एक हप्ताभित्र प्राप्त सिफारिसमा योग्यता पुगेका व्यक्तिलाई कार्यसमितिको बैठकवाट निर्णय गरी क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय गर्नेछ। प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले सदस्यताको सम्पूर्ण विवरण राखी मातहतका निकायलाई राख्न लगाउने र जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिमा पठाउनेछ ।

(ग) नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गर्न योग्यता पुगेको व्यक्तिले अनलाइनमार्फत सदस्यताका लागि आवेदन दिएमा केन्द्रीय कार्यालयले सो को विवरण सम्बन्धित वडा कार्यसमितमा पठाउनेछ र वडाले सदस्यता प्रदान गर्नुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम आवेन प्राप्त योग्यता पुगेको व्यक्तिलाई वडा कार्यसमितिले सदस्यता प्रदान नगरेमा केन्द्रले निजलाई सदस्यता उपलब्ध गराउन आवश्यक व्यबस्था गर्नेछ। योग्यता पुगेको कोही पनि व्यक्ति सदस्यता लिन चाहेमा सदस्यताबाट बञ्चित हुनेछैन ।

(ङ) नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय भएको सदस्यलाई केन्द्रीय सभापति, प्रदेश सभापति र जिल्ला सभापतिको हस्ताक्षर भएको नेपाली कांग्रेसको क्रियाशील सदस्यताको प्रमाण पत्र प्रदान गरिनेछ ।

**(६) नेपाली कांग्रेसको सदस्यता नवीकरण गर्ने कार्यबिधिः** नेपाली कांग्रेसको सदस्यता नवीकरण गर्न चाहने सदस्यले प्रत्येक वर्ष आफू सदस्य रहेको वडा कार्यसमितिमा नवीकरणका लागि तोकिए बमोजिम आवेदन दिनु पर्नेछ । वडा कार्यसमितिले सदस्यता नवीकरण गर्नेछ ।

**(७) नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरण गर्ने कार्यविधिः**

(क) नेपाली कांग्रेसको क्रियाशील सदस्यले प्रत्येक वर्ष क्रियाशील सदस्यता नवीकरण गर्नु पर्नेछ । क्रियाशील सदस्यता नवीकरण गर्न वडा कार्यसमितिमा तोकिए बमोजिमको आवेदन दिनु पर्नेछ। वडा कार्यसमितिले धारा ४ (३) बमाजिमको योग्यता पुगेको क्रियाशील सदस्यको सदस्यता नवीकरण गर्न फारम प्राप्त

भएको दुई हप्ताभित्र गाउँपालिका/नगरपालिका र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति र जिल्ला कार्यसमतिमा सिफारिस गरी पठाउनेछ ।

(ख) जिल्ला कार्यसमितिले आवेदन उपर बढीमा दुई हप्ताभित्र निर्णय गरी आवेदक र मातहतका सिफारिस गर्ने सबै निकायलाई निर्णयको जानकारी गराउनेछ । एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रदेश सभा क्षेत्रीय कार्यसमितिले जिल्ला कार्यसमितिमा पठाउनेछ ।

(ग) विभिन्न तहका कार्यसमितिले राय व्यक्त गर्दा क्रियाशील सदस्यता नवीकरणका लागि विधान बमोजिम योग्यता पुगे नपुगेको हेर्नुका साथै पछिल्लो स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनमा आवेदकको भूमिका र अन्य जिम्मेवारी पुरा गरे नगरेको समेत हेर्नेछ । यसका लागि आवश्यक परे विभिन्न तहका निर्वाचनका उम्मेदवारको राय पनि लिन सक्नेछ ।

(घ) पार्टीका सबै तहका कार्यसमितिले सदस्यताको विवरण र सदस्यता नवीकरण गरे नगरेको अद्यावधिक गरी राख्नु पर्नेछ । जिल्ला कार्यसमितिले सदस्यता र नवीकरण गरेको अभिलेख आफूसंग राखी प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिमा पठाउनेछ र मातहतका निकायलाई अभिलेख राख्न लगाउनेछ।

(ङ) क्रियाशील सदस्यताको नवीकरण गर्न चाहने सदस्यले नवीकरण गर्दा नवीकरण गर्न योग्यता पुगेको प्रमाण सहित सदस्य स्वयं वडा कार्यसमितिको कार्यालयमा उपस्थित भई नवीकरणको आवेदन दिनु पर्नेछ ।

**(८) क्रियाशील सदस्यता र क्रियाशील सदस्यता नवीकरण सम्बन्धी उजुरी, छानविन र पुनरावेदनः**

**(क) नयाँ क्रियाशील सदस्यता सम्बन्धी उजुरी**

(१) नयाँ क्रियाशील सदस्यता आवेदन फारम लिन अस्वीकार गरेको वा सदस्यता नदिने गरी निर्णय गरेको वा तोकिएको अवधिभीत्र सदस्यता दिने निर्णय नगरेको वा क्रियाशील सदस्यता पाउनु पर्ने व्यक्तिले नपाएको वा नपाउनु पर्ने व्यक्तिले पाएकोमा चित्त नबुझेमा सम्बन्धित आवेदक वा अन्य कुनै व्यक्ति वा निकायले उपधारा ८ (ग) बमो जिम गठीत जिल्ला स्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानविन समितिमा उजुरी दिन सक्नेछ ।

**(ख) क्रियाशील सदस्यता नवीकरण सम्बन्धी उजुरी**

(१) नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरणका लागि आवेदन फारम लिन अस्वीकार गरेको वा नवीकरण नगर्ने निर्णय गरेको वा तोकिएको

अवधिभित्र नवीकरण नगरिदिएको वा नवीकरण हुनु पर्ने व्यक्तिको नवीकरण नगरिदिएको र नवीकरण नहुनु पर्ने व्यक्तिको नवीकरण गरिदिएकोमा चित्त नबुझेमा सम्बन्धित आवेदक वा अन्य कुनै व्यक्ति वा निकायले उपधारा ८ (घ) बमोजिम गठीत प्रदेश स्तरीय क्रियाशील सदस्यता छानविन पुनरावेदन समितिमा उजुरी दिन सक्नेछ ।

**(ग) क्रियाशील सदस्यता प्रारम्भिक छानविन समिति**

(१) नेपाली कांग्रेसको क्रियाशील सदस्यता सम्बन्धमा उपधारा ८ (क) (१) बमोजिमको उजुरी हेर्न जिल्ला स्तरमा जिल्ला कार्यसमितिको सभापतिको संयोजकत्वमा कार्यसमितिका सचिव सदस्य रहेको क्रियाशील सदस्यता प्रारम्भिक छानविन समिति रहनेछ । उक्त समितिले उजुरी हेरी बढीमा पन्ध्र दिनभित्र निर्णय गरी मातहत निकायलाई निर्देशन र सम्बन्धित व्यक्तिलाई जानकारी गराउनेछ । क्रियाशील सदस्यता प्रारम्भिक छानविन समितिले गरेको निर्णयमा चित्त नबुझेको व्यक्ति वा पार्टी निकायले जानकारी पाएको पन्ध्र दिनभित्र क्रियाशील सदस्यता छानविन पुनरावेदन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

**(घ) क्रियाशील सदस्यता छानविन पुनरावेदन समितिः**

(१) प्रदेश तहमा प्रदेश कार्यसमितिको सभापतिको अध्यक्षतामा प्रदेश कार्यसमितिका दुई जना प्रदेश महामन्त्री सदस्य रहेको क्रियाशील सदस्यता छानविन पुनरावेदन समिति गठन हुनेछ। उक्त समितिले प्राप्त पुनरावेदनमा बढीमा पन्ध्र दिनभित्र निर्णय गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन र सम्बन्धित व्यक्तिलाई जानकारी गराउनेछ ।

**(ङ) क्रियाशील सदस्यता केन्द्रीय छानविन समिति**

(१) केन्द्रीय तहमा केन्द्रीय सभापतिको अध्यक्षतामा केन्द्रीय कार्यसमितिका दुई जना महामन्त्री सदस्य रहेको क्रियाशील सदस्यता केन्द्रीय छानविन समिति गठन  हुनेछ। क्रियाशील सदस्यता छानविन पुनरावेदन समितिले गरेको निर्णयमा चित्त नबुझेको कुनै व्यक्ति वा पार्टी निकायले यस समितिमा पुनरावेदन दिन सक्नेछ। यो समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**(९) सदस्यता व्यवस्थापन केन्द्रीय समितिः**

(क) सभापतिले तोकेको महामन्त्रीको संयोजकत्वमा केन्द्रीय कार्यसमितिले तीन

जना केन्द्रीय सदस्य रहेको सदस्यता व्यवस्थापन केन्द्रीय समिति गठन गर्नेछ । उक्त समितिले देशभरिको सदस्यको अभिलेख राख्ने, सम्बन्धित निकायलाई अभिलेख राख्न लगाउने, सदस्यता वितरण र नवीकरणको अनुगमन गर्ने र आवश्यक निर्देशन दिने काम गर्नेछ ।

(ख) सदस्यता व्यवस्थापन केन्द्रीय समितिले विद्युतीय माध्यमवाट सदस्यता वितरण गर्न तोकिए बमोजिम व्यवस्था मिलाउनेछ ।

(ग) सदस्यता व्यवस्थापन केन्द्रीय समितिले कम्तिमा प्रत्येक छ महिनामा आफ्नो आवधिक प्रतिवेदन केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नेछ ।

(घ) सदस्यता व्यवस्थापन केन्द्रीय समितिले सदस्यता सम्बन्धमा मातहतका कुनै पनि निकायलाई सैद्धान्तिक सुझाव वा निर्देशन दिन सक्नेछ ।

(ङ) सदस्यता व्यवस्थापन केन्द्रीय समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(१०) सदस्यता सम्बन्धी अन्य व्यवस्थाः**

(क) आफू सदस्य रहेको कार्यसमितिको क्षेत्राधिकार भित्र रहेका सदस्यको सदस्यता र सदस्यता नवीकरणको अद्यावधिक विवरण हेर्न माग गर्ने कार्यसमिति सदस्यलाई तोकिए बमोजिमको प्रक्रिया पुऱ्याई एक हप्ताभित्र त्यस्तो विवरण उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित कार्यसमितिको सभापतिको हुनेछ ।

(ख) टोल कार्यसमितिदेखि केन्द्रीय कार्यसमिति सम्मका सबै तहले आ-आफ्नो क्षेत्र भित्रको सदस्यको विवरण अद्यावधिक गरी दुरुस्त राख्नु पर्नेछ ।

(ग) नेपाली कांग्रेस पार्टीमा कानून बमोजिम विलय हुने राजनैतिक पार्टीका सदस्य वा भ्रातृ संघ वा शुभेच्छुक संस्था र पार्टी प्रवेश गर्ने अन्य राजनीतिक दलको व्यक्तिलाई केन्द्रीय कार्यसमितिले नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न सक्नेछ । यसरी क्रियाशील सदस्यता प्राप्त गर्ने व्यक्तिले पार्टीको निर्वाचनमा भाग लिने वा पार्टीको कुनै पदमा मनोनयन गर्ने सम्बन्धमा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ । यस धारा बमोजिम क्रियाशील सदस्यता प्राप्त गरेका व्यक्तिहरूको अभिलेख सम्बन्धित जिल्ला र मातहत निकायमा पठाइनेछ ।

(घ) पार्टी परित्याग गरी अर्को पार्टीको सदस्यता लिएको व्यक्ति पुनः पार्टीमा प्रवेश गरेमा नयाँ सदस्यता लिनु पर्नेछ। त्यस्तो व्यक्तिको पुरानो सदस्यता नवीकरण गरिने छैन ।

(ङ) अन्य राजनीतिक दल परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका व्यक्ति, जुन

तहको पदीय दायित्व र जिम्मेवारीमा कायम रहँदा नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेको हो, पार्टीको सोही तहको कार्यसमितिले निर्णय गरी त्यस्तो व्यक्तिलाई नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न आफू माथिको निकाय मार्फत केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्नेछ ।

यसरी नेपाली कांग्रेसमा प्रवेश गरेको व्यक्तिलाई कुनै पनि तहको विशेष पद सिर्जना गरी जिम्मेवारी दिनु पर्ने अवस्था भएमा सम्बन्धित तहको सिफारिसमा केन्द्रीय कार्यसमितिले आवश्यक निर्णय गरी जिम्मेवारी दिन सक्नेछ । केन्द्रीय कार्यसमितिले त्यस्तो अधिकार मातहत निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**स्पष्टिकरण:** यस विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य राजनीतिक दल परित्याग गरी नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेका वा विभिन्न पेशागत क्षेत्र र विज्ञता हाशिल गरेका व्यक्तिको व्यक्तित्वलाई मूल्याङ्कन गरी केन्द्रीय सभापतिले उक्त व्यक्तिलाई पार्टीको केन्द्रीय सदस्यमा मनोनयन लगायत कुनै जिम्मेवारी प्रदान गर्न सक्नेछ । उक्त मनोनयन केन्द्रीय कार्यसमितिबाट अनुमोदन गराउनुपर्नेछ ।

(च) सामान्यतया क्रियाशील सदस्यता मतदाता नामावली भएको स्थानमा हुनेछ । तर कुनै व्यक्ति मतदाता नामावली भएको स्थान भन्दा अन्य स्थानमा पार्टीको तर्फबाट उम्मेदवार भएमा, उम्मेदवार भएको जिल्लाको जुनसुकै वडामा र बसाइसराइ भएमा नेपालको कुनै पनि गाउँपालिका वा नगरपालिकाको वडामा स्थानान्तरण गर्न र पार्टीको निर्वाचनमा भाग लिन सक्नेछ । कुनै पनि व्यक्ति कुनै एक स्थानबाट मात्र सदस्य बन्न सक्नेछ ।

(छ) नेपाली कांग्रेसको सदस्यता शुल्क, नेपाली कांग्रेसको क्रियाशील सदस्यता शुल्क र नवीकरण शुल्क तथा शुल्कको बाँडफाड सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ज) नेपाली कांग्रेसको सदस्यता र क्रियाशील सदस्यताको आवेदन फारम र नवीकरण फारम तोकिए बमोजिम हुनेछ ।

(झ) नेपाली कांग्रेसको क्रियाशील सदस्यताको लोगो तोकिए बमोजिम हुनेछ ।

(ञ) नेपाली कांग्रेसको सदस्यता र नेपाली कांग्रेसको क्रियाशील सदस्यता जहिलेसुकै वितरण गरिनेछ ।

(ट) नेपाली कांग्रेसको सदस्यता आवेदन फारम र प्रमाण पत्र, नेपाली कांग्रेसको क्रियाशील सदस्यता आवेदन फारम र नवीकरण फारम र क्रियाशील सदस्यताको प्रमाण पत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(११) सदस्यताको दर्ता किताव:**

(क) पार्टीको प्रत्येक निकायले सदस्यताको नामावली र अद्यावधिक विवरण सहितको दर्ता किताब तथा अन्य आवश्यक अभिलेख राख्नेछ । सदस्यता दर्ता किताव राखी प्रत्येक निकायले माथिल्लो निकायमा सदस्यता दर्ताको विवरण पठाउनु पर्नेछ ।

(ख) सदस्यता दर्ता कितावमा सदस्यको व्यक्तिगत विवरण, फोटो, प्रारम्भमा सदस्य लिएको मिति, नवीकरणको विवरण, सदस्यले जिम्मेवारी निर्वाह गरेको रेकर्ड समेतको सबै विवरण उल्लेख गरी राख्नु पर्नेछ ।

(ग) प्रत्येक क्रियाशील सदस्यलाई फोटो सहितको सदस्यताको प्रमाण पत्र, पार्टीको कार्यक्रममा उपस्थित भएको र पार्टीले जिम्मा दिएको काम सम्पादन गरेको रेकर्ड राख्नका लागि तोकिए बमोजिमको डायरी र पार्टीको लोगो उपलब्ध गराइनेछ ।

**(१२) विदेशस्थित जनसम्पर्क समितिको सदस्यता सम्बन्धी व्यवस्था:**

(क) नेपाली जनसम्पर्क समितिले "नेपाली जनसम्पर्क समितिको सदस्यता" बनाई वितरण गर्न सक्नेछ ।

(ख) नेपाली कांग्रेसको सदस्यता प्राप्त गर्न योग्यता पुगेको व्यक्तिलाई जनसम्पर्क समितिले नेपाली कांग्रेसको सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गर्नका लागि सम्बन्धित देशको जनसम्पर्क समितिमा तोकिए बमोजिम आवेदन गर्न सक्नेछ । नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रत्येक वर्ष नवीकरण हुनेछ । नेपाली जनसम्पर्क समितिले क्रियाशील सदस्यता प्राप्तिका लागि र नवीकरणका लागि प्राप्त आवेदनमा छानविन गरी कार्यसमितिको बैठकको निर्णय र तोकिए बमोजिमका अन्य विवरण सहित केन्द्रमा सिफारिस गर्नेछ ।

(घ) यसरी सदस्यताको सिफारिस पठाउँदा सम्बन्धित सदस्यको नेपालको स्थायी घर, ठेगाना र मतदाता नामावलीमा नाम भएमा सो समेत स्पष्ट खुलाई पठाउनु पर्नेछ ।

(ङ) सदस्यता व्यवस्थापन केन्द्रीय समितिले आवश्यक छानविन गरी सदस्यता प्रदान गर्ने निर्णय गर्नेछ । निर्णय गरिएका सदस्यको विवरण मतदाता नामावलीमा नाम समावेश भएको स्थान वा स्थायी ठेगाना रहेको प्रदेश कार्यसमिति लगायत मातहतका सम्बन्धित निकायमा पठाउनेछ । साथै, सोको जानकारी सम्बन्धित व्यक्ति र जनसम्पर्क समितिमा पठाउनेछ ।

(च) जनसम्पर्क समितिहरू र जनसम्पर्क समितिसंग आवद्ध सदस्यको नेपाली कांग्रेसको सदस्यता र नेपाली कांग्रेसको क्रियाशील सदस्यता शुल्क र नवीकरण शुल्क सहितका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(छ) नेपाली कांग्रेसको क्रियाशील सदस्य रहेको व्यक्तिको तोकिए बमोजिमको प्रक्रिया पुरा गरी विदेशस्थित जनसम्पर्क समितिहरूमा र विदेशस्थित जनसम्पर्क समितिमा पार्टीको सदस्य रहेको व्यक्तिको सदस्यता नेपालमा सम्बन्धित व्यक्तिको मतदाता नामावली रहेको स्थानमा स्थानान्तरण हुन सक्नेछ । साथै, एउटा जनसम्पर्क समितिबाट नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेको व्यक्ति अर्को देशमा गई वसोवास गरेको भएमा नीजको क्रियाशील सदस्यता तोकिए बमोजिमको प्रक्रिया पुरा गरी स्थानान्तरण हुन सक्नेछ ।

(ज) जनसम्पर्क समितिको सदस्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(१३) पार्टी सदस्यता नरहने:** देहायको अवस्थामा पार्टीको सदस्यता रहने छैन ।

(क) मृत्यु भएमा ।

(ख) पार्टी परित्याग गरेमा ।

(ग) कुनै पनि निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरूद्ध उम्मेदवार भएमा वा त्यस्ता विद्रोही उम्मेदवारको प्रस्तावक/समर्थक भएमा।

(घ) पार्टी अनुशासनको कारवाहीबाट निष्कासित भएमा ।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतबाट दोषी ठहर भएमा ।

(च) अनुशासनको कारवाहीको सिलसिलामा निलम्बनमा परेको सदस्य निलम्बनको अवधिभरी पार्टीको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न र बैठकमा भाग लिन पाउने छैन ।

**(१४) पार्टी सदस्यता सम्बन्धी विशेष व्यबस्था :**

(क) यस विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपधारा लागु भएपछि सदस्यता वितरण र व्यबस्थापनलाई व्यबस्थित बनाउन २०८२ पौषमा सम्पन्न विशेष महाधिवेशन पश्चातको परिस्थितिमा एक पटकका लागि केन्द्रीय कार्यसमितिले विशेष निर्णय गरी पार्टीमा आवद्ध सम्पुर्ण सदस्यलाई पुनः क्रियाशील सदस्यता फारम भर्न लगाइ सदस्यता

अभिलेख अद्यावधिक गर्न सक्नेछ। यसरी सदस्यता अद्यावधिक भइसकेपछि कायम रहेका सदस्यका लागि कांग्रेस परिचयपत्र (Congress ID) प्रदान गरिनेछ।

(ख) खण्ड (क) बमोजिम अद्यावधिक गर्ने प्रयोजनको लागि पार्टी सदस्यता वितरण सम्बन्धी प्रक्रिया, मापदण्ड र समय सीमा तोकिए बमोजिम हुनेछ।

(ग) केन्द्रीय कार्यसमितिबाट तोकिएको समयावधिभित्र अद्यावधिक नगर्ने र Congress ID प्राप्त नगर्ने सदस्यको क्रियाशील सदस्यता स्वतः निष्क्रिय हुनेछ ।

**४ क. विशेष प्रवेश (ल्याट्रल इन्ट्री)**

(क) विभिन्न पेशागत वा विषयगत क्षेत्र तथा रोजगारीमा विशेष अनुभव हासिल वा योगदान प्रदान गरेका वा विदेशमा बसी कुनै विषयगत क्षेत्रमा काम गरेको व्यक्तिलाई निजले सम्बन्धित क्षेत्रमा पुऱ्याएको योगदानलाई मुल्याङ्कनको आधार मानि केन्द्रले विशेष प्रवेशको माध्यमबाट सदस्यता प्रदान गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(ख) विशेष प्रवेश सम्बन्धि मापदण्ड र अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## स्थानीय तह संगठन

**(टोल, गाउँपालिका/ नगरपालिका वडा, गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचिन क्षेत्र, जिल्ला अधिवेशन, सम्मेलन र कार्यसमितिहरु)**

**५. टोल कार्यसमितिः**

**(१) टोल कार्यसमितिको गठनः**

(क) वडा कार्यसमितिले आवश्यकतानुसार नेपाली कांग्रेसको सदस्य र नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्येबाट टोल कार्यसमितिको गठन गर्नेछ ।

(ख) टोल कार्यसमितिमा सभापति, सचिव, सहित बढीमा नौं जना रहनेछन् ।

(ग) टोल कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक वस्नेछ ।

(घ) टोल कार्यसमिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(२) टोल कार्यसमितिको काम, कर्तव्य र अधिकारः**

(क) आफ्नो क्षेत्रभित्रका सदस्यहरुको विवरण राख्ने मतदाताहरुको विवरण राख्ने, अद्यावधिक गर्ने, मतदाता नामावलीमा नाम थपघट गर्ने ।

(ख) सबै तहका निर्वाचनको समयमा पार्टीको प्रचार प्रसार, निर्वाचन तथा मतदानसंग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने र निर्वाचनको समग्र

मूल्याङ्कन र समीक्षा गर्ने तथा माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।

(ग) आफ्नो क्षेत्रभित्रका मतदातासंग निरन्तर सम्पर्क र सम्वाद गर्ने तथा आवश्यकतानुसार सहयोग पुऱ्याउने ।

(घ) समय-समयमा नागरिक हितसंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ङ) पार्टी हितमा अन्य कार्य गर्ने गराउने ।

**(३) टोल सभापतिको काम, कर्तव्य र अधिकारः**

(क) टोलमा पार्टीको नेतृत्व गर्ने ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, टोल कार्यसमिति तथा टोल सम्मेलनको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) उपधारा (१) (ग) बमोजिम टोल कायसमितिको बैठक बोलाउने ।

(घ) टोल कार्यसमितिका पदाधिकारीहरुको कार्यविभाजन गर्ने र आवश्यकतानुसार कार्यविभाजन हेरफेर गर्ने ।

(ङ) टोल कार्यसमितिका सभापतिले आफू आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा आवश्यकतानुसार कार्यवाहक सभापति तोक्नेछ ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. **<u>गाउँपालिका वडा अधिवेशन, गाउँपालिका वडा कार्यसमिति, गाउँपालिका वडा सम्मेलन :</u>**

**(१) गाउँपालिका वडा अधिवेशनः**

(क) गाउँपालिका वडा क्षेत्रभित्रका नेपाली कांग्रेसको क्रियाशील सदस्य गाउँपालिका वडा अधिवेशनका सदस्य हुनेछन् ।

**(२) गाउँपालिका वडा कार्यसमितिको गठनः**

(क) गाउँपालिका वडा अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका सभापति, उपसभापति एक महिला सहित दुई , सचिव एक र सह-सचिव एक ।

(ख) सभापतिले वडा कार्यसमितिका सदस्य मध्येबाट नाम प्रस्ताव गरी निर्वाचित वडा कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(ग) कम्तिमा दुई महिला, एक दलित र तिस वर्ष मुनिको एक युवा सहित सात जना प्रत्यक्ष निर्वाचित सदस्य ।

(घ) गाउँपालिका वडा कार्यसमितिको सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सबै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी क्रियाशील

सदस्यमध्येबाट पाँच जना सदस्य मनोनित गर्न सक्नेछ ।

(ङ) गाउँपालिका वडा कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक वस्नेछ ।

(च) क्षेत्रीय अधिवेशनका प्रतिनिधिलाई गाउँपालिका वडा कार्यसमितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(छ) मातहतका टोल कार्यसमितिका सभापतिलाई गाउँपालिका वडा कार्यसमितिको बैठकमा अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

(ज) एउटै व्यक्ति क्षेत्रीय अधिवेशन प्रतिनिधि र गाउँपालिका वडा कार्यसमितिमा बस्न सक्नेछ ।

**(३) गाउँपालिका वडा क्षेत्रबाट क्षेत्रीय प्रतिनिधिको निर्वाचनः**

(क) (१) एकसय पचास वा सोभन्दा कम क्रियाशील सदस्य भएको वडामा गाउँपालिका वडा अधिवेशनले नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्ये बाट क्षेत्रीय अधिवेशनका लागि कम्तिमा तीन जना महिला, एक श्रमिक वा पेशागत क्षेत्र सहित नौं जना प्रतिनिधि र तिस वर्ष नपुगेको एक महिला सहित तिन जना युवा प्रतिनिधि प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(२) एक सय पचास भन्दा बढी क्रियाशील सदस्य भएको वडामा बढीमा पचपन्नको सीमा भित्र रही प्रति एक सय पचासथप क्रियाशिल सदस्यमा दुई महिला र एक युवा सहित छ जना थप प्रतिनिधि प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(ख) महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, पिछडिएको क्षेत्रबाट माथि (क) बमोजिम प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्याको पचास प्रतिशत संख्यामा वडाको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा तोकिए बमोजिम प्रतिनिधि निर्वाचित गर्नेछ।

(ग) अपाङ्गता भएका र दलित क्रियाशील सदस्य मध्येबाट एक-एक जना प्रतिनिधि।

(घ) वडा सभापति पदेन क्षेत्रीय अधिवेशन प्रतिनिधि हुनेछ ।

**(४) गाउँपालिका वडा कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(क) नेपाली कांग्रेसको सदस्यता वितरणको व्यापक अभियान सञ्चालन गर्ने र सदस्यता निरन्तर वितरण र नवीकरण गर्ने गराउने, तथा यसको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने। क्रियाशील सदस्यता वितरण र नवीकरणको सार्वजनिक सूचना गर्ने ।

(ख) यस विधान बमोजिमको योग्यता पुगेका नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न र क्रियाशील सदस्यता नवीकरण गर्नका लागि टोल कार्यसमितिको राय सहित माथिल्लो निकायमा सिफारिस गर्ने ।

(ग) वडा क्षेत्रभित्र पार्टीको प्रचार प्रसार गर्ने ।

(घ) वडाभित्रका टोल कार्यसमितिहरूकाबीच समन्वय कायम गर्ने तथा आवश्यक सहयोग पुऱ्याउने ।

(ङ) वडा क्षेत्रभित्र कम्तिमा तीन-तीन महिनामा मतदाता र नागरिकसंग सम्पर्क, सम्बाद तथा अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।

(च) वडा क्षेत्रभित्रका मतदाताको नामावली सूची टोल कार्यसमिति समेतको समन्वयमा थपघट भएको अद्यावधिक गर्ने ।

(छ) वडा क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको समीक्षा गरी पार्टीका पक्षमा नागरिकलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने ।

(ज) नागरिकको हितसंग सम्बन्धित कार्यक्रमहरु समय समयमा अभियानका रुपमा सञ्चालन गर्ने गराउने ।

(झ) पार्टीको तर्फबाट वडामा निर्वाचित स्थानीय जनप्रतिनिधि र पार्टीको वडा कार्यसमितिकाबीच समन्वय संयन्त्र बनाई प्रत्येक महिनामा कम्तिमा एक पटक अनिवार्य बैठक बस्नु पर्नेछ ।

(ञ) सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।

(ट) धारा ३२ बमोजिम मातहत निकायबाट प्राप्त राय सहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिस र निर्णय गर्ने ।

(ठ) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति गठन गर्न सक्नेछ ।

(ड) पार्टीको हितमा अन्य आवश्यक कार्य गर्ने गराउने ।

**(५) गाउँपालिका वडा सभापतिको काम, कर्तव्य र अधिकारः**

(क) गाउँपालिका वडामा पार्टीको नेतृत्व गर्ने । वडा अधिवेशन, वडा कार्यसमिति, वडा सम्मेलनको सभापतित्व गर्ने ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, गाउँपालिका वडा अधिवेशन र वडा सम्मेलनको निर्णय तथा गाउँपालिका वडा कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) गाउँपालिका वडा कार्यसमितिका पदाधिकारीहरुको कार्य विभाजन गर्ने र आवश्यकतानुसार कार्य विभाजन हेरफेर गर्ने ।

(घ) उपधारा २ (ङ) बमोजिम गाउँपालिका वडा कार्यसमितिको बैठक बोलाउने।

(ङ) गाउँपालिका वडा कार्यसमितिका सभापतिले आफू आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा आवश्यकतानुसार उप-सभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(६) गाउँपालिका वडा सम्मेलन :**

(क) गाउँपालिका वडा कार्यसमितिले प्रत्येक वर्ष गाउँपालिका वडा सम्मेलन गर्नेछ ।

(ख) गाउँपालिका वडा अधिवेशनका सदस्यहरु गाउँपालिका वडा सम्मेलनका पनि सदस्य हुनेछन् ।

(ग) टोल कार्यसमितिको सभापति सहित पदाधिकारीहरु गाउँपालिका वडा सम्मेलनको पदेन सदस्य हुनेछन् ।

(घ) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना वाहेक अन्य वर्षहरुमा गाउँपालिका वडा सम्मेलन बस्नेछ ।

(ङ) गाउँपालिका वडा सम्मेलनले निर्वाचन वाहेक गाउँपालिका वडा अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(च) गाउँपालिका वडा सम्मेलनले विभिन्न कार्यक्रमहरू स्वीकृत गर्न सक्नेछ ।

(छ) गाउँपालिका वडा कार्यसमितिले गाउँपालिका वडा सम्मेलनमा वडाभित्रका आवश्यक व्यक्तिहरूलाई आमन्त्रित गर्न सक्नेछ ।

**७. <u>नगर/उपमहानगर/महानगरपालिका वडा अधिवेशन, वडा कार्यसमिति, वडा सम्मेलनः</u>**

**(१) नगरपालिका वडा अधिवेशनः**

(क) नगरपालिका वडा क्षेत्रभित्रका नेपाली कांग्रेसका क्रियाशील सदस्यहरू नगरपालिका वडा अधिवेशनका सदस्य हुनेछन् ।

(ख) नगरपालिका वडा कार्यसमितिको सभापति नगरपालिका वडा अधिवेशनको सभापति हुनेछ ।

**(२) नगर/उपमहानगर/महानगरपालिका वडा कार्यसमितिः**

**(क) नगरपालिका वडा कार्यसमितिको गठनः**

(१) नगरपालिका वडा अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका सभापति, उप-सभापति एक महिला सहित दुई, सचिव एक र सहसचिव एक ।

(२) सभापतिले नगरपालिका वडा कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी नगरपालिका वडा कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(३) नगरपालिका वडा अधिवेशनले आफूमध्येबाट कम्तिमा दूइ महिला, एक दलित र तिस वर्ष मुनिको दुई युवा सहित आठ जना प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(४) नगरपालिका वडा कार्यसमितिको सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सवै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी क्रियाशील सदस्यमध्येबाट छ जना सदस्य मनोनित गर्न सक्नेछ ।

(५) नगरपालिका वडा कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(६) प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनका प्रतिनिधिलाई वडा कार्यसमितिको बैठकमा आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

(७) मातहतका टोल कार्यसमितिका सभापतिलाई वडा कार्यसमितिको बैठकमा आमन्त्रण गरिनेछ ।

(८) एउटै व्यक्ति क्षेत्रीय अधिवेशन प्रतिनिधि र नगरपालिका वडा कार्यसमितिमा बस्न सक्नेछ ।

**(ख) उपमहानगरपालिका वडा कार्यसमितिको गठन :**

(१) उपमहानगरपालिका वडा अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका सभापति, उप-सभापति एक महिला सहित दुई, सचिव एक र सह-सचिव एक ।

(२) सभापतिले उपमहानगरपालिका वडा कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी निर्वाचित उपमहानगरपालिका वडा कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(३) उपमहानगरपालिका वडा अधिवेशनले आफूमध्येबाट कम्तिमा तीन महिला, एक दलित, तिस वर्ष मुनिका दुई युवा सहित दश जना प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(४) उपमहानगरपालिका वडा कार्यसमितिको सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सवै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व

समेतलाई ध्यानमा राखी क्रियाशील सदस्यमध्येबाट छ जना सदस्य मनोनित गर्न सक्नेछ ।

(५) उपमहानगरपालिका वडा कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक वस्नेछ ।

(६) प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनका प्रतिनिधिलाई उपमहानगरपालिका वडा कार्यसमितिको बैठकमा आवश्यकतानुसार आमन्त्रण गर्न सक्नेछ ।

(७) मातहतका टोल कार्यसमितिका सभापतिलाई उपमहानगरपालिका वडा कार्यसमितिको बैठकमा आमन्त्रण गरिनेछ ।

(८) एउटै व्यक्ति क्षेत्रीय अधिवेशन प्रतिनिधि र उपमहानगरपालिका वडा कार्यसमितिमा बस्न सक्नेछ ।

**(ग) महानगरपालिका वडा कार्यसमितिको गठन :**

(१) महानगरपालिका वडा अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका सभापति, उप-सभापति एक महिला सहित दुई, सचिव एक र सह-सचिव एक ।

(२) सभापतिले महानगरपालिका वडा कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी निर्वाचित महानगरपालिका वडा कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(३) महानगरपालिका वडा अधिवेशनले आफूमध्येबाट कम्तिमा तिन महिला, एक दलित र तिस वर्ष मुनिको दुई युवा सहित एघार जना प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(४) महानगरपालिका वडा कार्यसमितिको सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सवै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी क्रियाशील सदस्यमध्येबाट सात जना सदस्य मनोनित गर्न सक्नेछ ।

(५) महानगरपालिका वडा कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक वस्नेछ ।

(६) क्षेत्रीय अधिवेशनका प्रतिनिधिलाई महानगरपालिका वडा कार्यसमितिको बैठकमा आवश्यकतानुसार आमन्त्रण गर्न सक्नेछ ।

(७) मातहतका टोल कार्यसमितिका सभापतिलाई महानगरपालिका वडा कार्यसमितिको बैठकमा आमन्त्रण गरिनेछ ।

(८) एउटै व्यक्ति क्षेत्रीय अधिवेशन प्रतिनिधि र महानगरपालिका वडा कार्यसमितिमा बस्न सक्नेछ ।

**(३) नगर/उपमहानगर/ महानगरपालिका वडा क्षेत्रबाट क्षेत्रीय प्रतिनिधिको चयनः**

(क) (१) एक सय पचास वा सो भन्दा कम क्रियाशील सदस्य भएको वडामा नगरपालिका वडा अधिवेशनले नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्येबाट क्षेत्रीय अधिवेशनका लागि कम्तिमा तीन जना महिला, एक श्रमिक वा पेशागत क्षेत्र सहित नौं र तिस वर्ष उमेर नपुगेको युवाबाट एक महिला सहित तिन जना प्रतिनिधि प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(२) एक सय पचास भन्दा बढी क्रियाशिल सदस्य भएको वडामा बढीमा पचपन्नको सीमा भित्र रही प्रति एक सय पचास थप क्रियाशिल सदस्यमा दुई महिला एक युवा सहित छ जना थप प्रतिनिधि प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(ख) महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, पिछडिएको क्षेत्रबाट माथि (क) बमोजिम प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्याको पचास प्रतिशत संख्यामा वडाको जनसंख्याको बनोट अनुसार, तोकिए बमोजिम समानुपातिक आधारमा प्रतिनिधि निर्वाचित गर्नेछ ।

(ग) अपाङ्गता भएका र दलित क्रियाशील सदस्य मध्येबाट एक-एक जना प्रतिनिधि ।

(घ) वडा सभापति पदेन क्षेत्रीय अधिवेशनको प्रतिनिधि हुनेछ ।

**(४) नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(क) नेपाली कांग्रेसको सदस्यता निरन्तर वितरण गर्ने गराउने र यसको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।

(ख) यस विधान बमोजिमको योग्यता पुगेको नेपाली कांग्रेसको सदस्यको सदस्यता नवीकरण गर्नका लागि टोल कार्यसमिति समेतको रायका आधारमा नवीकरण गर्ने ।

(ग) नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न र क्रियाशील सदस्यता

नवीकरण गर्नका लागि माथिल्लो निकायमा सिफारिस गर्ने ।

(घ) नगरपालिका वडा क्षेत्रभित्र पार्टीको प्रचार प्रसार गर्ने ।

(ङ) नगरपालिका वडा क्षेत्रभित्रका टोल कार्यसमितिहरुकाबीच समन्वय कायम गर्ने ।

(च) सबै तहका निर्वाचनमा टोल कार्यसमितिसंग समन्वय गरी मतदान स्थलमा पार्टीका तर्फबाट आवश्यक व्यवस्थापन गर्ने ।

(छ) आवश्यकतानुसार सभा, गोष्ठी, सम्मेलनको आयोजना गर्ने ।

(ज) नगरपालिका वडा क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको समीक्षा गरी पार्टीका पक्षमा नागरिकलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने ।

(झ) कम्तिमा प्रत्येक तीन-तीन महिनामा नगरपालिका वडा क्षेत्रभित्रका नेपाली कांग्रेसको सदस्यको भेला र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।

(ञ) सबै तहका निर्वाचनको समयमा टोल कार्यसमिति समेतको सहभागितामा पार्टीको प्रचार प्रसार, निर्वाचन तथा मतदानसंग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने र निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।

(ट) नगरपालिका वडा क्षेत्रभित्रका विकास निर्माणका कार्यको अनुगमन, मूल्याङ्कन गर्ने र विकास निर्माणका काम सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक पहल गर्ने।

(ठ) नागरिकको हितसंग सम्बन्धित कार्यक्रम समय समयमा अभियानका रूपमा सञ्चालन गर्ने गराउने ।

(ड) पार्टीको तर्फबाट नगर वडामा निर्वाचित स्थानीय जनप्रतिनिधि र पार्टीको नगर वडा कार्यसमितिकाबीच समन्वय संयन्त्र बनाई कम्तिमा दुई महिनामा एक पटक अनिवार्य रुपमा बैठकको आयोजना गर्ने ।

(ढ) सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत पार्टीका गतिविधिको व्यापक प्रचार निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।

(ण) पार्टीद्वारा वर्ष भरिमा सञ्चालन हुने विविध कार्यक्रमको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्य गर्ने गराउने ।

(त) धारा ३२ बमोजिम मातहत निकायबाट प्राप्त राय सहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिस गर्ने ।

(थ) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति गठन गर्ने ।

(द) पार्टीको हितमा अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**(५) नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा सभापतिको काम, कर्तव्य र अधिकार :**

(क) नगरपालिका वडामा पार्टीको नेतृत्व गर्ने । वडा अधिवेशन, वडा कार्यसमिति, वडा सम्मेलनको सभापतित्व गर्ने ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, नगरपालिका वडा अधिवेशन, वडा कार्यसमिति र वडा सम्मेलनको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) नगरपालिका वडा कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकतानुसार कार्य विभाजन हेरफेर गर्ने ।

(घ) नगर/उपमहानगर/महानगरपालिका वडा कार्यसमितिको बैठक बोलाउने ।

(ङ) नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा कार्यसमितिका सभापतिले आफू आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा आवश्यकतानुसार उपसभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(६) नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा सम्मेलन :**

(क) नगरपालिका वडा कार्यसमितिले कम्तिमा प्रत्येक वर्षनगरपालिका वडा सम्मेलन गर्नुपर्नेछ ।

(ख) नगरपालिका वडा अधिवेशनका सदस्य नगर सम्मेलनका पनि सदस्य हुनेछन् ।

(ग) टोल कार्यसमितिका सभापति सहित पदाधिकारी नगरपालिका वडा सम्मेलनका पदेन सदस्य हुनेछन् ।

(घ) नगरपालिका वडा कार्यसमितिको सभापति नगरपालिका वडा सम्मेलनको पनि सभापति हुनेछ ।

(ङ) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना वाहेक अन्य वर्षहरूमा नगरपालिका वडा सम्मेलन बस्नेछ ।

(च) नगरपालिका वडा सम्मेलनले निर्वाचन वाहेक नगरपालिका वडा अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(छ) नगरपालिका वडा सम्मेलनले विभिन्न कार्यक्रमहरू स्वीकृत गर्न सक्नेछ ।

(ज) नगरपालिका कार्यसमितिले सम्मेलनमा वडा भित्रका आवश्यक व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

## ८. गाउँपालिका अधिवेशन, गाउँपालिका कार्यसमिति, गाउँपालिका सम्मेलन :

### (१) गाउँपालिका अधिवेशनः

(क) गाउँपालिकाभित्रका सम्पूर्ण वडाबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि गाउँपालिका अधिवेशनका सदस्य हुनेछन् ।

(ख) गाउँपालिका कार्यसमितिको सभापति गाउँपालिका अधिवेशनको पनि सभापति हुनेछ ।

### (२) गाउँपालिका कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका अधिवेशनले गाउँपालिकाभित्रका वडाबाट निर्वाचित क्षेत्रीय प्रतिनिधिमध्येबाट निर्वाचित गरेकाः सभापति, उप-सभापति एक महिला सहित दुई, सचिव एक र सह-सचिव एक ।

(ख) सभापतिले गाउँपालिका कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी गाउँपालिका कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(ग) प्रत्येक वडा अधिवेशनबाट निर्वाचित भई आउने कम्तिमा एक महिला सहित दुई जना प्रत्यक्ष निर्वाचित सदस्य ।

(घ) कम्तिमा एक महिला सहित तिस वर्ष मुनिको युवा तिन जना प्रत्यक्ष निर्वाचित सदस्य ।

(ङ) दलित समुदायबाट एक महिलासहित दुई जना सदस्य ।

(च) सभापतिले गाउँपालिका कार्यसमितिमा एक तिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था, समावेशी सिद्धान्त, एवम् युवा प्रतिनिधित्व, र अपाङ्गता भएका वा अल्पसंख्यकको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी क्षेत्रीय प्रतिनिधिमध्ये बाट सात जना सदस्य मनोनित गर्नेछ ।

(छ) गाउँपालिका कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक वस्नेछ ।

(ज) गाउँपालिका भित्रका प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनका प्रतिनिधिलाई कार्यसमितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(झ) मातहतका वडा कार्यसमितिका सभापतिलाई गाउँपालिका कार्यसमितिको बैठकमा पदेन सदस्य रहनेछन ।

### (३) गाउँपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार :

(क) गाउँपालिका अधिवेशन, गाउँपालिका कार्यसमिति, गाउँपालिका सम्मेलन र माथिल्लो निकायको निणर्यहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) मातहत निकायबाट प्राप्त सिफारिस अनुसार नेपाली कांग्रेसको क्रियाशील

सदस्यताका लागि माथिल्लो निकायमा सिफारिस गरी पठाउने र सोको अभिलेख राख्ने ।

(ग) यस विधान बमोजिमको योग्यता पुगेका नेपाली कांग्रेसको क्रियाशील सदस्यको सदस्यता नवीकरण गर्नका लागि मातहत तहको राय समेतका आधारमा माथिल्लो तहमा सिफारिस गर्ने ।

(घ) गाउँपालिका अन्तर्गतका वडा कार्यसमितिसंग सम्पर्क र समन्वय गरी पार्टीको हितमा आवश्यक कार्य गर्ने, गराउने ।

(ङ) गाउँपालिका क्षेत्रभित्रका मतदाताको विवरण राख्ने, अद्यावधिक गर्ने, मतदाता नामावलीमा थपघट गर्नु पर्ने कार्य गर्ने, गराउने ।

(च) निर्वाचनको समयमा निर्वाचन तथा मतदानसंग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने र वडा कार्यसमितिसंग समेत समन्वय गरी निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षासहित माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।

(छ) गाउँपालिका क्षेत्रभित्रका विकास निर्माणका कार्यको अनुगमन, मूल्याङ्कन गर्ने र विकास निर्माणका कामलाई सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक पहल गर्ने, गराउने ।

(ज) आफ्नो क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको समीक्षा गरी पार्टीका पक्षमा नागरिकलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने, गराउने ।

(ञ) गाउँपालिका वडा वा गाउँपालिकास्तरका भ्रातृ संघ र शुभेच्छुक संस्थालाई परिचालन र समन्वय गरी आवश्यक निर्देशन दिने ।

(ट) नागरिकका दैनिक हितसंग सम्बन्धित कार्यक्रमहरू समय समयमा अभियानका रूपमा सञ्चालन गर्ने, गराउने ।

(ठ) पार्टीबाट निर्वाचित जनप्रतिनिधिसंग समन्वय गर्ने, साथै पार्टीको तर्फबाट गाउँपालिकामा निर्वाचित स्थानीय जनप्रतिनिधि, पार्टीका उम्मेदवार र गाउँपालिका कार्यसमितिका बीच समन्वय संयन्त्र बनाई प्रत्येक महिनामा कम्तिमा एक पटक बैठक बसी छलफल, परामर्श र आवश्यक निर्णय गर्ने ।

(ड) सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत् पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने, गराउने ।

(ढ) पार्टीद्वारा वर्ष भरिमा सञ्चालन हुने विविध कार्यक्रमको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्य गर्ने, गराउने ।

(ण) आवश्यकतानुसार विभिन्न समिति, उपसमिति गठन गर्ने ।

(त) धारा ३२ बमोजिम मातहत निकायबाट प्राप्त राय सहित पार्टीको तर्फबाट

उम्मेदवारको नाम सिफारिस गर्ने ।

(थ) पार्टीको हितमा तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**(४) गाउँपालिका सभापतिको काम, कर्तव्य र अधिकार :**

(क) गाउँपालिका क्षेत्रमा पार्टीको नेतृत्व गर्ने । गाउँपालिका अधिवेशन, गाउँपालिका कार्यसमिति र गाउँपालिका सम्मेलनको सभापतित्व गर्ने ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, गाउँपालिका अधिवेशन, गाउँपालिका कार्यसमिति तथा गाउँपालिका सम्मेलनको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) गाउँपालिका कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकतानुसार कार्य विभाजन हेरफेर गर्ने ।

(घ) "उपधारा २ (च) बमोजिमको मनोनयन र २ (छ)" बमोजिम गाउँपालिका कार्यसमितिको बैठक बोलाउने ।

(ङ) गाउँपालिका कार्यसमितिका सभापतिले आफू आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा आवश्यकतानुसार उप-सभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(५) गाउँपालिका कार्यसम्पादन समिति :**

(क) गाउँपालिका कार्यसमितिको सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र सह-सचिव पदेन ।

(ख) सभापतिले कार्यसमितिका सदस्य मध्येबाट समावेशी सिद्धान्त एवम् युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी बढीमा सात जनालाई गाउँपालिका कार्यसम्पादन समितिको सदस्यका लागि कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ । उक्त प्रस्तावलाई कार्यसमितिको बहुमतले अनुमोदन गर्नेछ ।

(ग) मातहतका वडा कार्यसमितिका सभापतिलाई गाउँपालिका कार्यसम्पादन समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

**(६) गाउँपालिका कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :**

(क) गाउँपालिका कार्यसमितिको बैठक नभएको बेला गाउँपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार गाउँपालिका कार्यसम्पादन समितिले गर्नेछ ।

(ख) गाउँपालिका कार्यसम्पादन समितिले गाउँपालिका कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

**(७) गाउँपालिका सम्मेलन :**

(क) गाउँपालिका कार्यसमितिले कम्तिमा वर्षमा एक पटक गाउँपालिका सम्मेलन गर्नुपर्नेछ । गाउँपालिका क्षेत्रभित्रका क्षेत्रीय अधिवेशनका प्रतिनिधि तथा वडा कार्यसमितिको पदाधिकारी गाउँपालिका सम्मेलनका सदस्य हुनेछन् ।

(ख) गाउँपालिकाका भ्रातृ/शुभेच्छुक संघ संस्थाका प्रमुखलाई गाउँपालिका सम्मेलनमा आमन्त्रण गरिनेछ ।

(ग) गाउँपालिका कार्यसमितिको सभापति गाउँपालिका सम्मेलनको सभापति हुनेछ ।

(घ) नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना बाहेक अन्य वर्षमा गाउँपालिका सम्मेलन बस्नेछ । गाउँपालिका सम्मेलनले निर्वाचन बाहेक गाउँपालिका अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(ङ) गाउँपालिका सम्मेलनले विभिन्न कार्यक्रम स्वीकृत गर्नेछ ।

(च) गाउँपालिका कार्यसमितिले सम्मेलनमा गाउँपालिकाभित्रका आवश्यक व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

## ९. नगर/उपमहानगर/महानगर पालिका अधिवेशन, कार्यसमिति, सम्मेलन :

**(१) नगर/उपमहानगर/महानगरपालिका अधिवेशनः**

(क) नगर अधिवेशन तथा नगर सम्मेलन र नगर अधिवेशन गठन गर्ने प्रयोजनका लागि नगरपालिका क्षेत्रलाई नगर अधिवेशन तथा नगर सम्मेलनको क्षेत्र मानिनेछ ।

(ख) नगरपालिकाभित्रका वडाबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि नगरपालिका अधिवेशनका सदस्य हुनेछन् ।

(ग) नगरपालिका कार्यसमितिको सभापति नगर अधिवेशनको पनि सभापति हुनेछ ।

(घ) नगर अधिवेशनले नगर कार्यसमितिको गठन गर्नेछ ।

**(२) नगर/उपमहानगर/महानगरपालिका कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः**

(क) नगरपालिका अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका सभापति, उप-सभापति एक महिला सहित दुई, सचिव एक र सह-सचिव एक ।

(ख) सभापतिले कार्यसमितिका निर्वाचित सदस्यमध्येबाट नाम प्रस्ताव गरी निर्वाचित कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(ग) प्रत्येक वडा अधिवेशनबाट निर्वाचित भई आउने कम्तिमा एक महिला सहित दुई जना सदस्य ।

(घ) एक महिला सहित तिस वर्ष मुनिको युवा तिन जना सदस्य ।

(ङ) दलित समुदायबाट एक महिलासहित दुई जना सदस्य ।

(च) सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सवै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी क्षेत्रीय प्रतिनिधिमध्येबाट नगरपालिकामा नौं जना, उपमहानगपालिकामा एघार जना र महानगरपालिकामा तेह्र जना सदस्य मनोनित गर्नेछ ।

(छ) नगर/उपमहानगर/महानगरपालिकाको कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(ज) नगरपालिका भित्रका प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनका प्रतिनिधिलाई कार्यसमितिको बैठकमा आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

(झ) मातहतका वडा कार्यसमितिका सभापति नगरपालिका कार्यसमितिको बैठकमा पदेन सदस्य हुनेछन ।

**(३) नगर/उपमहानगर/महानगर पालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार**

(क) नेपाली कांग्रेसको सदस्यता प्रदान गर्ने, निरन्तर वितरण गर्ने, गराउने र यसको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।

(ख) यस विधान बमोजिमको योग्यता पुगेका नेपाली कांग्रेसको क्रियाशील सदस्यको सदस्यता नवीकरण गर्नका लागि वडा कार्यसमिति समेतको राय सहित माथिल्लो निकायमा सिफारिस गर्ने ।

(ग) नगरपालिका अन्तर्गतका वडा कार्यसमितिलाई परिचालन र समन्वय गरी आवश्यक निर्देशन दिने ।

(घ) नगरपालिका क्षेत्रभित्रका मतदाताको विवरण राख्ने, अद्यावधिक गर्ने, मतदाता नामावलीमा थपघट गर्नु पर्ने कार्य गर्ने, गराउने ।

(ङ) निर्वाचनको समयमा निर्वाचन तथा मतदानसंग सम्बन्धित आवश्यक व्यवस्थापन  गर्ने गराउने र वडा कार्यसमिति समेतको रायको आधारमा निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।

(च) नगरपालिका क्षेत्रभित्रका मतदातासंग निरन्तर सम्पर्क, सम्वाद र सहयोग गर्ने तथा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(छ) नगरपालिका क्षेत्रभित्रका विकास निर्माणका योजना छनौट गरी नगरपालिकामा सिफारिस गर्ने ।

(ज) नगरपालिका अधिवेशन, नगरपालिका कार्यसमिति, नगरपालिका सम्मेलन र माथिल्लो निकायका निणर्य कार्यान्वयन गर्ने, गराउने ।

(झ) कम्तिमा प्रत्येक छ महिनामा नगरपालिका क्षेत्रभित्रका नेपाली कांग्रेसको क्रियाशील सदस्यहरुको भेला र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।

(ञ) नगरपालिका स्तरका भ्रातृ संघ र शुभेच्छुक संस्थालाई परिचालन, समन्वय गरी आवश्यक निर्देशन दिने ।

(ट) समय समयमा पार्टी कार्यकर्ता प्रशिक्षण, गोष्ठी, भ्रमण आदि कार्यक्रमको सञ्चालन गर्ने गराउने ।

(ठ) सार्वजनिक सम्पति, धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहने ।

(ड) नगरपालिकाभित्रका नागरिकका आवश्यकता र समस्याको पहिचान गरि तिनको समाधान गर्न क्रियाशील रहने ।

(ढ) पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरूसंग समन्वय गर्ने र पार्टीको तर्फबाट नगरपालिकामा निर्वाचित स्थानीय जनप्रतिनिधि, पार्टीका उम्मेदवार र नगरपालिका कार्यसमितिकाबीच समन्वय संयन्त्र बनाई प्रत्येक महिनामा कम्तिमा एक पटक बैठक वसी छलफल, परामर्श र आवश्यक निर्णय गर्ने ।

(ण) नागरिकका हितसंग सम्बन्धित कार्यक्रम समय समयमा अभियानका रुपमा सञ्चालन गर्ने, गराउने ।

(त) सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत् पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने, गराउने ।

(थ) पार्टीद्वारा वर्ष भरिमा सञ्चालन हुने विविध कार्यक्रमको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्य गर्ने, गराउने ।

(द) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति गठन गर्ने ।

(ध) धारा ३२ बमोजिम मातहत निकायबाट प्राप्त राय सहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिस गर्ने ।

(न) पार्टीको हितमा तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने, गराउने

**(४) नगर/उपमहानगर/महानगरपालिका सभापतिको काम, कर्तव्य र अधिकार :**

(क) नगरपालिका क्षेत्रभित्र पार्टीको नेतृत्व गर्ने। नगरपालिका अधिवेशन, नगरपालिका कार्यसमिति र नगरपालिका सम्मेलनको सभापतित्व गर्ने ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, नगरपालिका अधिवेशन, नगरपालिका कार्यसमिति र नगरपालिका सम्मेलनको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) नगरपालिका कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकतानुसार कार्य विभाजन हेरफेर गर्ने ।

(घ) "उपधारा २ (च) बमोजिमको मनोनयन र २ (छ)" बमोजिम नगर/उपमहानगर/महानगरपालिका कार्यसमितिको बैठक बोलाउने ।

(ङ) नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका कार्यसमितिका सभापतिले आफू आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा आवश्यकतानुसार उप- सभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(५) नगर/उपमहानगर/महानगरपालिका कार्यसम्पादन समिति :**

(क) कार्यसमितिको सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र सह-सचिव पदेन ।

(ख) सभापतिले कार्यसमितिका सदस्यमध्येबाट समावेशी सिद्धान्त एवम् युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी नग पालिकामा सात, उपमहानगर पालिकामा नौं र महानगरपालिकामा एघार जना कार्यसम्पादन समितिको सदस्यका लागि कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ । उक्त प्रस्तावलाई कार्यसमितिको बहुमतले अनुमोदन गर्नेछ ।

(ग) मातहतका वडा कार्यसमितिका सभापतिलाई कार्यसम्पादन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(६) नगर/उपमहानगर/महानगरपालिका कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार:

(क) कार्यसमितिको बैठक नभएको बेला कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।

**(६) नगर/उपमहानगर/महानगरपालिका कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार:**

(क) कार्यसमितिको बैठक नभएको बेला कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।

(ख) कार्यसम्पादन समितिले कार्यसमितिको बैठकमा आफ्ना निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

**(७) नगरपालिका सम्मेलन:**

(क) नगरपालिका कार्यसमितिले कम्तिमा वर्षमा एक पटक नगरपालिका सम्मेलन गर्नुपर्नेछ। नगरपालिका क्षेत्रभित्रका प्रदेश सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधि नगरपालिका सम्मेलनका सदस्य हुनेछन् ।

(ख) नगरपालिकाका भ्रातृ/शुभेच्छुक संघ संस्थाका सभापतिलाई नगरपालिका सम्मेलनमा आमन्त्रण गरिनेछ ।

(ग) नगरपालिका कार्यसमितिको सभापति नगरपालिका सम्मेलनको पनि सभापति हुनेछ ।

(घ) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना बाहेक अन्य वर्षहरूमा नगरपालिका सम्मेलन बस्नेछ। नगरपालिका सम्मेलनले निर्वाचन बाहेक नगरपालिका अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(ङ) नगरपालिका सम्मेलनले विभिन्न कार्यक्रम स्वीकृत गर्नेछ ।

(च) नगरपालिका कार्यसमितिले नगरपालिका सम्मेलनमा नगरपालिकाभित्रका आवश्यक व्यक्तिहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

**१०. प्रदेश सभा क्षेत्रीय अधिवेशन, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय सम्मेलन:**

**(१) प्रदेश सभा क्षेत्रीय अधिवेशन :**

(क) प्रदेश सभा क्षेत्रीय अधिवेशन तथा प्रदेश सभा क्षेत्रीय सम्मेलन गठन गर्ने प्रयोजनका लागि प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रलाई प्रदेश सभा क्षेत्रीय अधिवेशन तथा प्रदेश सभा क्षेत्रीय सम्मेलनको क्षेत्र मानिनेछ ।

**(२) प्रदेश सभा क्षेत्रीय अधिवेशनमा देहाय बमोजिमका प्रतिनिधि सदस्य हुनेछन् :**

(क) प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका गाउँ/नगर/उपमहानगर/महानगरपालिका वडा अधिवेशनबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि ।

(ख) प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका गाउँ/नगर/उपमहानगर/महानगरपालिका कार्यसमितिका सभापति र वडा कार्यसमितिका सभापति ।

(घ) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको सभापतिले प्रदेश सभा क्षेत्रीय अधिवेशनको सभापतित्व गर्नेछ ।

**(३) प्रदेश सभा क्षेत्रीय कार्यसमिति :**

(क) प्रदेश सभा क्षेत्रीय अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका:

(१) सभापति, उप-सभापति एक, सचिव एक र सह-सचिव एक महिला सहित दुई ।

(२) सभापतिले प्रदेश प्रतिनिधि मध्येबाट नाम प्रस्ताव गरी प्रदेशसभा क्षेत्रीय कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(३) दुई महिला, एक दलित र तिस वर्ष मुनिको एक युवा सहित सात जना प्रत्यक्ष निर्वाचित सदस्य ।

(४) महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम, अपाङ्गता, अल्पसंख्यक, पिछडिएको क्षेत्रबाट छ जना सदस्य सम्पूर्ण क्षेत्रको जनसंख्याको बनोट अनुसार, तोकिए बमोजिम समानुपातिक आधारमा निर्वाचित ।

(ख) सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सवै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी सात जना सदस्य मनोनित गर्न सक्नेछ।

(ग) मातहतका गाउँपालिका र नगरपालिकाका सभापति पदेन सदस्य रहनेछन् ।

(घ) मातहतका वडा कार्यसमितिका सभापतिलाई कार्यसमितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(ङ) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नेछ ।

**(४) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश सभा क्षेत्रीय अधिवेशन, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय सम्मेलन र माथिल्लो निकायको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने।

(ख) आफू मातहतका गाउँपालिका र नगरपालिका कार्यसमितिबाट स्वीकृत नेपाली कांग्रेसको क्रियाशील सदस्यताको प्राप्त विवरणको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।

(ग) यस विधान बमोजिमको योग्यता पुगेका नेपाली कांग्रेसको क्रियाशील सदस्यको सदस्यता नवीकरण गर्नका लागि मातहत निकायबाट प्राप्त सिफारिस रायसहित माथिल्लो निकायमा पठाउने ।

(घ) प्रदेश सभा निर्वाचन क्षेत्र अन्तर्गतका नगरपालिका, गाउँपालिका र मातहतका कार्यसमितिलाई परिचालन र समन्वय गरी आवश्यक निर्देशन दिने ।

(ङ) प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका मतदाताको विवरण राख्ने, अद्यावधिक गर्ने, मतदाता नामावलीमा थपघट गर्नु पर्ने कार्य गर्ने गराउने ।

(च) निर्वाचनको समयमा निर्वाचन तथा मतदानसंग सम्बन्धित आवश्यक

व्यवस्थापन  गर्ने र निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।

(छ) प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका मतदातासंग निरन्तर सम्पर्क, सम्वाद र सहयोग गर्ने तथा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(ज) आफ्नो क्षेत्रभित्रका विकास निर्माणका कार्यको अनुगमन, मूल्याङ्कन गर्ने र विकास निर्माणका कामलाई सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक कार्य गर्ने, गराउने ।

(झ) आफू मातहतका नगरपालिका कार्यसमिति, गाउँपालिका कार्यसमिति र वडा कार्यसमिति, टोल कार्यसमितिलाई सक्रिय बनाउन आवश्यक निर्देशन र समन्वय गर्ने ।

(ञ) कम्तिमा प्रत्येक दुई महिनामा प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका नेपाली कांग्रेसका सदस्यको भेला र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।

(ट) पार्टीबाट निर्वाचित जनप्रतिनिधिसंग समन्वय गर्ने र सो कार्यका लागि पार्टीको तर्फबाट प्रदेश सभामा निर्वाचित प्रदेश सभाका सदस्य र उम्मेदवार प्रदेश सभा क्षेत्रीय कार्यसमितिकाबीच समन्वय संयन्त्र बनाई प्रत्येक महिनामा कम्तिमा एक पटक बैठक बसी छलफल, परामर्श र आवश्यक निर्णय गर्ने ।

(ठ) नागरिकका हितसंग सम्बन्धित कार्यक्रम समय समयमा अभियानका रुपमा सञ्चालन गर्ने, गराउने ।

(ड) सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने, गराउने ।

(ढ) पार्टीद्वारा वर्ष भरिमा सञ्चालन हुने विविध कार्यक्रमको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्य गर्ने, गराउने ।

(ण) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति गठन गर्ने ।

(त) धारा ३२ बमोजिम मातहत निकायबाट प्राप्त राय सहित पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस गर्ने ।

(थ) पार्टीको हितमा तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**(५) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सभापतिको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश सभा निर्वाचन क्षेत्रमा पार्टीको नेतृत्व गर्ने । प्रदेश सभा क्षेत्रीय अधिवेशन, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय सम्मेलन र प्रदेश सभा क्षेत्रीय कार्यसम्पादन समितिको सभापतित्व गर्ने ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन र प्रदेश सभा क्षेत्रीय अधिवेशन, क्षेत्रीय कार्यसमिति र क्षेत्रीय सम्मेलनको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारीको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने ।

(घ) आवश्यकता अनुसार प्रतिनिधिहरु खटाउने ।

(ङ) पार्टीको प्रदेश सभा क्षेत्रीय तहको संगठनको नेतृत्व गर्ने, आफू मातहतका निकायको नियमित बैठक बसे नबसेको अनुगमन मूल्याङ्कन गरी बैठक नबसेको देखिएमा नियमित बैठक गर्न लगाउने ।

(च) मातहतका कार्यसमितिले पूर्णता पाए नपाएको हेरी नपाएको भए पूर्णता प्रदान गर्नका लागि निर्देशन गर्ने ।

(छ) उपधारा ३ (क) (२) बमोजिम पदाधिकारीको नाम प्रस्ताव गर्ने र उपधारा ३ (ख) बमोजिम प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सदस्यको मनोनयन गर्ने ।

(ज) उपधारा ३ (ङ) बमोजिम प्रदेश सभा क्षेत्रीय कार्यसमितिको बैठक बोलाउने।

(झ) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सभापतिले आफू आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा आवश्यकतानुसार उप-सभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(ञ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(६) प्रदेश सभा क्षेत्रीय कार्यसम्पादन समितिको गठन :**

(क) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र सहसचिव पदेन ।

(ख) सभापतिले कार्यसमितिका सदस्यमध्येबाट समावेशी सिद्धान्त समेतलाई ध्यानमा राखी प्रदेश सभा क्षेत्रीय कार्यसम्पादन समितिका लागि सात जना सदस्य कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ । उक्त प्रस्तावलाई कार्यसमितिको बहुमतले अनुमोदन गर्नेछ ।

(ग) मातहतका गाउँपालिका र नगरपालिकाका सभापतिलाई कार्यसम्पादन समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

**(७) प्रदेश सभा क्षेत्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :**

(क) कार्यसमितिको बैठक नभएको बेला प्रदेश सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकारको प्रयोग कार्यसम्पादन समितिले गर्नेछ ।

(ख) कार्यसम्पादन समितिले आफूले गरेका निर्णय प्रदेश सभा क्षेत्रीय कार्यसमितिमा अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

**(८) प्रदेश सभा क्षेत्रीय सम्मेलन :**

(क) प्रदेश सभा क्षेत्रीय कार्यसमितिले कम्तिमा वर्षमा एक पटक प्रदेश सभा क्षेत्रीय सम्मेलन गर्नुपर्नेछ। प्रदेश सभा क्षेत्रीय अधिवेशनका सदस्य प्रदेश सभा क्षेत्रीय सम्मेलनका पनि सदस्य हुनेछन् ।

(ख) प्रदेश सभाका क्षेत्रका भ्रातृ/शुभेच्छुक संघ संस्थाका प्रमुखलाई प्रदेश सभा क्षेत्रीय सम्मेलनमा आमन्त्रण गरिनेछ ।

(ग) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको सभापति प्रदेश सभा क्षेत्रीय सम्मेलनको पनि सभापति हुनेछ ।

(घ) नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना बाहेक अन्य वर्षमा प्रदेश सभा क्षेत्रीय सम्मेलन बस्नेछ। प्रदेश सभा क्षेत्रीय सम्मेलनले निर्वाचन बाहेक प्रदेश सभा क्षेत्रीय अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(ङ) प्रदेश सभा क्षेत्रीय सम्मेलनले विभिन्न कार्यक्रम स्वीकृत गर्नेछ ।

(च) प्रदेश सभा क्षेत्रीय कार्यसमितिले प्रदेश सभा क्षेत्रीय सम्मेलनमा प्रदेश सभा क्षेत्रभित्रका आवश्यक व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

**११. प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, केन्द्रीय महाधिवशेन प्रतिनिधि, केन्द्रीय महासमिति सदस्य, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय सम्मेलन :**

**(१) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन :**

(क) प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्रका प्रदेश सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधिहरू प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्य हुनेछन् ।

(ग) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनको पनि सभापति हुनेछ ।

**(२) केन्द्रीय महाधिवेशन प्रतिनिधि :**

(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले आफूमध्येबाट कम्तिमा चार महिला, सहित चौध जना, श्रमिक, पेशागत क्षेत्र वा विषय विज्ञबाट दुई जना, पैतिस वर्ष मुनिका युवा एक महिला सहित तिन जना, अपाङ्गता भएका व्यक्ति एक जना प्रत्यक्ष र महिला, दलित, मधेशी दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रबाट दश जना प्रतिनिधि समानुपातिक

आधारमा प्रतिनिधि सभा क्षेत्रको जनसंख्याको बनोट अनुसार, तोकिए बमोजिम निर्वाचित गर्नेछ ।

(ख) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति र गाउँ-नगरपालिका कार्यसमितिको सभापति पदेन केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनेछ ।

(ग) केन्द्रीय महाधिवेशन प्रतिनिधि प्रदेश अधिवेशनको पनि प्रतिनिधि हुनेछ ।

**(३) महासमिति सदस्य :**

(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिला सहित सात जना, पैतिस वर्ष ननाघेका युवा एक जना, र महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रबाट चार जना प्रतिनिधि सभा क्षेत्रको जनसंख्याको बनोट अनुसार, तोकिए बमोजिम समानुपातिक आधारमा केन्द्रीय महासमिति सदस्य निर्वाचित गर्नेछ ।

(ख) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति पदेन महासमित सदस्य हुनेछ।

**(४) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति :**

**एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामाः**

(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले क्षेत्रीय अधिवेशन प्रतिनिधि मध्येबाट निर्वाचित गरेकाः

(१) सभापति, सचिव एक र सह-सचिव एक महिला सहित दुई ।

(२) प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्र रहेका प्रदेश सभा निर्वाचन क्षेत्रका क्षेत्रीय सभापति उप-सभापति रहनेछन् ।

(३) सभापतिले प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(४) एक महिला सहित चार जना र तिस वर्ष मुनिको युवा एक महिला सहित दुई जना प्रत्यक्ष निर्वाचित सदस्य ।

(५) महिला, दलित, मधेशी दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु,मुस्लिम, पिछडिएको क्षेत्रबाट छ जना सदस्य सम्पूर्ण क्षेत्रको जनसंख्याको बनोट अनुसार, तोकिए बमोजिम समानुपातिक आधारमा निर्वाचित ।

(ख) प्रत्येक प्रदेश सभा क्षेत्रीय अधिवेशनद्वारा प्रत्यक्ष निर्वाचित एक महिला सहित तीन जना गरी दुई प्रदेश सभा क्षेत्रबाट निर्वाचित छ जना सदस्य ।

(ग) सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सवै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी छ जना सदस्य मनोनित गर्न सक्नेछ।

(घ) मातहतका गाउँपालिका नगरपालिका कार्यसमितिका सभापतिलाई कार्यसमितिको पदेन सदस्य रहनेछ । र मातहतका वडा कार्यसमिति सभापतिलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(ङ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नेछ ।

**(५) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, क्षेत्रीय कार्यसमिति र क्षेत्रीय सम्मेलनको निणर्यहरू तथा माथिल्लो निकायको निर्णय र निर्देशन कार्यान्वय गर्ने, गराउने ।

(ख) आफू मातहतका कार्यसमितिबाट सिफारिस भएका नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न निर्णय गर्ने र कार्यान्वयनका लागि मातहतका निकायमा पठाउने । सोको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।

(ग) यो विधान बमोजिम योग्यता पुगेका क्रियाशील सदस्यहरुलाई नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरण गर्नका लागि मातहतका निकायबाट प्राप्त सिफारिस अनुसार अभिलेख राखी राय सहित माथिल्लो निकायमा पठाउने ।

(घ) धारा ३२ बमोजिम मातहत निकायबाट प्राप्त राय सहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिस र निर्णय गर्ने ।

(ङ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले सांसद र अन्य सबै तहको निर्वाचनको तयारी, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सबै काम गर्नेछ ।

(च) निर्वाचन क्षेत्रको राजनीतिक परिस्थिति, पार्टीका गाउँ तथा नगर कार्यसमितिहरूको क्रियाकलाप र अन्य आवश्यक विषयमा जिल्ला कार्यसमितिमा मासिक प्रतिवेदन पठाउने ।

(छ) संसदीय निर्वाचन, प्रदेश सभा निर्वाचन र स्थानीय तहको निर्वाचनमा पार्टीका उम्मेदवारलाई सहयोग पुऱ्याउने ।

(ज) क्षेत्रीय कार्यसमितिको आर्थिक कारोबारको वार्षिक विवरण जिल्ला कार्यसमितिमा पठाउने ।

(झ) मातहतका निकाय र जिल्लासंग सम्पर्क र समन्वय राखी संगठनको विस्तार र सुदृढीकरणका लागि सक्रिय रहने ।

(ञ) क्षेत्रीय अधिवेशनमा राजनीतिक, आर्थिक र समसामयिक प्रस्ताव पेश गर्ने ।

(ट) पार्टी साहित्य, घोषणापत्र तथा अन्य प्रचार-सामग्रीको वितरण र प्रचार-प्रसार गर्ने तथा आवश्यकता अनुसार प्रशिक्षण, शिविर र गोष्ठीको आयोजना गर्ने ।

(ठ) तोकिए बमोजिमका बाहेक आवश्यकता अनुसार अन्य विभिन्न समिति/उपसमिति गठन गर्ने ।

(ड) प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्रका विकास निर्माणका कार्यहरूको अनुगमन, मूल्याकङ्न गर्ने र विकास निर्माणका कामलाई सम्पन्न गर्न पार्टीका तर्फबाट आवश्यक कार्य गर्ने, गराउने ।

(ढ) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ण) प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको जानकारी राखी पार्टीका पक्षमा नागरिकलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने, गराउने ।

(त) प्रतिनिधि सभा निर्वाचन क्षेत्र स्तरका भ्रातृ संघ र शुभेच्छुक संस्थालाई परिचालन, समन्वय गर्ने र आवश्यक निर्देशन दिने ।

(थ) स्थानीय नागरिकका आवश्यकता र समस्याको पहिचान गरी समाधान गर्न सक्रिय रहने ।

(द) धार्मिक, सांस्कृतिक, सार्वजनिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहने ।

(ध) पर्यटनस्थल, सार्वजनिक उद्यान एवं विश्राम स्थलहरूको निर्माण एवं संरक्षण निम्ति उत्प्रेरित गर्ने ।

(न) स्वास्थ्य, शिक्षा तथा खानेपानीको प्रवन्धका साथै पर्यावरणको सुरक्षा, वृक्षारोपण, वातावरण संरक्षण र सरसफाइका निम्ति क्रियाशील रहने ।

(प) सरकारी तथा गैरसरकारी सामाजिक संघ संस्थासंग आवश्यक सम्पर्क र समन्वय राखी विकास कार्यमा सरिक हुने ।

(फ) महिला हिंसा, घरेलु हिंसा, छुवाछुत, लैङ्गिक विभेद, बोक्सी र छाउपडी

लगायतका सामाजिक कुरीति र अन्धविश्वासका विरुद्ध जनचेतना बढाउने ।

(ब) जुवा, धुम्रपान, मद्यपान, लागूपदार्थ दुव्यर्सन जस्ता सामाजिक विकृतिका विरूद्ध जनचेतना जगाउने ।

(भ) भूकम्प, वाढी, पहिरो लगायतका प्राकृतिक विपद्‌बाट पीडितको उद्धार, राहत र पुनर्स्थापना कार्यमा सक्रिय रहने ।

(म) अपाङ्गता भएका, असहाय, बालबालिका र बृद्धको हितका लागि क्रियाशील रहने ।

(य) महिला, किसान, मजदुर, साना व्यवसायी एवं आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका वर्गको हक हितको संरक्षणमा क्रियाशील रहने ।

(र) सार्वजनिक पुस्तकालय, वाचनालय, खेलकूद, सांस्कृतिक क्रियाकलाप आदिको स्थापना, सञ्चालन र विकास गर्न क्रियाशील रहने ।

(ल) विभिन्न रचनात्मक क्रियाकलापहरूमा संलग्न प्रतिभाहरूको संरक्षण र प्रोत्साहनका लागि क्रियाशील रहने र सम्बन्धित निकायलाई निर्देशन दिने ।

(व) नागरिकका दैनिक हितसंग सम्बन्धित कार्यक्रमहरू समय समयमा अभियानकारुपमा सञ्चालन गर्ने, गराउने ।

(श) पार्टीको तर्फबाट प्रदेश सभा, प्रतिनिधि सभामा निर्वाचित सांसद, सांसदका उम्मेदवार र पार्टीको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिकाबीच समन्वय संयन्त्र बनाई प्रत्येक दुई महिनामा कम्तिमा एक पटक अनिवार्य बैठक बसी आवश्यक समन्वय र निर्णय गर्ने ।

(ष) सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत पार्टीका गतिविधिको व्यापक प्रचारप्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।

(स) पार्टीद्वारा वर्ष भरिमा संचालन हुने विविध कार्यक्रमको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्य गर्ने, गराउने ।

(ह) एक भन्दा बढी प्रदेश सभा निर्वाचन क्षेत्रमा कुनै गाउँपालिका वा नगरपालिका परेको रहेछ भने त्यस्ता गाउँपालिका वा नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुख पदमा पार्टीको तर्फबाट हुने उम्मेदवारको निर्णय सम्बन्धित प्रदेश सभा कार्यसमितिको राय समेतलाई ध्यान दिई प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले जिल्ला कार्यसमितिमा आफ्नो राय पठाउने ।

(क्ष) पार्टीको हितमा तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने गराउने ।

**(६) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सभापतिको काम, कर्तव्य र अधिकार :**

(क) प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा पार्टीको नेतृत्व गर्ने । प्रतिनिधि सभा

क्षेत्रीय अधिवेशन; प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको सभापतित्व गर्ने ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन र प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, क्षेत्रीय कार्यसमिति र क्षेत्रीय सम्मेलनको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकता अनुसार कार्य विभाजन हेरफेर गर्ने ।

(घ) आवश्यकता अनुसार प्रतिनिधि खटाउने ।

(ङ) आफू मातहतका निकायको नियमित बैठक बसे नबसेको, अनुगमन मूल्याङ्कन गरी बैठक नबसेको देखिएमा नियमित बैठक गर्न लगाउने ।

(च) मातहतका कार्यसमितिले पूर्णता पाए नपाएको हेरी नपाएको भए पूर्णता प्रदान गर्नका लागि निर्देश गर्ने ।

(छ) उपधारा ४ (क) (३) बमोजिम पदाधिकारीको नाम प्रस्ताव गर्ने र उपधारा ४ (ग) बमोजिम प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सदस्यहरूको मनोनयन गर्ने ।

(ज) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, क्षेत्रीय सम्मेलन, क्षेत्रीय कार्यसमिति, क्षेत्रीय कार्य सम्पादन समितिको अध्यक्षता गर्ने ।

(झ) उपधारा ४ (ङ) बमोजिम प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको बैठक बोलाउने ।

(ञ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सभापतिले आफू आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा आवश्यकतानुसारउप-सभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(ट) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(७) प्रतिनिधि सभा क्षेत्रीय कार्यसम्पादन समिति :**

(क) एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सह-सचिव पदेन ।

(ख) सभापतिले कार्यसमितिका सदस्यमध्येबाट समावेशी सिद्धान्त दलित समुदाय एवम् युवा अनिवार्य प्रतिनिधित्व हुनेगरी प्रतिनिधि सभा क्षेत्रीय कार्यसम्पादन समितिका लागि सात जना सदस्य कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ । उक्त प्रस्तावलाई कार्यसमितिको बहुमतले अनुमोदन गर्नेछ ।

(ग) मातहतका गाउँपालिका र नगरपालिका कार्यसमितिका सभापतिलाई

कार्यसम्पादन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

**(८) प्रतिनिधि सभा क्षेत्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको बैठक नभएको बेला प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।

(ख) कार्यसम्पादन समितिले प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको बैठकमा आफ्ना निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

**(९) प्रतिनिधि सभा क्षेत्रीय सम्मेलन :**

(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका सदस्य प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनका पनि सदस्य हुनेछन् ।

(ख) प्रतिनिधि सभा क्षेत्र भित्रका भ्रातृ/शुभेच्छुक संघ संस्थाका प्रमुखलाई प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनमा आमन्त्रण गरिनेछ ।

(ग) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको सभापति हुनेछ ।

(घ) क्षेत्रीय कार्यसमितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनमा आमन्त्रण गर्न सक्नेछ ।

**(१०) प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको काम, कर्तव्य र अधिकार :**

(क) प्रतिनिधि सभा क्षेत्रीय कार्य समितिले कम्तिमा प्रत्येक छ महिनामा एक पटक प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको बैठक राखी वार्षिक कार्यक्रम स्वीकृत गर्ने र सम्मेलनले प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको मूल्याङ्कन गरी निर्देशन दिनेछ ।

(ख) नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना बाहेक अन्य वर्षमा प्रतिनिधि सभा क्षेत्रीय सम्मेलन वस्नेछ । प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनले निर्वाचनबाहेक प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(ग) प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनले विभिन्न कार्यक्रम स्वीकृत गर्नेछ ।

(घ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले सम्मेलनमा प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्रका आवश्यक व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

**१२. <u>जिल्ला अधिवेशन, जिल्ला कार्यसमिति, जिल्ला सम्मेलन :</u>**

**(१) जिल्ला अधिवेशनको गठन :**

(क) जिल्लाभित्रको प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका सदस्यहरु ।

(ख) जिल्ला कार्यसमितिको सभापति जिल्ला अधिवेशनको पनि सभापति हुनेछ ।

**(२) जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार :**

(क) जिल्ला अधिवेशनको बैठकले जिल्लाको संगठन र कार्यसमितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र प्रदेश कार्यसमितिमा प्रतिवेदन पठाउनेछ । यसरी प्रतिवेदन पठाउँदा केन्द्रीय महासमितिका सदस्य एवं केन्द्रीय महाधिवेशनका प्रतिनिधिले दिएको सुझाव समेत उल्लेख हुनु पर्नेछ ।

(ख) जिल्ला अधिवेशनका सदस्यले आफूमध्येबाट धारा १२ (५) बमोजिम जिल्ला सभापति, पदाधिकारी एवं सदस्यको निर्वाचन गर्नेछ ।

**(३) जिल्ला सम्मेलन :**

(क) जिल्ला अधिवेशनका सदस्य सहित गाउँपालिका कार्यसमितिका सभापति र नगरपालिका कार्यसमितिका सभापति जिल्ला सम्मेलनका सदस्य हुनेछन ।

**(४) जिल्ला सम्मेलनको काम, कर्तव्य र अधिकार :**

(क) जिल्ला सम्मेलन वर्षमा एक पटक हुनेछ तर जिल्ला अधिवेशन हुने वर्षमा जिल्ला सम्मेलन बस्नेछैन । जिल्ला सम्मेलनले एउटा जिल्ला अधिवेशन भई अर्को जिल्ला अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा निर्वाचन बाहेक जिल्ला अधिवेशनको सबै कार्य गर्नेछ ।

(ख) जिल्ला कार्यसमितिले जिल्ला सम्मेलन बोलाउनेछ । जिल्ला सम्मेलनले जिल्ला कार्यसमितिबाट प्रस्तुत वार्षिक कार्यक्रम तथा प्रतिवेदन माथि छलफल गर्नेछ । साथै अन्य विषयमा समेत छलफल गरी निर्णय गर्नेछ ।

(ग) जिल्ला भित्रका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको आवधिक मूल्याङ्कन गरी आवश्यक निर्देशन दिनेछ ।

**(५) जिल्ला कार्यसमितिको गठनः**

**(क) पदाधिकारीको सम्बन्धमा :**

(१) जिल्ला अधिवेशनले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएको केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट जिल्ला सभापतिको निर्वाचन गर्नेछ ।

तर, एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा भने, जिल्ला अधिवेशनका प्रतिनिधिमध्येबाट जिल्ला सभापतिको निर्वाचन हुनेछ ।

(२) सभापति पदको निर्वाचनमा विजयी हुन खसेको मतको पचास प्रतिशत भन्दा बढी मत ल्याउनु पर्नेछ ।

(३) सभापति पदको पहिलो चरणको निर्वाचनमा कसैले पनि पचास

प्रतिशत भन्दा बढी मत नल्याएमा, सबैभन्दा बढी मत ल्याउने दुई जना उम्मेदवारकाबीचमा पुनः मतदान गरी बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ । तर, पहिलो पटक नै दुई जना मात्र उम्मेदवार भएमा, बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ ।

(४) जिल्ला अधिवेशनले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका जिल्ला अधिवेशनका प्रतिनिधिमध्येबाट जिल्ला कार्यसमितिका लागि उप-सभापति एक, सचिव एक र एक महिला सहित सह-सचिव दुईको निर्वाचन गर्नेछ ।

(५) सभापतिले जिल्ला कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

**(ख) सदस्यको सम्बन्धमा :**

(१) जिल्ला कार्यसमितिमा जिल्ला अधिवेशनका प्रतिनिधिमध्येबाट निर्वाचित देहाय बमोजिमका सदस्य रहनेछन् :

(क) प्रत्येक गाउँपालिका अधिवेशनबाट निर्वाचित कम्तिमा एक महिलासहित दुई जना, नगरपालिका अधिवेशनबाट निर्वाचित कम्तिमा एक महिलासहित दुई जना, उपमहानगरपालिका अधिवेशनबाट निर्वाचित कम्तिमा एक महिलासहित तीन जना, महानगरपालिका अधिवेशनबाट निर्वाचित कम्तिमा दुई महिला सहित पाँच जना सदस्य ।

(ख) महिला, दलित, मधेशी दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, पिछडिएको क्षेत्रबाट खण्ड (क) बमोजिम सबै स्थानीय तहबाट जोडेर प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्याको पचास प्रतिशत सदस्य जिल्लाको सम्पूर्ण जनसंख्याको बनोट अनुसार, तोकिए बमोजिम समानुपातिक आधारमा निर्वाचित गर्नेछ ।

(ग) अपाङ्गता भएका व्यक्तिमध्ये एक जना प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(घ) तिस वर्ष मुनिको युवाहरू मध्येबाट एक महिला सहित तिन जना प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(२) सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सवै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी जिल्ला अधिवेशनका प्रतिनिधि

मध्येबाट एघार जना सदस्य मनोनित गर्नेछ ।

(३) जिल्ला भित्रका प्रतिनिधि सभा क्षेत्रिय कार्य समितिको सभापति र एक मात्र निर्बाचन क्षेत्र भएको जिल्लाका हकमा प्रदेश सभा क्षेत्रीय सभापति जिल्ला कार्य समितिको पदेन सदस्य रहनेछन् ।

(४) केन्द्रीय महाधिवेशन प्रतिनिधिलाई जिल्ला कार्यसमितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(५) मातहतका स्थानीय तह कार्यसमितिका सभापति पदेन सदस्य रहनेछन ।

(६) जिल्ला कार्यसमितिको बैठक प्रत्येक महिनाको कम्तिमा एक पटक बस्नेछ ।

**(६) जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकारः**

(क) जिल्ला भित्रका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति र गाउँपालिका, नगरपालिका कार्यसमितिबीच सम्पर्क र समन्वयको काम गर्ने । मातहतका निकायलाई आवश्यक सहयोग र निर्देशन दिने ।

(ख) जिल्ला भित्र नेपाली कांग्रेस र अन्य राजनीतिक दलहरुको प्रभावबारे जानकारी लिने । पार्टीप्रति जन आकर्षण बढाउन आवश्यक कार्य गर्ने, गराउने ।

(ग) जिल्ला भित्रको जनसङ्ख्या, मतदाता सङ्ख्या र बसोबासको अवस्था जानकारी हुने गरी जिल्ला प्रोफाइल बनाउने र अद्यावधिक गर्ने । आफू मातहतका सबै निकायलाई आफ्नो क्षेत्रभित्रका प्रोफाइल बनाउन लगाउने ।

(घ) जिल्ला अधिवेशन, जिल्ला कार्यसमिति र जिल्ला सम्मेलनका निर्णयहरू र माथिल्लो तहका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(ङ) नेपाली कांग्रेसको सदस्यता निरन्तर वितरण गर्ने, गराउने र यसको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।

(च) नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरण गरी अभिलेख राख्ने तथा प्रदेश र केन्द्रमा विवरण पठाउने ।

(छ) जिल्लाका समस्याको समय-समयमा जानकारी लिई गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति, सरकारी र गैर सरकारी कार्यालय एवं संस्थासंग सम्पर्क राखी पार्टी हितमा समस्याको समाधानका लागि आवश्यक प्रयत्न गर्ने ।

(ज) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार-प्रसार गर्ने गराउने ।

(झ) समय-समयमा गोष्ठी, प्रशिक्षण शिबिर र भ्रमण आदिको आयोजना गर्ने ।

(ञ) आफ्नो जिल्लामा महासमिति, महाधिवेशन वा प्रदेश अधिवेशन हुने भएमा त्यसको व्यवस्थापन गर्ने ।

(ट) राष्ट्रिय र पार्टीका महत्वपूर्ण उत्सव तथा अवसरमा रक्तदान, वृक्षारोपण सरसफाइ आदि विभिन्न रचनात्मक कामको आयोजना गर्ने, गराउने ।

(ठ) जिल्ला अन्तर्गतका निकायको निर्वाचित पद रिक्त भएमा सोको जानकारी केन्द्रीय निर्वाचन समितिलाई गराउने ।

(ड) धारा ३२ बमोजिम मातहत निकायबाट प्राप्त राय सहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिस र निर्णय गर्ने ।

(ढ) निर्वाचनको तयारी, सञ्चालन र व्यवस्थापन सम्बन्धी सबै काम गर्ने, गराउने ।

(ण) जिल्लास्तरका भ्रातृ संघ एवं शुभेच्छुक संस्थालाई परिचालन, समन्वय गर्ने र आवश्यक निर्देशन दिने ।

(त) महिला हिंसा, घरेलु हिंसा, छुवाछुत, लैङ्गिक विभेद, बोक्सी र छाउपडी लगायतका सामाजिक कुरीति र अन्धविश्वासका विरुद्ध जनचेतना बढाउने ।

(थ) जुवा, धुमपान, मद्यपान, लागूपदार्थ दुव्यर्सनजस्ता सामाजिक विकृतिका विरूद्ध जनचेतना जगाउने ।

(द) भूकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक विपद्बाट पीडितहरूको उद्धार, राहत र पुनर्स्थापना कार्यमा सक्रिय रहने ।

(ध) अपाङ्गता भएका, असहाय, बालबालिका र बृद्धको हितका लागि क्रियाशील रहने ।

(न) महिला, किसान, मजदुर, साना व्यवसायी एवं आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका वर्गको हक हितको संरक्षणमा क्रियाशील रहने ।

(प) स्थानीय विकास निर्माण कार्यमा जनसहभागिता जुटाउन सक्रिय रहने र विकास निर्माण कार्यको अनुगमन गर्ने ।

(फ) पार्टीबाट जिल्ला स्तरमा निर्वाचित जनप्रतिनिधि र उम्मेदवारबीच समन्वय संयन्त्र बनाई कम्तिमा दुई महिनामा एक पटक बैठक गरी छलफल र परामर्श गर्ने ।

(ब) सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने, गराउने ।

(भ) पार्टीद्वारा वर्षभरिमा संचालन हुने विविध कार्यक्रमको वार्षिक क्यालेण्डर

बनाई सोही अनुसार कार्य गर्ने, गराउने ।

(म) पार्टीको हितमा तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**(७) जिल्ला कार्यसमितिको सभापतिको काम, कर्तव्य र अधिकार :**

(क) जिल्लामा पार्टीको नेतृत्व गर्ने ।

(ख) जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमिति तथा जिल्ला कार्यसम्पादन समितिको बैठकको अध्यक्षता गर्ने, आवश्यक परेमा निर्णायक मत दिने ।

(ग) मातहत निकायबाट प्रक्रिया पुऱ्याई पेश भई जिल्ला कार्यसमितिबाट नवीकरण गर्न निर्णय भएका नेपाली कांग्रेसको क्रियाशील सदस्यताको प्रमाण पत्रमा हस्ताक्षर गर्ने ।

(घ) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन कार्यान्वयन गर्ने, गराउने।

(ङ) उपधारा ५ (क) (५) बमोजिम पदाधिकारीको नाम प्रस्ताव गर्ने र उपधारा ५ (ख) (२) बमोजिम जिल्ला कार्यसमितिका सदस्यको मनोनयन गर्ने ।

(च) जिल्ला कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकता अनुसार कार्य विभाजन हेरफेर गर्ने ।

(छ) मातहत निकायलाई नीति-निर्देशन दिने र कार्यान्वयन गर्ने, गराउने ।

(ज) जिल्लास्तरीय विभिन्न विभाग तथा समितिका प्रमुख तथा सदस्यको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(झ) जिल्लामा पार्टीका तर्फबाट आवश्यकता अनुसार प्रतिनिधि तोक्ने ।

(ञ) उपधारा ५ (ख) (६) बमोजिम जिल्ला कार्यसमितिको बैठक बोलाउने ।

(ट) जिल्ला सभापतिले आफू आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा आवश्यकतानुसार उप-सभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(ठ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(८) जिल्ला कार्यसम्पादन समिति :**

(क) जिल्ला कार्यसमितिको सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र सह-सचिव पदेन ।

(ख) सभापतिले कार्यसमितिका सदस्यमध्येबाट समावेशी सिद्धान्त दलित समुदाय एवम् युवा अनिवार्य प्रतिनिधित्वको हुनेगरी जिल्ला कार्यसम्पादन समितिका लागि पन्ध्र जना सदस्य कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ । उक्त प्रस्तावलाई कार्यसमितिको बहुमतले अनुमोदन गर्नेछ ।

(ग) मातहतका प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमितिका सभापतिलाई

कार्यसम्पादन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(घ) कार्यसम्पादन समितिले आफूले गरेका निर्णय जिल्ला कार्यसमितिमा अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

**(९) जिल्ला कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :**

(क) कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरालमा जिल्ला कार्यसमितिले गर्ने काम कार्यसम्पादन समितिले गर्नेछ ।

(ख) कार्यसम्पादन समितिले आफूले गरेका निर्णय कार्यसमितिमा अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

(ग) पार्टीको जिल्ला कार्यसमिति अन्तर्गत रहेका निकाय तथा जिल्ला कार्यालय अन्तर्गत रहेका सम्पूर्ण शाखाको क्रियाकलापको समीक्षा गर्नेछ ।

(घ) समय-समयमा स्थानीय निकायमा पार्टीका तर्फबाट निर्वाचित पदाधिकारीसंग विचार-विमर्श गरी समन्वय कायम गर्ने, गराउनेछ ।

## परिच्छेद-४

## प्रदेश अधिवेशन, प्रदेश सम्मेलन, प्रदेश कार्यसमिति र प्रदेश विभागहरु

### १३. प्रदेश अधिवेशन, प्रदेश सम्मेलन, प्रदेश कार्यसमितिको गठन तथा काम, कर्तव्य र अधिकार:

**(१) प्रदेश अधिवेशन :**

(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनबाट निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधि प्रदेश अधिवेशन प्रतिनिधिको रुपमा रहनेछन ।

(ग) प्रदेश भित्रका जिल्ला कार्यसमितिका सभापति ।

(घ) प्रदेशका भ्रातृ संघका प्रमुख । तर, निजलाई मतदानको मात्र अधिकार हुनेछ, उम्मेदवार बन्न पाउने छैनन् ।

(ङ) प्रदेश कार्यसमितिको सभापति प्रदेश अधिवेशनको सभापति हुनेछ ।

**(२) प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश अधिवेशनले आफूमध्येबाट यस विधान बमोजिम प्रदेश कार्यसमितिको सभापति, पदाधिकारी र सदस्यको निर्वाचन गर्नेछ ।

(ख) प्रदेश अधिवेशनले उपधारा (६) बमोजिमका प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्य निर्वाचित गर्नेछ ।

(ग) प्रदेश सम्मेलन र प्रदेश कार्यसमितिद्वारा प्रस्तुत गरिएका विषयमा छलफल गरी निर्णय गर्ने ।

(घ) प्रदेश अधिवेशनले आफ्नो कुनै अधिकार प्रदेश कार्यसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(ङ) प्रदेश अधिवेशनले प्रदेश संगठन र कार्यसमितिको आवधिक मूल्याकङ्न गरी आवश्यक निर्देशन दिने र केन्द्रमा प्रतिवेदन पठाउनेछ । यसरी प्रतिवेदन पठाउँदा प्रदेश अधिवेशनका प्रतिनिधिहरुले दिएको राय समेत आवश्यकता अनुसार उल्लेख गर्नेछ ।

**(३) प्रदेश सम्मेलन :**

(क) प्रदेश सम्मेलनको गठन देहाय बमोजिम हुनेछ :

(१) प्रदेश सभापति, प्रदेश उप-सभापति, प्रदेश महामन्त्री, प्रदेश कोषाध्यक्ष, प्रदेश सह-महामन्त्री र प्रदेश कार्यसमितिका सदस्य ।

(२) प्रदेश अधिवेशन प्रतिनिधि सदस्य ।

(३) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सभापति ।

(४) प्रदेशका भ्रातृ/शुभेच्छुक संघ संस्थाका प्रमुखहरु ।

**(४) प्रदेश सम्मेलनको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश सम्मेलनले एउटा प्रदेश अधिवेशन समाप्त भई अर्को प्रदेश अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचनबाहेक प्रदेश अधिवेशनको सबै कार्य गर्नेछ ।

**(५) प्रदेश सम्मेलनको कार्यविधि :**

(क) प्रदेश सम्मेलनको बैठक कम्तिमा प्रत्येक वर्षमा एक पटक बस्नेछ। तर प्रदेश अधिवेशन हुने वर्षमा प्रदेश सम्मेलनको बैठक हुनेछैन ।

(ख) प्रदेश सम्मेलनको कार्यविधि सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(६) प्रदेश कार्यसमिति :**

(१) प्रदेश कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रदेश अधिवेशनका प्रतिनिधिले प्रदेश भित्रका प्रदेश अधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेको सभापति ।

(ख) सभापति पदमा निर्वाचित हुन खसेको मतको पचास प्रतिशत भन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ। पहिलो पटक कुनै पनि उम्मेदवारले पचास प्रतिशत भन्दा बढी मत नल्याएमा सबै भन्दा बढी मत ल्याउने दुई जना उम्मेदवारबीच पुनः मतदान गरिनेछ। पुनः मतदान हुँदा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ। तर, पहिलो पटक नै दुई जना मात्र उम्मेदवार भएमा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ।

(ग) प्रदेश अधिवेशनका प्रतिनिधिले प्रदेशभित्रका प्रदेश अधिवेशन प्रतिनिधिमध्ये

बाट निर्वाचित गरेका प्रदेश कार्यसमितिका उप-सभापति दुई, महामन्त्री दुई र एक महिला सहित सहमहामन्त्री  तीन ।

(घ) सभापतिले प्रदेश कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।

(ङ) प्रदेश अधिवेशन प्रतिनिधिले प्रतिनिधिमध्येबाट प्रदेश सभा निर्वाचन क्षेत्रको कुल सङ्ख्यामा एक तिहाइ सङ्ख्यामा प्रत्यक्ष निर्वाचित गरेको सदस्य ।

(च) प्रदेश अधिवेशन प्रतिनिधिले प्रतिनिधिमध्येबाट प्रत्येक जिल्लाबाट कम्तिमा एक महिला हुने गरी दुई जना प्रत्यक्ष निर्वाचित सदस्य ।

(छ) नेपाली कांग्रेसको क्रियाशील सदस्य रहेको युवा प्रतिनिधि उम्मेदवार -हुनेगरी पैतिस वर्ष मुनिका युवा दुई महिला सहित  सात जना प्रत्यक्ष निर्वाचित सदस्य ।

(ज) नेपाली कांग्रेसको क्रियाशील सदस्य रहेका महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रबाट कम्तिमा एक जना सदस्य हुने गरी माथि (ङ), (च) र (छ) बमोजिम प्रत्यक्ष निर्वाचित सदस्य सङ्ख्याको पचास प्रतिशत सङ्ख्यामा प्रदेशको जनसङ्ख्याको बनोट अनुसार, तोकिए बमोजिम समानुपातिक आधारमा निर्वाचित सदस्य ।

(झ) अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिमध्ये निर्वाचित सदस्य दुई ।

(ञ) सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्त अनुरुप सवै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी अधिवेशनका प्रतिनिधिमध्येबाट एक्काइस जना सदस्य मनोनित गर्न सक्नेछ ।

(ट) प्रदेश संसदीय  दलको नेता प्रदेश कार्यसमितिको पदेन सदस्य हुनेछ ।

(ठ) प्रदेश भित्रका जिल्ला कार्यसमितिका सभापतिलाई प्रदेश कार्यसमितिको पदेन सदस्य रहनेछन् ।

(ड) प्रदेश कार्यसमितिमा प्रत्येक समावेशी समूहबाट कम्तिमा महिला एक र पुरुष एक हुनु पर्नेछ ।

(ढ) प्रदेश कार्यसमितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ ।

**(७) प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश भित्रका जिल्ला कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र प्रदेश सभा क्षेत्रीय कार्यसमितिबीच समन्वय गर्ने, पार्टीको हितमा आवश्यक सहयोग र निर्देशन दिने ।

(ख) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा प्रदेश भित्रका पार्टीका सबै निकायलाई परिचालन गर्ने, समन्वय गर्ने र आवश्यकतानुसार निर्देशन दिने ।

(ग) प्रदेश भित्र पार्टीको हितका लागि आवश्यक सबै कार्य गर्ने, गराउने ।

(घ) जिल्लाबाट प्राप्त नेपाली कांग्रेसको क्रियाशील सदस्यताको र सदस्यता नवीकरणको अभिलेख राखी केन्द्रमा पठाउने ।

(ङ) प्रदेश सम्मेलन, प्रदेश अधिवेशन र प्रदेश कार्यसमितिका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(च) प्रदेश सम्मेलन, प्रदेश अधिवेशन, प्रदेश कार्यसमितिको बैठक नभएको बेला आवश्यक विषयमा निर्णय गर्ने र पछि हुने प्रदेश सम्मेलन वा प्रदेश अधिवेशनमा त्यस्तो निर्णय पेश गर्ने ।

(छ) प्रदेश सम्मेलन र प्रदेश अधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(ज) पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(झ) प्रदेश स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी यस विधानमा उल्लेख गरिएका वाहेकका अन्य विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने ।

(ञ) प्रदेश अधिवेशन र प्रदेश सम्मेलनद्वारा स्वीकृत कार्यक्रम र घोषणा पार्टीको प्रदेश सभा संसदीय दललाई उपलब्ध गराउने तथा प्रदेश सभा संसदीय दलको प्रतिवेदन प्रदेश अधिवेशन र प्रदेश सम्मेलनमा प्रस्तुत गर्ने ।

(ट) धारा ३२ बमोजिम मातहत निकायबाट प्राप्त राय सहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिस र निर्णय गर्ने ।

(ठ) पार्टी प्रदेश सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा केन्द्रसंग समन्वय गरी नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा केन्द्रको स्वीकृतिमा प्रदेश सरकारमा जाने मन्त्रीको मापदण्ड तयार गर्ने । समन्वय संयन्त्र बनाउने ।

(ड) प्रदेशभित्र संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको पक्षमा प्रचार प्रसार गर्ने गराउने, पार्टीको स्थितिको मुल्याङ्कन गर्ने र त्यसपछि हुने प्रदेश सम्मेलनमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(ढ) प्रदेशका समस्याको समय समयमा जानकारी लिई भ्रातृ/शुभेच्छुक संघ संस्था, जिल्ला र क्षेत्रीय समिति, सरकारी र गैरसरकारी सामाजिक संघ संस्थासंग सम्पर्क राख्ने र समस्या भए समाधानको लागि आवश्यक कार्य गर्ने ।

(ण) केन्द्रका निर्णय र निर्देशनको पालना गर्ने, गराउने ।

(त) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार प्रसार गर्ने, गराउने ।

(थ) समय समयमा प्रशिक्षण, गोष्ठी, शिविर र भ्रमण आदिको आयोजना गर्ने गराउने ।

(द) महत्वपूर्ण अवसरमा रक्तदान, वृक्षारोपण, सरसफाइ वातावरण संरक्षण आदि रचनात्मक र समाजसेवाका कार्यक्रम गर्ने, गराउने ।

(ध) प्रदेश कार्यसमितिले आफ्नो प्रदेशभित्र तोकिएका बाहेक आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति गठन गर्न गराउन सक्नेछ ।

(न) प्रदेश कार्यसमितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**(८) प्रदेश कार्यसम्पादन समितिः**

(क) प्रदेश कार्यसमितिको सभापति, उप-सभापति, महामन्त्री, कोषाध्यक्ष र सह-महामन्त्री पदेन ।

(ख) सभापतिले कार्यसमितिका सदस्यमध्येबाट समावेशी सिद्धान्त एवम् युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी प्रदेश कार्यसम्पादन समितिका लागि एक्काइस जना सदस्य कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ । उक्त प्रस्तावलाई कार्यसमितिको वहुमतले अनुमोदन गर्नेछ ।

(ग) मातहतका जिल्ला कार्यसमितिका सभापतिलाई कार्यसम्पादन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(घ) प्रदेश कार्यसम्पादन समितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नेछ ।

**(९) प्रदेश कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश कार्यसमितिको एउटा बैठक र अर्को बैठकको बीचमा प्रदेश कार्यसमितिले गर्ने काम प्रदेश कार्य सम्पादन समितिले गर्नेछ । आफ्ना निर्णयहरू त्यसपछि बस्ने प्रदेश कार्यसमितिको बैठकमा अनुमोदन गराउनेछ ।

(ख) पार्टीको प्रदेश कार्यालय अन्तर्गत रहेका सम्पूर्ण विभागहरूको समीक्षा गर्नेछ।

(ग) समय समयमा प्रदेश सभा संसदीय दलको कार्यसमिति, प्रदेश सभा संसदीय

दलका विषय समितिका संयोजकसंग संयुक्त रुपमा समन्वय बैठकको आयोजना गर्नेछ ।

**(१०) प्रदेश कार्यसमितिको सभापतिको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेशमा पार्टीको नेतृत्व गर्ने ।

(ख) प्रदेश अधिवेशन, प्रदेश सम्मेलन, प्रदेश कार्यसमिति, प्रदेश कार्यसम्पादन समिति र प्रदेश संसदीय समितिको अध्यक्षता गर्ने, आवश्कता परे निर्णायक मत दिने ।

(ग) उपधारा ६ (१) (घ) बमोजिम प्रदेश कार्यसमितिको पदाधिकारीको नाम प्रस्ताव गर्ने र उपधारा ६ (१) (ञ) बमोजिम प्रदेश कार्यसमितिको सदस्यको मनोनयन गर्ने ।

(घ) तोकिए अनुसार प्रदेश कार्यसमिति गठन गर्ने, प्रदेश कार्यसमितिका पदाधिकारीहरूको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने ।

(ङ) प्रदेश कार्यसमितिका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(च) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने तथा राख्न लगाउने र प्रदेशमा पार्टीलाई सवल र सक्षम संगठनका रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(छ) तत्काल परिआएका कार्यहरु गर्ने र त्यसको जानकारी प्रदेश कार्यसमितिलाई दिने ।

(ज) पार्टीका प्रदेश निकायहरूद्वारा भएका निर्णयहरूको कार्यान्वयन भए नभएको रेखदेख गर्ने र नभएको भए गर्न लगाउने ।

(झ) प्रदेश स्तरका विभाग, समिति र अन्य निकायका प्रमुख, उपप्रमुख, सदस्य सचिव र सदस्यको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(ञ) प्रदेश कार्यालयका लागि आवश्यक कर्मचारीहरूको नियुक्ति र हेरफेर गर्ने।

(ट) केन्द्रबाट प्राप्त नीति, निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(ठ) मातहतका निकायहरूलाई नीति, निर्देशन दिने तथा कार्यान्वयन गर्ने, गराउने ।

(ड) प्रदेश सभापतिले आफू प्रदेश बाहिर गएको अवस्थामा वा आवश्यकतानुसार उप-सभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(ढ) उपधारा ६ (१) (ढ) बमोजिम प्रदेश कार्यसमितिको र उपधारा ८ (घ) बमोजिम प्रदेश कार्यसम्पादन समितिको बैठक बोलाउने ।

(ण) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(११) प्रदेश विभाग सम्बन्धी व्यवस्था :**

(क) **गठन**

(१) प्रदेशमा तोकिए बमोजिमका प्रदेश विभागहरुको गठन हुनेछन ।

(ख) प्रत्येक विभागमा प्रमुख, उपप्रमुख र सदस्य सचिव सहित बढीमा पच्चीस जना सदस्य रहनेछन् ।

(ग) प्रदेश सभापतिले विभागीय प्रमुखको परामर्शमा एक जना उपप्रमुख, एक जना सचिव र सदस्यहरु तोक्नेछ ।

(घ) विभागका उपप्रमुख, सचिव, सदस्य बन्नका लागि नेपाली कांग्रेसको क्रियाशील सदस्य हुनु पर्नेछ ।

(ङ) उपप्रमुख, सचिव र सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्त एवम् युवा प्रतिनिधित्वलाई ध्यान दिइनेछ ।

(च) प्रमुखले विभागको बैठकमा आवश्यकतानुसार कुनै पनि व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(छ) प्रदेश विभागको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(ज) प्रदेश विभागले प्रत्येक छ महिनामा कार्यसम्पादन प्रगति प्रतिवेदन प्रदेश कार्यसमितिमा बुझाउनु पर्नेछ ।

(झ) प्रदेश कार्यसमितिले यस विधानमा उल्लेखित विभाग बाहेक आवश्यकता अनुसार  काम, कर्तव्य र अधिकार तोकी अन्य विभाग गठन गर्न सक्नेछ।

(ञ) प्रदेश विभाग एवं निकायको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ५

## विदेश स्थित नेपाली जनसम्पर्क समिति सम्बन्धी व्यवस्था

**१४. विदेश स्थित नेपाली जनसम्पर्क समितिको गठन र प्रतिनिधित्व :**

(१) नेपाली कांग्रेसको उद्देश्य र आदर्शप्रति प्रतिवद्ध र समर्पित रहने विदेशस्थित नेपाली नागरिकले पार्टीको केन्द्रीय कार्यसमितिमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी जनसम्पर्क समिति गठनका लागि आवेदन गर्न सक्नेछन् । केन्द्रीय कार्यसमितिको स्वीकृति पश्चात नेपाली जनसम्पर्क समितिको गठन हुनेछ ।

(२) पार्टीले तोकेको शर्त पूरा गर्ने यस्ता संस्थालाई नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गर्नेछ ।

(३) नेपाली जनसम्पर्क समितिको विधान तथा विधानमा गरिएको संशोधन नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट स्वीकृत भएपछि लागू हुनेछ । नेपाली कांग्रेस

केन्द्रीय पर्यवेक्षक र केन्द्रीय निर्वाचन समितिको प्रतिनिधिको उपस्थितिमा जनसम्पर्क समितिको नियमित अधिवेशन हुनु पर्नेछ। सो अधिवेशनद्वारा पार्टीको केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमितिका लागि यसै विधान बमोजिम तोकिएको संख्यामा अध्यक्ष सहित महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यको चयन गर्ने व्यवस्था जनसम्पर्क समितिको विधानमा हुनुपर्नेछ ।

(४) नेपाली जनसम्पर्क समिति कार्यसमितिको गठन, केन्द्रीय महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यको प्रतिनिधित्वको सम्बन्धमा देहाय बमोजिम हुनेछः

(क) नेपाली जनसम्पर्क समितिको अध्यक्ष निर्वाचित हुन पार्टी विधान तथा नियमावली बमोजिम नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेको नेपाली नागरिक वा नेपाली जनसम्पर्क समितिको सदस्यता प्राप्त गरेको व्यक्ति हुनु पर्नेछ ।

(ख) नेपाली जनसम्पर्क समिति कार्यसमितिको अन्य पदाधिकारी र सदस्यहरु नेपाली कांग्रेसको क्रियाशील सदस्यता वा नेपाली जनसम्पर्क समितिको सदस्यता जुनसुकै प्राप्त गरेको व्यक्तिमध्येबाट निर्वाचित/मनोनित हुन सक्नेछ ।

(ग) पार्टी विधान र नियमावली अनुसार नेपाली जनसम्पर्क समितिबाट पार्टीको महाधिवेशन प्रतिनिधि निर्वाचित हुनका लागि नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेको नेपाली नागरिक हुनु पर्नेछ ।

(५) नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गरेका विदेशस्थित नेपाली जनसम्पर्क समितिले अधिवेशनबाट निर्वाचित गरी देहाय बमोजिमको सङ्ख्यामा केन्द्रीय महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य पठाउने छन् ।

(क) कम्तिमा एक सय सदस्य रहेका जनसम्पर्क समितिको अधिवेशनबाट निर्वाचित अध्यक्ष वा एक जना केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महासमिति सदस्य हुनेछन् ।

(ख) पाँच सय वा सो भन्दा बढी सदस्य रहेका जनसम्पर्क समितिबाट अध्यक्ष सहित सात जना केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट अध्यक्ष सहित तीन जना केन्द्रीय महासमिति सदस्य हुनेछन ।

(ग) दुई हजार वा सो भन्दा बढी सदस्य रहेका जनसम्पर्क समितिबाट अध्यक्ष सहित चौध जना केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट अध्यक्ष सहित छ जना केन्द्रीय महासमिति सदस्य हुनेछन।

(६) उपधारा ४ बमोजिम पार्टी केन्द्रीय कार्यसमितिले विदेशस्थित जनसम्पर्क समितिबाट केन्द्रीय महाधिवेशन प्रतिनिधि सङ्ख्या तोक्दा एउटा देशबाट बढीमा चौध जना र

केन्द्रीय महासमिति सदस्य तोक्दा छ जना भन्दा बढी तोक्न सक्नेछैन ।

(७) यस धारामा माथी जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली कांग्रेसको क्रियाशील सदस्य नभएको व्यक्ति महाधिवेशन प्रतिनिधि हुन सक्ने छैन, पर्यबेक्षेक हुन सक्नेछ। नेपाली जनसम्पर्क समितिको अध्यक्ष क्रियाशील सदस्य भएको हकमा स्वतः महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य हुनेछ ।

(८) नेपाली जनसम्पर्क समितिको कार्यकाल चार वर्षको हुनेछ ।

(९) नेपाली जनसम्पर्क समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४ क. <u>अन्तर्राष्ट्रिय जनसम्पर्क परिषद् र अन्तर्राष्ट्रिय जनसम्पर्क समितिः</u>**

(१) बिभिन्न देशमा स्थापित पार्टीको नेपाली जनसम्पर्क समितिका वर्तमान अध्यक्षहरू र पूर्व अध्यक्षहरू सम्मिलित एक अन्तर्राष्ट्रिय जनसम्पर्क परिषद् रहनेछ । तर जनसम्पर्क समितिको सभापति भएको व्यक्ति सो पश्चात तिन कार्यकालसम्म मात्र परिषदको सदस्य रहन सक्नेछन ।

(२) अन्तर्राष्ट्रिय जनसम्पर्क परिषद्का प्रतिनिधिहरू मध्येबाट सत्ताइस सदस्यमा नबढ्ने गरि गरि अन्तर्राष्ट्रिय जनसम्पर्क समिति निर्वाचित हुनेछ । तर कुनै पनि देशको जनसम्पर्क समितिको वर्तमान सभापति समितिमा रहने छैनन् ।

(३) अन्तर्राष्ट्रिय जनसम्पर्क समितिमा सभापति, एक महिलासहित तोकिएको क्षेत्रबाट एकएक जना उप-सभापति, तोकिएको क्षेत्रबाट एक-एक जना सचिव, एकएक जना सह सचिब, सभापतिले अन्तर्राष्ट्रिय जनसम्पर्क समितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी निर्वाचित कोषाध्यक्ष र अन्य पदाधिकारी रहनेछन् ।
कार्यसमिति चयन गर्दा तोकिएका प्रत्येक क्षेत्रका प्रतिनिधित्व सुनिश्चित हुने गरी आलोपालो प्रणाली वा सहमतिमा गर्नुपर्नेछ ।

(४) अन्तर्राष्ट्रिय जनसम्पर्क परिषद् तथा अन्तर्राष्ट्रिय जनसम्पर्क समितिको कार्यकाल चार वर्षको हुनेछ ।

(५) अन्तर्राष्ट्रिय जनसम्पर्क परिषद् तथा अन्तर्राष्ट्रिय जनसम्पर्क समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## <u>परिच्छेद-६</u>

## <u>केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमिति</u>

**१५. <u>केन्द्रीय महाधिवेशन सम्बन्धी व्यवस्थाः</u>** केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।

**(१) केन्द्रीय महाधिवेशनको गठनः**

(क) नेपाली कांग्रेसको क्रियाशील सदस्य रहेका सदस्य मध्येबाट एक मात्र प्रतिनिधि

सभा निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशन प्रतिनिधिले आफूमध्ये बाट निर्वाचित गरेका केन्द्रीय महाधिवेशन प्रतिनिधि, जिल्ला सभापति सहित एकतिस जना ।

(ख) नेपाली कांग्रेसको क्रियाशील सदस्य रहेका सदस्यमध्येबाट दुई वा सो भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशन प्रतिनिधिले आफू मध्येबाट निर्वाचित गरेका केन्द्रीय महाधिवेशन प्रतिनिधि, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमितिका सभापति सहित एकत्तिस जना ।

(घ) तोकिए बमोजिमका भ्रातृ संघको अधिवेशनबाट निर्वाचित भई आउने केन्द्रीय महाधिवेशन प्रतिनिधि ।

(ङ) तोकिए बमोजिम विदेशस्थित नेपाली जनसम्पर्क समितिको अधिवेशनबाट निर्वाचित भई आउने केन्द्रीय महाधिवेशन प्रतिनिधि ।

(च) धारा ५१ (१) (क) बमोजिमका महाधिवेशन प्रतिनिधि ।

**१६. केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार :** (१) केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) केन्द्रीय महाधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट केन्द्रीय सभापतिको निर्वाचन गर्नेछ ।

(ख) सभापतिमा निर्वाचित हुनका लागि खसेको मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्नु अनिवार्य हुनेछ ।

(ग) पहिलो पटक कुनै पनि उम्मेदवारले पचास प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाकाबीच पुनः मतदान गरिनेछ ।

(घ) पुनः मतदान हुँदा बढीमत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ ।

(ङ) तर पहिलो पटक नै दुई जनामात्र उम्मेदवार भएमा बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

(च) केन्द्रीय महाधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट यस विधानमा तोकिए बमोजिम केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्नेछ ।

(ज) केन्द्रीय महासमिति र केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत गरिएको विषयमा छलफल गरी निर्णय गर्ने ।

(झ) अल्पकालीन वा दीर्घकालीन महत्वका विषयमा पार्टीको नीति निर्धारण गर्ने ।

(ञ) पार्टी संगठन सम्बन्धी विषयमा नीतिगत निर्णय लिने ।

(२) केन्द्रीय महाधिवेशनले आफ्नो अधिकार केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय सभापतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. केन्द्रीय महाधिवेशनको कार्यविधि :**

(१) पार्टीको केन्द्रीय महाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा प्रत्येक चार वर्षमा हुनेछ ।

(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ । तर एक पटक विशेष केन्द्रीय महाधिवेशन आह्वान भए पश्चात दुई वर्ष सम्म विशेष केन्द्रीय महाधिवेशन आव्ह्वान गर्न सकिने छैन ।

(३) केन्द्रीय महाधिवेशनको एक महिना अगाडि केन्द्रीय महाधिवेशनका प्रतिनिधिले आ-आफ्नो जिल्लामार्फत केन्द्रीय महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा बुझाउनु पर्नेछ ।

(४) केन्द्रीय महाधिवेशनको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तिमा दश प्रतिशत सदस्यले केन्द्रीय कार्यसमितिको कुनै पनि निर्णय पुनरावलोकन गर्न केन्द्रीय महाधिवेशन भन्दा एक महिना पहिले नै केन्द्रीय कार्यालय मार्फत केन्द्रीय महाधिवेशनमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् । त्यसरी प्रस्तुत हुने प्रस्तावमा छलफल गरी निर्णय गरिनेछ ।

(५) महाधिवेशनबाट पार्टीको केन्द्रीय कार्यसमितिको निर्वाचन गर्ने व्यवस्था गर्न र नीति निर्माण तथा विधान पारित गर्न फरक फरक समयमा महाधिवेशन गर्न सकिनेछ । सो का लागि पार्टी केन्द्रीय कार्यसमितिले आवश्यक निर्णय गर्नेछ ।

**१८. केन्द्रीय महासमितिको गठन:** (१) केन्द्रीय महासमितिको गठन देहाय बमोजिम हुनेछ।

(क) केन्द्रीय सभापति, उप-सभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीयसदस्य ।

(ख) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनमा कलष्टर अनुसार सवैभन्दा धेरै मत ल्याउने केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिला सहित सात जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट चार जना प्रतिनिधि सभा क्षेत्रको जनसङ्ख्याको बनोट अनुसार, तोकिए बमोजिम समानुपातिक आधारमा निर्वाचित गरेका केन्द्रीय महासमिति सदस्य, क्षेत्रीय सभापति र जिल्ला सभापति ।

(ग) केन्द्रीय महाधिवेशनमा प्रतिनिधित्व गरेका भ्रातृ संघ प्रत्येकबाट सम्बन्धित संस्थाको केन्द्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका केन्द्रीय अध्यक्ष सहित तीन/तीन जना महासमिति सदस्य ।

(घ) विदेश स्थित नेपाली जनसम्पर्क समितिले यस विधान बमोजिम निर्वाचित महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचन गरी पठाएका अध्यक्ष सहितका महासमिति सदस्य ।

(ङ) धारा ५१ (१) (ख) बमोजिमका महासमिति सदस्य ।

(२) केन्द्रीय सभापति र महामन्त्री केन्द्रीय महासमितिको सभापति र महामन्त्री रहनेछन् ।

**१९. <u>केन्द्रीय महासमितिको काम, कर्तव्य र अधिकार:</u>** केन्द्रीय महासमितिले एउटा केन्द्रीय महाधिवेशन समाप्त भई अर्को केन्द्रीय महाधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन बाहेक केन्द्रीय महाधिवेशनको सबै कार्य गर्नेछ ।

**२०. <u>केन्द्रीय महासमितिको कार्यविधि :</u>**

(१) केन्द्रीय महासमितिको बैठक कम्तिमा प्रत्येक वर्षमा एक पटक बस्नेछ । तर केन्द्रीय महाधिवेशन हुने वर्षमा महासमितिको बैठक हुनेछैन ।

(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महासमितिका चालीस प्रतिशत सदस्यले कारण खोली बैठक बोलाउन केन्द्रसमक्ष लिखित अनुरोध गरेमा अनुरोध प्राप्त भएको तीन महिनाभित्र केन्द्रीय महासमितिको विशेष बैठक बोलाउनुपर्नेछ ।

(३) केन्द्रीय महासमितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा दश प्रतिशत सदस्यले केन्द्रीय कार्यसमितिको कुनै पनि निर्णय पुनरावलोकन गर्न केन्द्रीय महासमिति भन्दा एक महिना पहिले नै केन्द्रीय कार्यालय मार्फत केन्द्रीय महासमितिमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् । त्यसरी प्रस्तुत हुने प्रस्तावमा छलफल गरी निर्णय गरिनेछ ।

## <u>परिच्छेद-७</u>

## <u>केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समिति</u>

**२१. <u>केन्द्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ:</u>**

(१) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका सभापति ।

(२) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका उप- सभापति दुई र महामन्त्री दुई ।

(३) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका महिला महाधिवेशन प्रतिनिधिमध्येबाट एक, आदिवासी जनजाती महाधिवेशन प्रतिनिधिमध्येबाट एक, दलित महाधिवेशन प्रतिनिधिमध्येबाट एक, मधेशी महाधिवेशन प्रतिनिधिमध्येबाट एक, खसआर्य महाधिवेशन प्रतिनिधिमध्येबाट एक, थारु महाधिवेशन प्रतिनिधिमध्येबाट एक, मुस्लिम महाधिवेशन प्रतिनिधिमध्येबाट एक र पिछडिएको क्षेत्रका महाधिवेशन प्रतिनिधिमध्येबाट एक समेत निर्वाचित गरेका सह-महामन्त्री आठ र केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिका निर्वाचित सदस्यहरु मध्येबाट नाम प्रस्ताव गरी केन्द्रीय कार्यसमितिबाट अनुमोदित मनोनयन गरेका एक महिला सहित तिन जना सह-महामन्त्री ।

(४ केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी केन्द्रीय कार्यसमितिबाट अनुमोदित कोषाध्यक्ष एक ।

(५) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट प्रत्यक्ष निर्वाचित गरेका पैंतीस जना सदस्य ।

(६) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका महिला केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट प्रत्यक्ष निर्वाचित गरेका नौ जना सदस्य ।

(७) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका प्रत्येक प्रदेशका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट एक जना महिला सहित तीन जना रहने गरी प्रत्यक्ष निर्वाचित गरेका एक्काईस जना सदस्य ।

(८) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका दलित महाधिवेशन प्रतिनिधिमध्येबाट चार महिला र एक मधेशी दलित सहित दश जना, आदिवासी जनजाती महाधिवेशन प्रतिनिधिमध्येबाट सात महिलासहित पन्ध्र जना, खसआर्य महाधिवेशन प्रतिनिधिमध्येबाट छ महिलासहित तेह्र जना, मधेशी महाधिवेशन प्रतिनिधिमध्येबाट चार महिलासहित नौ जना, थारु महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिलासहित चार जना, मुस्लिम महाधिवेशन प्रतिनिधिमध्येबाट एक महिला सहित तीन जना र पिछडिएको क्षेत्रका महाधिवेशन प्रतिनिधिमध्येबाट एक जना सहित निर्वाचित गरेका पचपन्न जना सदस्य ।

(९) विभिन्न पेशा व्यवसाय, श्रमिक र विषयगत क्षेत्रमा क्रियाशील रही विशेष प्रवेशको मध्यमबाट नेपाली कांग्रेसमा आवद्ध भएका महाधिवेशन प्रतिनिधिहरु मध्येबाट दुई महिला सहित सात जना सदस्य ।

(१०)पैतिस वर्ष मुनिका युवा महाधिवेशन प्रतिनिधिहरू मात्र उम्मेदवार हुनेगरी प्रत्येक प्रदेशबाट एक महिलासहित दुइजना र खुल्ला सातजना गरी एक्काइस जना सदस्य ।

(११) नेपाली जन सम्पर्क समितिका महाधिवेशन प्रतिनिधि मात्र उम्मेदवार हुनेगरी तोकिए बमोजिमका क्षेत्रबाट निर्वाचित हुने छ जना ।

(१२) केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूले नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका अल्पसङ्ख्यक महाधिवेशन प्रतिनिधि मध्येबाट एक र अपाङ्गता भएका महाधिवेशन प्रतिनिधिमध्येबाट एक जना गरी निर्वाचित गरेका दुई जना सदस्य ।

(१३) नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट केन्द्रीय सभापतिले कार्यसमितिमा एक तिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था, समावेशी सिद्धान्त बिभिन्न पेशा र विद्यागत प्रतिनिधित्व एवं युवा प्रतिनिधित्व र अपाङ्गता भएका वा अल्पसङ्ख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी एकसट्ठी जना सदस्य मनोनित गर्नेछ ।

(१४) केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यको योग्यता तोकिए बमोजिम हुनेछ ।

(१५) प्रतिनिधि सभा संसदीय दलको नेता र प्रदेश कार्यसमितिको सभापति केन्द्रीय कार्यसमितिको पदेन सदस्य हुनेछ ।

(१६) केन्द्रीय कार्यसमितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।

## २२. <u>केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :</u>

(१) केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनका निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(२) केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनको बैठक नभएको बेला आवश्यक विषयमा निर्णय गर्ने र पछि हुने महासमिति वा महाविशेनमा पेस गर्ने ।

(३) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणा पत्र, नीति कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका सम्पूर्ण निकायलाई परिचालना गर्ने गराउने ।

(४) केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेस गर्ने ।

(५) पार्टीको आचारसंहिता बनाउने र आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(६) केन्द्रीय स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी यस विधानमा उल्लेख गरिएका वाहेक अन्य विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने ।

(७) विभिन्न प्रयोजनका लागि आवश्यकतानुसार आयोग, समिति, उपसमिति, प्रतिनिधि एवं पर्यवेक्षक बनाउने र त्यसको कार्यक्षेत्र निर्धारण गर्ने तथा प्राप्त प्रतिवेदनहरूको आवश्यक मूल्याङ्कन गरी केन्द्रीय कार्यालय अन्तर्गत रहेका विभाग र केन्द्रहरू मार्फत कार्यान्वयन गराउने ।

(८) पार्टीका भ्रातृ संघ एवं शुभेच्छुक संस्थालाई सम्बन्धन दिने तथा आवश्यक निर्देशन दिने ।

(९) पार्टीका विभिन्न निकाय र भ्रातृ संघहरूबाट प्राप्त प्रतिवेदनहरूको छानविन गरी अनुमोदन गर्ने, नियमित गराउन निर्देशन दिने र आवश्यकतानुसार कारवाही समेत गर्ने ।

(१०) केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमितिद्वारा स्वीकृत पार्टीको नीति, कार्यक्रम र घोषणापत्र पार्टीको संसदीय दललाई उपलब्ध गराउने तथा संसदीय दलबाट प्राप्त प्रतिवेदन केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमितिमा प्रस्तुत गर्ने ।

(११) पार्टी सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा सरकारमा जाने मन्त्रीहरूको मापदण्ड तयार गर्ने ।

(१२) संसदीय निर्वाचन, प्रदेश निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने केन्द्रीय महासमितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(१३) अन्तराष्ट्रिय संघ संस्थाहरूसंग सम्पर्क तथा मैत्री कायम राखी परस्परको हितलाई संरक्षण गर्ने ।

(१४) आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत संकलन र परिचालन गर्न कोषाध्यक्षको संयोजकत्वमा आर्थिक स्रोत व्यवस्थापन उपसमिति गठन गर्ने ।

(१५) केन्द्रीय लेखापरीक्षण समितिले दिएको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन पारित गर्ने र सो प्रतिवेदन कोषाध्यक्ष मार्फत केन्द्रीय महाधिवेशन/केन्द्रीय महासमितिमा प्रस्तुत गर्ने ।

(१६) प्रदेश-प्रदेशबीचको समन्वय र सुपरीवेक्षण गर्ने ।

(१७) प्रदेश र मातहत तहका निर्वाचनमा आवश्यकता अनुसार प्रतिनिधि खटाउने ।

(१८) राष्ट्रिय राजनीतिका विभिन्न विषयमा छलफल गरी समसामयिक दृष्टिकोण र रणनीति निर्माण गर्ने ।

(१९) पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(२०) पार्टीको कुनै निकाय, पदाधिकारी वा सदस्य, भ्रातृ संघ, शुभेच्छुक संस्था र विदेशस्थित जनसम्पर्क समितिले विधान वा केन्द्रीय निर्देशनको गम्भीर उल्लङ्घन गरी पार्टी हित विपरीत काममा संलग्न भएको देखिएमा र पार्टीको हितका लागि तत्काल कार्वाही गर्न आवश्यक भएमा केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो निकाय वा पदाधिकारीलाई निलम्बन, विघटन वा हटाउन सक्नेछ । यसरी विघटन गरिएकोमा वा हटाइएकोमा केन्द्रीय कार्यसमितिले तत्काल तदर्थ समिति गठन गर्नेछ र छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गर्नेछ ।

(२१) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## २३. <u>केन्द्रीय कार्यसम्पादन समितिको गठनः</u>

(१) केन्द्रीय कार्यसमितिको सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सह-महामन्त्री, पदेन ।

(२) सभापतिले कार्यसमितिका सदस्यमध्येबाट समावेशी सिद्धान्त एवम् युवा प्रतिनिधित्व समेतलाई ध्यानमा राखी केन्द्रीय कार्यसम्पादन समितिका लागि एकतीस जना सदस्य कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ । उक्त प्रस्तावलाई कार्यसमितिको बहुमतले अनुमोदन गर्नेछ ।

(३) संसदीय दलको नेता केन्द्रीय कार्यसम्पादन समितिको पदेन सदस्य हुनेछ ।

(४) केन्द्रीय कार्यसमितिका प्रवक्ता ।

(५) केन्द्रीय कार्यसम्पादन समितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नेछ ।

## २४. केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकारः

(१) कार्यसमितिको एउटा बैठक र अर्को बैठककोबीचमा कार्यसमितिले गर्नुपर्ने काम केन्द्रीय कार्यसम्पादन समितिले गर्नेछ ।

(२) कार्यसम्पादन समितिले आफ्नो निर्णय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

(३) पार्टीका केन्द्रीय विभागको कामको समीक्षा गर्नेछ ।

(४) समय-समयमा संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका संयोजकसंग संयुक्त रूपमा विषयगत छलफलको आयोजना गर्नेछ ।

## २५. केन्द्रीय कार्यसमितिको सभापतिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीको समग्र नेतृत्व गर्ने ।

(२) केन्द्रीय महाधिवेशन, केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र केन्द्रीय संसदीय समितिको अध्यक्षता गर्ने र आवश्यक परे निर्णायक मत दिने ।

(३) धारा २१ (३) र (४) बमोजिम केन्द्रीय कार्यसमितिको पदाधिकारीको नाम प्रस्ताव गर्ने र धारा २१ (१३) बमोजिम केन्द्रीय कार्यसमितिका सदस्यको मनोनयन गर्ने।

(४) केन्द्रीय कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने, कार्य विभाजन हेरफेर गर्ने र पार्टीका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(५) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनका रूपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(६) पार्टीका तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने, गराउने ।

(७) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरू गर्ने र त्यसको जानकारी केन्द्रीय कार्यसमितिलाई दिने ।

(८) पार्टीका केन्द्रीय निकायद्वारा भएका निर्णयको कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने । पार्टी विधानको पालना गर्ने गराउने, निर्णय कार्यान्वयन गराउने सम्बन्धमा कुनै तहको समिति वा पदाधिकारीले पार्टीले दिएको जिम्मेवारी बहन नगरेमा, निर्देशन पालना नगरेमा र सदस्यता वितरण, अधिवेशन प्रक्रिया वा निर्णय कार्यान्वयनमा अबरोध गरेमा तत्कालको आवश्यकता अनुसार पार्टीको कुनै पनि निकाय वा पदाधिकारी वा सदस्यलाई पदबाट निलम्बन गरी निश्चित अबधीसम्मको लागि बैकल्पिक व्यबस्था गरी विधानको पालना तथा निर्णय कार्यान्वयन गराउने र त्यसको जानकारी केन्द्रीय कार्यसमितिलाई दिने ।

(९) केन्द्रीय विभाग एवं अन्य केन्द्रीय निकायका प्रमुख, उपप्रमुख, सचिव र सदस्यको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने, विभिन्न विषय, क्षेत्र र निकायमा केन्द्रीय, विशेष जिम्मेवारी प्रदान गर्ने । पार्टीको तर्फबाट तहगत निर्वाचनमा उम्मेदवारको अन्तिम टुङ्गो लगाउने सन्दर्भमा तत्कालको आवश्यकता अनुसार निर्णय गर्ने, गराउने ।

(१०) केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीको नियुक्ति र हेरफेर गर्ने ।

(११) केन्द्रीय सभापतिले पार्टीको निकाय, पदाधिकारी वा सदस्यका सम्बन्धमा परेको उजुरी र गतिविधिका सम्बन्धमा छानविन समिति गठन गरी छानविन गर्न सक्नेछ । त्यसरी जाँचबुझ गरिएको अवस्थामा केन्द्रीय कार्यसमितिले छानविन

समितिको प्रतिवेदनका आधारमा वा तत्कालको आवश्यकता अनुसार पार्टीको कुनै पनि निकाय वा पदाधिकारी वा सदस्यलाई पदबाट निलम्बन गर्न सक्नेछ ।

(१२) केन्द्रीय कार्यसमितिले पार्टीको कुनै पनि निकायलाई निलम्बन गर्दा त्यस्तो निलम्बन भएको पार्टीको निकायको कार्यसम्पादन गर्न निलम्बन भएको अवधिसम्मका लागि कुनै समिति वा सदस्य वा व्यक्तिलाई तोक्न सक्नेछ ।

(१३) सभापतिले आफू विदेश गएको अवस्थामा वा आवश्यकता अनुसार उप-सभापतिलाई कार्यवाहक सभापति तोक्नेछ ।

(१४) धारा २१ (१६) बमोजिम केन्द्रीय कार्यसमिति र धारा २३ (५) बमोजिम केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाउने ।

(१५) योग्यता पुगेका कुनै व्यक्तिलाई तत्काल् नेपाली कांग्रेसको सदस्यता वा नेपाली कांग्रेसको क्रियाशील सदस्यता दिनु पर्ने अवस्था भएमा सदस्यता प्रदान गर्ने । र, अन्य पार्टीबाट आएका वा पार्टीमा विशेष प्रवेशमार्फत आएका व्यक्तिलाई आवश्यकता अनुसार पार्टीमा जिम्मेवारी प्रदान गर्ने ।

(१६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## २६. <u>केन्द्रीय सभापतिको राजीनामाः</u>

(१) केन्द्रीय सभापतिले राजीनामा दिन चाहेमा उप-सभापतिमार्फत केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नुपर्नेछ ।

(२) केन्द्रीय कार्यसमितिले राजीनामा स्वीकृत गरेमा उप-सभापतिले कार्यवाहक सभापति भई कार्यभार सम्हाल्नेछ र छ महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाई केन्द्रीय सभापतिको निर्वाचन गरिनेछ ।

(३) अन्य कुनै कारणबाट केन्द्रीय सभापतिको पद रिक्त हुन आएमा उपधारा (२) बमोजिम गरिनेछ ।

## २७. <u>महामन्त्रीको काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछः</u>

(१) नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ । महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ ।

(२) केन्द्रीय महाधिवेशन, केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र अन्य केन्द्रीय समितिहरूको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी महामन्त्रीको हुनेछ ।

(३) दैनिक कार्यसञ्चालनका लागि सभापतिलाई सहयोग पुऱ्याउने तथा महत्वपूर्ण विषयमा सभापतिलाई जानकारीर सुझाव दिने ।

(४) पार्टीको संगठन संरचना, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका

निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(५) पार्टी सम्बन्धी कार्यमा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।

(६) केन्द्रीय कार्यसमिति, केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(७) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

(८) केन्द्रीय महाधिवेशन, केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

(९) नेपाली कांग्रेसको सदस्यता बारे धारा ४ को उपधारा ९ बमोजिमको कार्य गर्ने गराउने ।

(१०) पार्टी मातहतका निकायहरूलाई पार्टीको निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(११) योग्यता पुगेका कुनै व्यक्तिलाई तत्काल् नेपाली कांग्रेसको सदस्यता वा नेपाली कांग्रेसको क्रियाशील सदस्यता दिनु पर्ने अवस्था भएमा सदस्यता प्रदान गर्ने ।

(१२) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२८. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) पार्टीका निम्ति आवश्यक आर्थिक स्रोत-साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) केन्द्रीय कार्यसमितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र केन्द्रीय कार्यसमितिको निर्णयानुसार सञ्चालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसमितिमार्फत् केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनमा प्रस्तुत गर्ने ।

(६) केन्द्रीय कार्यसमितिले पारित गरेको लेखा परीक्षण सम्बन्धी प्रतिवेदन केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमितिमा प्रस्तुत गर्ने ।

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२९. पार्टीको कोषः**

(१) पार्टीको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायका रकमहरू रहनेछन् ।

(क) पार्टीको सदस्यता तथा सदस्यता नवीकरणबाट प्राप्त रकम ।

(ख) तोकिए बमोजिम पार्टीका सदस्यहरूबाट प्राप्त हुने रकमहरू ।

(ग) अन्य विविध रकम ।

(२) पार्टी कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

(३) पार्टीको आय-व्यय र हिसाब किताबको लेखा परीक्षण केन्द्रीय लेखा समितिले नियुक्त गरेको मान्यता प्राप्त लेखा परीक्षकबाट गराइनेछ । लेखा परीक्षकबाट प्राप्त लेखा परीक्षणको प्रतिवेदन लेखा परीक्षण समितिले केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नु पर्नेछ । केन्द्रीय कार्यसमितिमा प्रस्तुत उक्त प्रतिवेदन सार्वजनिक गरिनेछ ।

## परिच्छेद-८

## नेपाली कांग्रेसको तर्फवाट हुने उम्मेदवारको योग्यता, संसदीय समिति, उम्मेदवारको सिफारिस, निर्णय र अनुमोदन सम्बन्धी व्यवस्था:

### ३०. उम्मेदवारको योग्यता:

(१) देहाय बमोजिमको योग्यता भएको नेपाली नागरिक नेपाली कांग्रेसका तर्फवाट राज्यको कुनै पनि तहको पदमा उम्म्देवार हुन योग्य मानिने छ ।

(क) नेपाली कांग्रेसको क्रियाशील सदस्य भएको । तर, कुनै राजनीतिक दल नेपाली कांग्रेसमा समाहित वा एकीकरण भएकोमा वा अन्य राजनीतिक दलमा काम गरी नेपाली कांग्रेसमा प्रवेश गरेको वा अन्य पेशागत, विषयगत विज्ञता र सामाजिक क्षेत्रमा क्रियाशील रहेको व्यक्तिको हकमा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) नेपाली कांग्रेसद्धारा सञ्चालन गरिएका विभिन्न कार्यक्रम, अभियान र आन्दोलन समेतका गतिविधिमा सक्रिय रूपले भाग लिएको ।

(ग) निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारको पक्षमा सक्रियतापूर्वक काम गरेको ।

(घ) प्रचलित कानुनले उम्मेदवार हुन योग्य भएको ।

(ङ) समाजमा विकास निर्माण, रचनात्मक तथा सामाजिक कार्यमा क्रियाशील रहेको ।

(च) उच्च नैतिक चरित्र भएको ।

### ३१. संसदीय समिति सम्बन्धी व्यवस्था:

(१) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीका तर्फवाट उम्मेदवार चयन गर्न विभिन्न तहमा संसदीय समिति गठन गरिने छ ।

**(क) प्रतिनिधि सभा क्षेत्र संसदीय समितिः** प्रतिनिधि सभा क्षेत्र संसदीय समितिमा पदाधिकारी सहित देहाय बमोजिमका सदस्य रहनेछन् ।

(१) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सभापति प्रतिनिधि सभा क्षेत्र संसदीय समितिका सभापति र सचिव प्रतिनिधि सभा क्षेत्र संसदीय समितिको सचिव हुनेछन् ।

(२) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी प्रतिनिधि सभा क्षेत्र संसदीय समितिका पदेन सदस्य हुनेछन् ।

(३) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सभापतिले कार्यसमितिका सदस्यमध्येबाट प्रस्ताव गरी प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले अनुमोदन गरेका बढीमा पाँच जना सदस्य । सभापतिले यसरी प्रस्ताव गर्दा समावेशी सिद्धान्तलाई ध्यानमा राखि गर्नु पर्नेछ ।

(४) सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्रका केन्द्रीय कार्यसमितिका सदस्य, सो निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फबाट निर्वाचित सांसद वा सांसदका उम्मेदवार पदेन सदस्य ।

**(ख) जिल्ला संसदीय समितिः** जिल्ला संसदीय समितिमा पदाधिकारी सहित देहाय बमोजिमका सदस्य रहनेछन् ।

(१) जिल्ला कार्यसमितिका सभापति जिल्ला संसदीय समितिका सभापति र सचिव जिल्ला संसदीय समितिको सचिव हुनेछन् ।

(२) जिल्ला कार्यसमितिका पदाधिकारी जिल्ला संसदीय समितिका पदेन सदस्य हुनेछन् ।

(३) जिल्ला सभापतिले जिल्ला कार्यसमितिका सदस्यमध्येबाट प्रस्ताव गरी जिल्ला कार्यसमितिले अनुमोदन गरेका बढीमा पाँच जना सदस्य । सभापतिले यसरी प्रस्ताव गर्दा समावेशी सिद्धान्तलाई ध्यानमा राखी गर्नु पर्नेछ ।

(४) सम्बन्धित जिल्लाभित्रका केन्द्रीय कार्यसमितिका सदस्य पदेन सदस्य हुनेछन् ।

**(ग) प्रदेश संसदीय समितिः** प्रदेश संसदीय समितिमा पदाधिकारी सहित देहाय बमोजिमका सदस्य रहनेछन् ।

(१) प्रदेश कार्यसमितिका सभापति प्रदेश संसदीय समितिका सभापति र प्रदेश महामन्त्री प्रदेश संसदीय समितिको महामन्त्री हुनेछन्

(२) प्रदेश कार्यसमितिका पदाधिकारी प्रदेश संसदीय समितिका पदेन सदस्य हुनेछन् ।

(३) प्रदेश सभापतिले प्रदेश कार्यसमिति सदस्यमध्येबाट प्रस्ताव गरी प्रदेश कार्यसमितिले अनुमोदन गरेका बढीमा नौ जना सदस्य । सभापतिले यसरी प्रस्ताव गर्दा समावेशी सिद्धान्तलाई ध्यानमा राखी गर्नु पर्नेछ ।

(४) प्रदेश संसदीय दलको नेता प्रदेश संसदीय समितिको पदेन सदस्य हुनेछ।

(५) सम्बन्धित जिल्लाका केन्द्रीय कार्यसमितिका सदस्य र जिल्ला कार्यसमितिका सभापतिलाई सम्बन्धित जिल्लाको उम्मेदवारको निर्णय गर्दा प्रदेश संसदीय समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

**(घ) केन्द्रीय संसदीय समितिः** केन्द्रीय संसदीय समितिमा केन्द्रीय कार्यसमितिका पदाधिकारी सहित देहाय बमोजिमका सदस्य रहनेछन ।

(१ केन्द्रीय कार्यसमितिका सभापति केन्द्रीय संसदीय समितिका सभापति र महामन्त्री केन्द्रीय संसदीय समितिको महामन्त्री हुनेछन ।

(२) केन्द्रीय कार्यसमितिका पदाधिकारी केन्द्रीय संसदीय समितिका पदेन सदस्य हुनेछन ।

(३) केन्द्रीय सदस्यमध्येबाट केन्द्रीय सभापतिले प्रस्ताव गरी केन्द्रीय कार्यसमितिले अनुमोदन गरेका बढीमा एघार जना सदस्य । सभापतिले यसरी प्रस्ताव गर्दा समावेशी सिद्धान्तलाई ध्यानमा राखी गर्नु पर्नेछ ।

(४) संसदीय दलको नेता संसदीय समितिको पदेन सदस्य हुनेछ ।

(५) प्रदेश कार्यसमितिको सभापतिलाई सम्बन्धित प्रदेशको संघीय संसद, प्रदेश सभा र महानगरपालिका प्रमुख, उपप्रमुखको उम्मेदवारको निर्णय गर्दा केन्द्रीय संसदीय समितिको बैठकमा आमन्त्रित गर्नु पर्नेछ ।

(२) सबै तहका संसदीय समितिले उम्मेदवारी सम्बन्धमा गरेको निर्णय सम्बन्धित तहको पार्टीको कार्यसमितिबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) पार्टीको केन्द्रीय कार्यसमितिले आवश्यकतानुसार उम्मेदवारी पत्रमा हस्ताक्षर गर्ने पदाधिकारी तोक्न सक्नेछ ।

(४) यसरी तोकिएको पदाधिकारीले विभिन्न तहका संसदीय समितिले गरेको निर्णय बमोजिम उम्मेदवारी पत्रमा हस्ताक्षर गर्नेछ ।

**३२. <u>उम्मेदवारीको सिफारिस, निर्णय र अनुमोदन सम्बन्धी व्यवस्था :</u>**

**(१) गाउँ, नगर वडाका अध्यक्ष र सदस्यको उम्मेदवारीः**

(क) गाउँ, नगर वडाको अध्यक्ष र सदस्यको उम्म्देवारीका लागि सम्बन्धित वडाका क्रियाशिल सदस्यहरुको भेला(प्राइमरी)बाट तोकिएको विधि बमोजिम एक महिला सहित तिन जना र सदस्यका हकमा प्रत्येक एक पदको

लागि एक महिला सहित बढीमा तीन जनाको नाम वडा कार्यसिमितिले गाउँ नगरपालिका कार्यासमितिमा सिफारिस गरि पठाउनेछ ।

(ख) गाउँ नगरपालिका कार्यसमितिले तोकिएको मापदण्ड बमोजिम आवश्यक निर्णय गरी तोकिएको निकायमा पठाउनेछ ।

(ग) उम्मेदवार छनोट सम्बन्धि मापदण्ड र अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ।

**(२) गाउँपालिका अध्यक्ष र उपाध्यक्षको उम्मेदवारी :**

(क) गाउँपालिका अध्यक्ष र उपाध्यक्षको उम्म्देवारीका लागि सम्बन्धित गाउँपालिका अन्तर्गतका वडामा क्रियाशील सदस्यको भेला(प्राइमरी)बाट अध्यक्ष र उपाध्यक्ष पदको लागि एक जना महिला सहित तिन जना नाम गाउँपालिका कार्यसमितिमा सिफारिस गरी पठाउनेछ ।

(ख) गाउँपालिका कार्यसमितिले वडाबाट आएका नामलाई तोकिएको मापदण्ड बमोजिम आवश्यक सिफारिस र निर्णय गरी तोकिएको निकायमा पठाउनेछ।

(ग) उम्मेदवार छनोट सम्बन्धि मापदण्ड र अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ।

**(३) नगरपालिका र उपमहानगरपालिका प्रमुख र उपप्रमुखको उम्मेदवारी:**

(क) नगरपालिका र उपमहानगरपालिका प्रमुख र उपप्रमुखको उम्म्देवारीका लागि सम्बन्धित नगरपालिका र उपमहानगरपालिका अन्तर्गतका वडाको क्रियाशील सदस्यको भेला(प्राइमरी) बाट प्रमुख र उप प्रमुख पदको लागि एकमहिला सहित तिन-जना नाम नगरपालिका र उपमहानगरपालिका कार्यसमितिमा पठाउनेछ ।

(ख) नगरपालिका र उपमहानगरपालिका कार्यसमितिले वडाबाट आएका नामहरूमा तोकिएको मापदण्ड बमोजिम आवश्यक निर्णय गरी तोकिएको निकायमा पठाउनेछ ।

(ग) उम्मेदवार छनोट सम्बन्धि मापदण्ड र अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

**(४) महानगरपालिका प्रमुख र उप प्रमुखको उम्मेदवारी:**

(क) महानगरपालिका प्रमुख र उपप्रमुखको उम्मेदवारीकालागि सम्बन्धित महानगरपालिका अन्तर्गतका वडाको क्रियाशील सदस्यको भेला(प्राइमरी) बाट प्रमुख र उप प्रमुख पदको लागि एकमहिला सहित तिन-जना नाम महानगरपालिका कार्यसमितिमा पठाउनेछ ।

(ख) महानगरपालिका कार्यसमितिले तोकिएको मापदण्ड बमोजिम आवश्यक निर्णय गरी तोकिएको निकायमा पठाउनेछ ।

(ग) उम्मेदवार छनोट सम्बन्धि मापदण्ड र अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

**(५) जिल्ला समन्वय समितिको सदस्यको उम्मेदवारीः**

(क) जिल्ला समन्वय समितिको सदस्य पदको उम्मेदवारीका लागि जिल्ला कार्यसमितिले योग्यता पुगेका व्यक्तिमध्येबाट प्रत्येक सदस्यका लागि एक महिला सहित बढीमा तीन जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके बहुमतबाट निर्णय गरी जिल्ला संसदीय समितिमा पठाउनेछ ।

(ख) जिल्ला संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरी तोकिएको निकायमा पठाउनेछ।

(ग) जिल्ला संसदीय समितिले निर्णय गर्दा सम्बन्धित क्षेत्रको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र प्रदेश सभा क्षेत्रीय कार्यसमितिको सभापतिलाई बैठकमा आमन्त्रण गर्नेछ ।

**(६) जिल्ला समन्वय समितिको प्रमुख र उप प्रमुखको उम्मेदवारीः**

(क) जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख पदको उम्मेदवारीका लागि जिल्ला कार्यसमितिले योग्यता पुगेका व्यक्तिमध्येबाट प्रमुखका लागि एक महिला सहित बढीमा तीन जना र उपप्रमुखका लागि एक महिला सहित बढीमा तीन जनाको नाम सहमति भए सहमति अनुसार र सहमति हुन नसके बहुमतबाट निर्णय गरी प्रदेश कार्यसमितिमा पठाउनेछ ।

(ख) प्रदेश कार्यसमितिले प्राप्त नाम आफूसंग विवरण राखी प्रदेश संसदीय समितिमा पठाउनेछ ।

(घ) प्रदेश संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरी उक्त निर्णय प्रदेश कार्यसमितिबाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

**(७) प्रदेश सभा सदस्यको उम्मेदवारीः**

(क) प्रदेश सभा सदस्यको उम्मेदवारीका लागि सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्र भित्रका क्षेत्रीय प्रतिनिधिसहितको भेला(प्राइमरी)बाट एक महिला सहित तिन जना नाम क्षेत्रीय कार्यसमितिले तोकिएको विधि बमोजिम आवश्यक निर्णय गरी केन्द्रमा  पठाउने छ ।

(ख) उम्मेदवार छनोट सम्बन्धि मापदण्ड र अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ।

(ग) केन्द्रीय संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरी उक्त निर्णय केन्द्रीय कार्य समितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(घ) प्रदेश सभा सदस्य समानुपातिक उम्मेदवारको हकमा क्षेत्रीय कार्यसमितिले नेपालको संविधानको धारा १७६ को व्यवस्थालाई ध्यानमा राखी प्रदेश सभा क्षेत्रभित्रका क्षेत्रीय प्रतिनिधिको भेलाबाट आफु मातहतका वडामा क्रियाशिल सदस्य रहेका मध्येबाट एक महिला सहित तिन जनाको नाम तोकिएको बिधि बमोजिम आवश्यक निर्णय गरी जिल्ला कार्य समिति र प्रदेश कार्यसमितिलाई समेत जानकारी दिई केन्द्र समक्ष सिफारिस गर्नु पर्नेछ ।

(ङ) केन्द्रले आफु समक्ष पेश भएको नामको विवरण आफूसंग राखी केन्द्रीय संसदीय समिति समक्ष पेश गर्नेछ र केन्द्रीय संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरी उक्त निर्णय केन्द्रीय कार्य समितिवाट अनुमोदन गराई पार्टीको तर्फबाट उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(च) पार्टीले समानुपातिकको सूची बनाउँदा सम्बन्धित क्लस्टरमा पनि विगतमा अवसर नपाएका समुदाय, क्षेत्र र क्लस्टरलाई प्राथमिकता दिनेछ । उम्मेदवार छनोट सम्बन्धि मापदण्ड र अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ।

(ङ) प्रदेश सभा सदस्य समानुपातिक तर्फ मातहत निकायबाट सिफारिस भएका प्रदेश सभा सदस्यको प्रत्यक्षतर्फ र समानुपातिकतर्फको उम्मेदवारीका लागि नेपालको संविधानको धारा १७६ बमोजिम उम्मेदवारी दिन कुनै समावेशी समुदायको नाम प्राप्त नभएमा वा प्राप्त नाम पर्याप्त नभएमा केन्द्रीय संसदीय समितिले सिफारिस नभएको व्यक्तिलाई पनि उम्मेदवारका लागि निर्णय गरी उम्मेदवारी दिने व्यवस्था मिलाउनेछ ।

**(८) प्रतिनिधि सभा सदस्यको उम्मेदवारी:**

(क) प्रतिनिधि सभा सदस्यको उम्मेदवारीका लागि सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्र अन्तर्गतका क्षेत्रीय प्रतिनिधिहरूसहितको भेला(प्राइमरी)ले एक महिला सहित तिन जना नाम तोकिएको विधि बमोजिम प्रतिनिधि सभा क्षत्रीय कार्यसमितिले आवश्यक निर्णय गरी  केन्द्रमा सिफारिस गरी पठाउनेछ ।

(ख) केन्द्रीय संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरी उक्त निर्णय केन्द्रीय कार्यसमितिबाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(ग) प्रतिनिधि सभा सदस्य समानुपातिक उम्मेदवारको हकमा प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले नेपालको संविधानको धारा ८४ को व्यवस्थालाई ध्यानमा राखी आफु मातहतका क्षेत्रीय प्रतिनिधिहरूको भेलाबाट एक महिला सहित तिन जनाको नाम तोकिएको विधि बमोजिम निर्णय गरी जिल्ला कार्य समिति र प्रदेश कार्यसमितिलाई समेत जानकारी दिई केन्द्र समक्ष सिफारिस गर्नु पर्नेछ ।

(घ) केन्द्रले आफु समक्ष पेश भएको नामको विवरण आफूसंग राखी केन्द्रीय संसदीय समिति पेश गर्नेछ र केन्द्रीय संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरी उक्त निर्णय केन्द्रीय कार्य समितिवाट अनुमोदन गराई पार्टीको तर्फबाट उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ। पार्टीले समानुपातिकको सूची बनाउँदा सम्बन्धित क्लस्टरमा पनि विगतमा अवसर नपाएका समुदाय, क्षेत्र  र क्लस्टरलाई प्राथमिकता दिनेछ ।

(ङ) उम्मेदवार छनोट सम्बन्धि मापदण्ड र अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ।

(च) प्रतिनिधि सभा सदस्य समानुपातिक तर्फ मातहत निकायवाट सिफारिस भएका प्रतिनिधि सभा सदस्यको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारीका लागि प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रदेश नाममा नेपालको संविधानको धारा ८४ बमोजिम उम्मेदवारी दिन कुनै समावेशी समुदायको नाम प्राप्त नभएमा वा प्राप्त नाम पर्याप्त नभएमा केन्द्रीय संसदीय समितिले नाम सिफारिस नभएको व्यक्तिलाई पनि उम्मेदवारका लागि निर्णय गरी उम्मेदवारी दिने व्यवस्था मिलाउनेछ ।

**(९) राष्ट्रिय सभा सदस्यको उम्मेदवारीः**

(क) प्रत्येक प्रदेश कार्यसमितिले नेपालको संविधानको धारा ८६ उपधारा २ (क) बमोजिम निर्वाचित हुने राष्ट्रिय सभा सदस्यको लागि मातहतका जिल्लाबाट योग्यता पुगेका सम्भावित नामको सूची माग गरी प्राप्त नाममध्येबाट एक सिटका लागि तीन जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र

सहमति हुन नसके बहुमतबाट निर्णय गरी केन्द्रमा पठाउनेछ ।

(ख) केन्द्रले प्राप्त नाम आफूसंग विवरण राखी केन्द्रीय संसदीय समितिमा पठाउनेछ ।

(ग) केन्द्रीय संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा वहुमतबाट निर्णय गरी केन्द्रीय कार्यसमितिबाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गरी सम्बन्धित उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(घ) केन्द्रीय संसदीय समितिले नेपालको संविधानको धारा ८६ उपधारा २ (ख) बमोजिम मनोनित हुने राष्ट्रिय सभा सदस्यको निर्णय गरी केन्द्रीय कार्यसमितिवाट अनुमोदन गर्नेछ ।

(१०) उपधारा (१), (२), (३), (४), (५), (६) बमोजिम बिभिन्न तहमा उम्मेदवार छनोट सम्बन्धमा प्रतिनिधिसभा क्षेत्रीय कार्य समिति, जिल्ला कार्य समिति र प्रदेश कार्य समितिको अधिकार र भूमिका तोकिए बमोजिम हुनेछ। पार्टीको तर्फबाट उम्मेदवार भइ निर्वाचित जनप्रतिनिधिले प्रचलित कानून, पार्टी विधान र हित विपरित काम गरेमा, पदीय जिम्मेवारी पुरा नगरेमा र कार्यसम्पादन सन्तोषजनक नदेखिएमा पार्टीले फिर्ता बोलाउन सक्नेछ। उम्मेदवार छनोट र फिर्ता बोलाउने सम्बन्धी प्रक्रिया र मापदण्ड तोकिए बमोजिम छ ।

(११) यस धाराको उपधारा (१), (२), (३), (४), (५), (६) (७), (८) र (९) बमोजिम विभिन्न तहमा उम्मेदवार बनाउँदा सम्बन्धित तहबाट सिफारिस भएका उम्मेदवारका साथै सार्वजनिक, समाजिक जीवन लगायत विभिन्न क्षेत्रमा क्रियाशील र लोकप्रिय उम्मेदवार छनोट गर्न पार्टीले आबश्यक ठानेमा अन्य विधि र प्रक्रिया अबलम्बन गरी पार्टीको तर्फबाट उम्मेदवारी तय गर्न सक्नेछ। सो सम्बन्धि अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

(१२) **कांग्रेस लिडरसिप एकाडेमी**

(क) पार्टीले आन्तरिक र सार्वजनिक नेतृत्व विकासका लागि निश्चित पाठ्यक्रम तयार गरी कक्षा सञ्चालन लगायत देहायका काम गर्न पार्टीको केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान संग समन्वयमा काम गर्ने गरी कांग्रेस लिडरसिप एकाडेमी रहनेछ ।

(१) पार्टीको सदस्यता लिएपछि नेपाली कांग्रेसको सदस्य, कांग्रेसको इतिहास, आदर्श, विचार, ध्येय लगायत पार्टीको आर्थिक नीति, विकास नीति, सामाजिक नीतिका विषयमा पार्टीका सदस्यलाई प्रशिक्षित गर्ने ।

(२) पार्टीमा क्रियाशील रहेका र नवीकरण हुने सदस्यलाई पार्टीको नीति, कार्यक्रम र प्राथमिकता र अद्यावधिक नीतिगत विषयबारे पुनर्ताजगी तालिम प्रदान गर्ने ।

(३) पार्टीको तर्फबाट निर्वाचित स्थानीय, प्रदेश र संघीय जनप्रतिनिधिलाई निश्चित पाठ्यक्रममा आधारित पब्लिक पोलिसी कक्षा संचालन गर्ने ।

(४) पाठ्यक्रम तयार गरी पार्टीको तर्फबाट जनप्रतिनिधि बन्ने आकांक्षा राख्ने वा स्थानीय, प्रदेश र संघीय सरकारमा कार्यकारी भुमिकामा जिम्मेवारी लिन चाहाने व्यक्तिहरूलाई उक्त जिम्मेवारीसंग जोडिएको आधारभूत तथा विषयगत ज्ञान, सिप र नेतृत्व विकासका लागि कक्षा संचालन गर्ने ।

(ख) सार्वजनिक जिम्मेवारीमा जाने व्यक्ति निर्वाचन भन्दा अगाडि र पछाडी पब्लिक पोलिसी कक्षा लिनुपर्ने छ ।

(ग) कांग्रेस लिडरसिप एकाडेमीमार्फत निश्चित कक्षा पुरा गरे नगरेको आधारलाई पार्टीको उम्मेदवारी छनोटसंग जोड्न सकिनेछ ।

(घ) कांग्रेस लिडरसिप एकाडेमी गठन, संरचना लगायतको अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

## ३३. <u>उम्मेदवारीबारे अन्य व्यवस्था:</u>

(१) कुनै पनि तहको प्रत्यक्ष तर्फको उम्मेदवार मनोनयन दर्ता हुने मिति भन्दा एक महिना पूर्व अन्तिम निर्णय गरिसक्नु पर्नेछ ।

(२) प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा पार्टीको तर्फबाट समानुपातिक आधारमा निर्वाचित व्यक्ति त्यसपछिको प्रतिनिधि सभा वा प्रदेश सभामा पार्टीको तर्फबाट समानुपातिक आधारमा पुनः उम्मेदवार हुन पाउने छैन ।

(३) प्रतिनिधि सभा र प्रदेश सभा दुबैमा समानुपातिकतर्फको उम्मेदवारको निर्णय गर्दा कुनै पनि निर्वाचन क्षेत्रबाट एकभन्दा बढी उम्मेदवार दिइने छैन ।

(४) उम्मेदवारीको निर्णय वा अनुमोदन गर्ने निकायले उम्मेदवारका लागि प्रस्तुत भएका नाम बारे सम्बन्धित निर्वाचन क्षेत्रमा कुनै किसिमले सर्वेक्षण गर्न वा गराउन सक्नेछ । केन्द्रीय संसदीय समितिले निर्णय गर्दा सम्बन्धित प्रदेश कार्यसमितिको सभापतिलाई बैठकमा आमन्त्रण गर्नेछ ।

(५) कुनै पनि तहमा पार्टीको तर्फबाट उम्मेदवार हुने क्रियाशिल सदस्यले

मनोनयन दाखिल गरेसंगै उम्मेदवारको सिफारिस गर्ने तह मार्फत केन्द्र समक्ष सम्पत्ति विवरण र तोकीए बमोजमको स्वघोषणा फारम बुझाउनु पर्नेछ ।

## परिच्छेद-९

## अनुशासन समितिको गठन, काम, कर्तव्य र अधिकार

**३४. अनुशासन सम्बन्धी व्यवस्था :**

१. अनुशासन उल्लघंन गरेको मानिने ।

नेपाली कांग्रेसको सदस्य, नेपाली कांग्रेसको क्रियाशील सदस्य वा निकायले देहाय बमोजिमको कार्य गरेमा अनुशासन उल्लङ्घन गरेको मानिनेछ ।

(क) पार्टीको आदर्श, सिद्धान्त र नीति विपरीत कुनै पनि कार्य गरेमा ।

(ख) पार्टीको विधान, नियमावली विपरीत कार्य गरेमा ।

(ग) पार्टीको आचारसंहिता उल्लङ्घन गरेमा ।

(घ) पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेको उम्मेदवार विरुद्ध उम्मेदवार भएमा वा त्यस्तो उम्मेदवारको प्रस्तावक वा समर्थक भएमा वा निर्वाचनको समयमा पार्टीको उम्मेदवारका विरुद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विरोध गरेमा वा असहयोग गरेमा ।

(ङ) पार्टीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हानी नोक्सानी पुऱ्याएमा ।

(च) कसैको पनि चरित्र हत्या हुने, व्यक्तिगत वा सामाजिक मर्यादा भंग हुने, सम्मानमा चोट पुग्ने वा वितृष्णा फैलिने, साम्प्रदायिक सद्भाव प्रतिकूल हुने कुनै पनि गतिविधि, व्यवहार, आचरण वा अभिव्यक्ति गरेमा ।

**२. अनुशासन समिति :** पार्टीको अनुशासन कायम राख्न र आचारसंहिता पालन गराउन देहाय बमोजिमका अनुशासन समिति रहनेछन् ।

(क) जिल्ला अनुशासन समिति

(ख) प्रदेश अनुशासन समिति

(ग) केन्द्रीय अनुशासन समिति

**३. जिल्ला अनुशासन समितिको गठन :**

(क) जिल्ला कार्यसमितिले आफूमध्येबाट जिल्ला अनुशासन समिति गठन गर्नेछ।

(ख) जिल्ला अनुशासन समितिमा एक जना संयोजक र दुई जना सदस्य रहनेछन्।

**४. जिल्ला अनुशासन समितिको काम, कर्तव्य र अधिकार:** जिल्ला अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेको उम्मेदवार विरुद्ध उम्मेदवार

भएमा वा त्यस्तो उम्मेदवारको प्रस्तावक वा समर्थक भएमा पाँच वर्षका लागि पार्टीवाट निष्काशन गर्ने ।

(ख) निर्वाचनको समयमा पार्टीको उम्मेदवारका विरुद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विरोध गरेमा वा असहयोग गरेमा वा अन्य पार्टी वा उम्मेदवारको पक्षमा प्रचार प्रसार गरेमा उम्मेदवारको राय समेत लिई तत्काल पार्टीको सदस्यवाट निलम्बन गर्ने ।

(ग) कुनै पनि तहको निर्वाचनको समयमा पार्टीको उम्मेदवारले कुनै सदस्य वा पार्टी निकायले प्रत्यक्ष वा परोक्ष रुपमा पार्टी वा उम्मेदवारका हित विपरीत काम गरेको, निष्कृय बसेको वा अन्य उम्मेदवारलाई सहयोग हुने कार्य गरेको देखिएमा सोको जानकारी जिल्ला अनुशासन समितिलाई दिनु पर्नेछ । यसरी जानकारी प्राप्त भएमा जिल्ला अनुशासन समितिले त्यस्ता सदस्यलाई तत्काल सम्झाउने, चेतावनी दिने र नमानेमा सदस्यता निलम्बन गरी सोको जानकारी प्रदेश र केन्द्रीय अनुशासन समितिलाई दिनेछ ।

(घ) उपधारा (४) (क) (ख) र (ग) बमोजिमको सजाय गरेको हकमा प्रदेश र केन्द्रीय अनुशासन समितिलाई जानकारी दिनुपर्नेछ ।

तर उपधारा (४), (क) (ख) र (ग) को अधिकार सम्बन्धित निर्वाचन समाप्त भई सकेपछि प्रयोग गर्न पाइने छैन ।

(ङ) जिल्ला कार्यसमिति मातहतका निकाय वा जिल्ला भित्रको पार्टीको कुनै पनि सदस्यले पार्टीको आदर्श, उद्देश्य, नीति, र आचारसंहिता विरूद्ध कार्य वा विधानको उल्लङ्घन भयो भनी पार्टीको निकाय, पदाधिकारी वा सदस्यका विरूद्ध उजुरी दिएमा वा अनुशासन समितिलाई अनुशासन विपरीत कार्य भएको जानकारी प्राप्त भएमा वा अनुशासन विपरीत कार्य भएको देखिएमा सम्बन्धित निकाय, पदाधिकारी वा सदस्यलाई जानकारी लिने, स्पष्टीकरण माग्ने, छानविन गर्ने ।

(च) अनुशासन भङ्ग गर्ने निकाय, पदाधिकारी वा सदस्यलाई नियमावली र आचारसंहिता अनुसार कसुर हेरी सम्झाउने, चेतावनी दिने । त्यस्ता कार वाई गर्दा आफ्नो सफाई दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिनेछैन ।

(छ) कुनै निकाय, पदाधिकारी वा सदस्यलाई उपधारा (४), (क),(ख),(ग),(घ),(ङ) र (च) बाहेक अनुशासन भङ्ग गरेकोमा सदस्यतावाट निलम्बन वा निष्काशन गर्नु पर्ने देखिएमा जिल्ला अनुशासन समितिले कसुरको प्रकृति लगायत सबै आवश्यक

कुरामा छानविन गरी सजायको माग समेत गरी यथासक्य छिटो प्रदेश अनुशासन समितिमा पठाउनु पर्नेछ ।

(ज) जिल्ला अनुशासन समितिले वार्षिक प्रतिवेदन जिल्ला कार्यसमितिमा पेश गर्नेछ र सम्पूर्ण विवरण प्रदेश र केन्द्रीय अनुशासन समितिमा पठाउनेछ ।

(झ) जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा निकायले निर्णयको सूचना पाएको मितिले पैंतीस दिन भित्र प्रदेश अनुशासन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

**५. प्रदेश अनुशासन समितिको गठन :**

(क) प्रदेश कार्यसमितिले आफूमध्येबाट प्रदेश अनुशासन समिति गठन गर्नेछ ।

(ख) प्रदेश अनुशासन समितिमा एक जना संयोजक र तीन जना सदस्य रहनेछन्।

**६. प्रदेश अनुशासन समितिको काम, कर्तव्य र अधिकारः**

प्रदेश अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जिल्ला अनुशासन समितिले गरेको अनुशासनको काम, कारबाही र निर्णयमाथि पुनरावेदन सुन्ने ।

(ख) अनुशासन भङ्ग गरेकोमा सदस्यतावाट निलम्बन वा निष्काशन गर्नु पर्ने देखी कसुर समेत उल्लेख गरी जिल्ला अनुशासन समितिले सजायको माग समेत गरेकोमा थप छानविन गर्नु पर्ने भएमा आफैं वा जिल्ला अनुशासन समिति मार्फत थप छानविन गरी निर्णय गर्ने ।

(ग) उपधारा (४) (ख) बाहेक पार्टीको उद्देश्य, नीति र आचारसंहिता विरूद्ध अथवा विधानको उल्लङ्घन भयो भनी प्रदेश अनुशासन समितिलाई कुनै पनि रूपमा जानकारी हुन आएमा सोबारे जानकारी लिई छानविन गर्ने, स्पष्टीकरण लिई आवश्यक कारबाही गर्ने ।

(घ) अनुशासन भङ्ग गर्ने निकाय, पदाधिकारी वा सदस्यमाथि कारबाही गर्दा यो विधान, नियमावली र आचारसंहिता अनुसार कसूर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन गर्ने । निलम्बन गर्दा बढीमा छ महिनाकालागि गर्न सकिनेछ । त्यसरी निलम्बन गरेको जानकारी यथासक्य छिटो केन्द्रीय अनुशासन समितिमा पठाउनु पर्नेछ । त्यस्तो कारबाही गर्दा आफ्नो सफाइ दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिने छैन ।

(ङ) अनुशासन भंग गरेकोमा सदस्यतावाट निष्काशन गर्नु पर्ने देखिएमा प्रदेश अनुशासन समितिले कसुरको प्रकृती हेरि सजायको माग समेत गरी यथाशक्य छिटो केन्द्रीय अनुशासन समितिमा पठाउनु पर्नेछ ।

(च) प्रदेश अनुशासन समितिले आफ्ना केही अधिकार जिल्ला अनुशासन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(छ) प्रदेश अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित व्यक्ति वा निकायले केन्द्रीय अनुशासन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

**७. केन्द्रीय अनुशासन समितिको गठन :**

(क) पार्टीको आचारसंहिता पालन गराउन र अनुशासन कायम राख्न केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय अनुशासन समिति गठन गर्नेछ ।

(ख) केन्द्रीय अनुशासन समितिमा एक जना संयोजक र चार जना सदस्य र हनेछन् ।

**८. केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) जिल्ला र प्रदेश अनुशासन समितिले गरेको निर्णयमाथि पुनरावेदन सुन्ने ।

(ख) जिल्ला र प्रदेश अनुशासन समितिले कारवाई गरेको तर पुनरावेदन नपरेको कारवाई बारे पनि जानकारी लिई कारवाई औचित्यपूर्ण भए नभएको हेरी उपयुक्त निर्णय गरी प्रदेश वा जिल्ला अनुशासन समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) जिल्ला वा प्रदेशले कारबाही गरेको वा कारबाही गर्न सिफारिस गरेको बाहेक पार्टीको उद्देश्य, नीति, र आचारसंहिता विरूद्ध अथवा विधानको उल्लङ्घन भयो भनी पार्टीका निकाय, पदाधिकारी वा सदस्यवाट केन्द्रीय अनुशासन समितिमा सोझै उजुरी परेमा वा केन्द्रीय अनुशासन समितिलाई कुनै पनि रुपमा जानकारी हुन आएमा छानविन गर्ने र निर्णय गर्ने । यसरी जानकारी लिने, छानविन गर्ने वा स्पष्टीकरण लिने लगायतका कार्य गर्न केन्द्रीय अनुशासन समितिले प्रदेश वा जिल्ला अनुशासन समितिलाई निर्देशन दिन सक्नेछ ।

(घ) अनुशासन भङ्ग गर्ने निकाय वा पदाधिकारी वा सदस्यमाथि कारबाही वा जिल्ला वा प्रदेश अनुशासन समितिको निर्णयमा पुनरावेदन निर्णय गर्दा नियमावली र आचारसंहिता अनुसार कसुर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन वा निष्काशन गर्ने । त्यस्तो कारबाही गर्दा आफ्नो सफाइ दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिनेछैन ।

(ङ) निलम्बन गर्दा  बढीमा एक वर्ष र निष्काशन गर्दा बढीमा पाँच वर्षका लागि गर्न सकिनेछ ।

(च) केन्द्रीय अनुशासन समितिको निर्णयबाट कारबाहीमा परेको सदस्य वा पदाधिकारीले निर्णय उपर चित्त नबुझेका खण्डमा सोको सूचना पाएको मितिले पैंतीस दिनभित्र केन्द्रीय कार्यसमितिमा पुनरावेदन दिन सक्नेछ र केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।

(छ) केन्द्रीय अनुशासन समितिले आफ्ना केही अधिकार प्रदेश वा जिल्ला अनुशासन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**९. अनुशासन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

## परिच्छेद-१०

## केन्द्रीय निर्वाचन समिति, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, केन्द्रीय विभागहरु

### ३५. केन्द्रीय निर्वाचन समितिः

**(१) केन्द्रीय निर्वाचन समितिको गठन :**

(क) यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक पार्टीका सबै तह र निकायका पदाधिकारीको निर्वाचनका लागि केन्द्रीय कार्यसमितिले केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ ।

(ख) केन्द्रीय सभापतिले केन्द्रीय निर्वाचन समितिका लागि संयोजक एक र सदस्य चार जनाको नाम केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछन् ।

(ग) उक्त प्रस्ताव केन्द्रीय कार्यसमितिबाट अनुमोदन हुनु पर्नेछ ।

**(२) केन्द्रीय निर्वाचन समितिको काम, कर्तव्य र अधिकार :**

(क) निर्वाचन समितिले पार्टीको विधान बमोजिम सबै तह र निकायको निर्वाचन सम्पन्न गर्नेछ ।

(ख) पार्टीका सबै तह र निकायको निर्वाचन गोप्य मतदानद्वारा गरिनेछ । अन्य प्रक्रिया केन्द्रीय निर्वाचन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(ग) टोल,गाउँपालिका/नगरपालिका वडा, गाउँपालिका, नगरपालिका, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश स्तरको पार्टी निकायको कुनै पद रिक्त भएमा त्यस्तो पदमा निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय निर्वाचन समितिले प्रदेश कार्यसमिति वा जिल्ला कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(घ) नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन र प्रदेश अधिवेशन हुने वर्ष भन्दा कम्तिमा एक वर्ष अगावै स्थानीय तहका सबै अधिवेशन र कार्यसमितिहरू गठन  गरिनेछन् । स्थानीय तहका अधिवेशनबाट प्रदेश अधिवेशन र केन्द्रीय

महाधिवेशनका लागि निर्वाचित हुने प्रतिनिधि प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशन हुनुभन्दा तीन महिना पहिला निर्वाचित गरिनेछन् ।

(ङ) निर्वाचन समितिले निर्वाचन प्रयोजनका लागि केन्द्रीय कार्यसमितिबाट प्राप्त नेपाली कांग्रेसको क्रियाशील सदस्यता तथा पार्टीको सबै तहका निर्वाचनका मतदाताहरूको विवरण राख्ने र अद्यावधि गर्नेछ ।

(च) केन्द्रीय कार्यसमितिले तोके बमोजिम निर्वाचन समितिले सम्बन्धित तह र निकायको निर्वाचनको क्यालेण्डर बनाउनेछ ।

(छ) पार्टीको कुनै पनि तह र निकायको निर्वाचन गराउन केन्द्रीय निर्वाचन समितिले आफ्नो अधिकार प्रत्यायोजन गरी निर्वाचन अधिकृत तोकी खटाउन सक्नेछ ।

(ज) केन्द्रीय निर्वाचन समितिले आफूले गरेको कार्यको विवरण केन्द्रीय कार्यसमितिमा नियमित रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

## ३६. केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान :

### (१) गठन :

(क) सभापतिले तोकेको केन्द्रीय कार्यसमितिका उपसभापति प्रतिष्ठानको प्रमुख रहनेछन् ।

(ख) प्रतिष्ठानका प्रमुखले केन्द्रीय सभापतिसंग परामर्श गरी आवश्यकतानुसार केन्द्रीय सदस्य वा पूर्व केन्द्रीय सदस्य वा पार्टीमा विशिष्ठ योगदान गरेको व्यक्ति मध्येबाट उपप्रमुख मनोनित गर्नेछन् ।

(ग) प्रतिष्ठानका प्रमुखले केन्द्रीय सभापतिसंग परामर्श गरी प्रदेश कार्यसमितिका सभापतिले तोकेको प्रदेश उप-सभापति र नेपाली कांग्रेसका क्रियाशील सदस्यमध्येबाट बढीमा एकसट्ठी जनालाई प्रतिष्ठानको सदस्यमा नियुक्त गर्नेछन् । सदस्यमा नियुक्त गर्दा मुलुकको संघीय संरचना, जनसंख्या र समावेशी सिद्धान्तलाई मध्यनजर गरी नियुक्ति गरिनेछ ।

(घ) प्रतिष्ठानको एक स्थायी सचिवालय रहनेछ । सम्बन्धित विषय क्षेत्रका विज्ञ, नेपाली कांग्रेसको क्रियाशील सदस्यलाई प्रमुखले प्रतिष्ठानको कार्यकारी निर्देशक र निर्देशकको पदमा नियुक्त गर्नेछन् ।

(ङ) प्रतिष्ठानले विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न विज्ञ संलग्न गराई विषयगत एकाई गठन गर्न सक्नेछ ।

(च) प्रतिष्ठानले प्रदेश तथा जिल्लामा तोकिए बमोजिम कार्य सञ्चालन गर्नेछ ।

(छ) प्रतिष्ठानको कार्यक्षेत्र, कार्ययोजना, सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(२) काम, कर्तव्य र अधिकार :**

(क) देशको समसामयिक राजनीतिक विषय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पार्टीले लिनु पर्ने नीति निर्माणमा सहयोग पुर्‍याउने ।

(ख) पार्टीले अख्तियार गरेका र गर्नु पर्ने नीति तथा कार्यक्रम, मुलुकको समग्र हितका लागि पार्टीले लिनु पर्ने नीति, पार्टी संगठन सुदृढीकरण र विस्तारका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

(ग) पार्टी तथा भ्रातृ एवं शुभेच्छुक संघ संस्थाका सदस्यलाई पार्टीको आदर्श, सिद्धान्त, मूल्य, मान्यता, नीति, रणनीतिका बारेमा प्रशिक्षित र सक्षम बनाउन विभिन्न तहमा विचार-गोष्ठी, अन्तरसम्वाद/अन्तरक्रिया, परामर्श एवं निश्चित उद्देश्य र कार्य योजनासहित प्रशिक्षण कार्यक्रम, प्रतियोगात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(घ) नेपाली कांग्रेसको प्रत्येक सदस्यले क्रियाशील सदस्यता प्राप्त गरेपछि नवीकरण गर्नु पूर्व पार्टीको आधारभूत प्रशिक्षण लिनु पर्ने गरी पाठ्यक्रम विकास गरी देशव्यापी प्रशिक्षणको व्यवस्था गर्ने ।

(ङ) पार्टी नीति, अनुसन्धान, प्रशिक्षण र व्यक्तित्व विकाससंग सम्वन्धित विषयमा पार्टी साहित्य तथा पाठ्य सामाग्री तयार गरी प्रकाशन गर्ने, गराउने ।

(च) हरेक छ महिनामा आफ्नो कार्य प्रगति प्रतिवेदन पार्टी केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।

(छ) पार्टीको हितमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**३७. <u>केन्द्रीय विभागहरू सम्बन्धी व्यवस्था</u>**

**(१) गठन**

(क) केन्द्रमा तोकिए बमोजिमका केन्द्रीय विभागहरुको गठन हुनेछ ।

(ख) प्रत्येक विभागमा बढीमा पचिस जना रहनेछन् ।

(ग) केन्द्रीय सभापतिले विभागका प्रमुख, उपप्रमुख, एक जना सचिव र सदस्यहरूको नियुक्ति गर्नेछ ।

(घ) विभागका उपप्रमुख, सचिव, सदस्यमा मनोनयन हुन नेपाली कांग्रेसको क्रियाशील सदस्य हुनु पर्नेछ ।

(ङ) उपप्रमुख, सचिव र सदस्यहरूको मनोनयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ ।

(च) विभागमा मनोनयन गर्दा पार्टी सदस्यहरूको रुचि, विज्ञता, अनुभव र पार्टीमा पुर्‍याएको योगदानलाई आधार बनाइनेछ ।

(छ) प्रमुखले विभागको बैठकमा आवश्यकतानुसार कुनै पनि व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(ज) विभागको कार्यक्षेत्र हेरी विशेषज्ञ संलग्न गराई विभिन्न एकाइ, उपसमिति वा कार्यदल गठन गर्न सकिनेछ ।

(झ) विभागको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(ञ) विभागले प्रत्येक छ महिनामा कार्यसम्पादन प्रगति प्रतिवेदन केन्द्रीय कार्यसमितिमा बुझाउनु पर्नेछ ।

(ट) पार्टीको भ्रातृ र शुभेच्छुक संस्थालाई तोकिए बमोजिमका विभागले समन्वय गरी क्रियाशील गराउनेछ ।

(ठ) प्रत्येक विभागले आफूसंग सम्बन्धित विषयबारे प्रचलित संविधान र कानुनमा भएका व्यवस्था, नेपाल सरकारले तर्जुमा गरेको नीति, सरकारले तत् सम्बन्धमा गरेको कामहरूको अनुगमन मूल्याङ्कन गरी केन्द्रीय कार्यसमितिलाई जानकारी र सो सम्बन्धमा पार्टीले बनाउनु पर्ने नीति र गर्नु पर्ने कार्यबारे सुझाव दिनेछ ।

(ड) केन्द्रीय कार्यसमितिले विभागलाई थप कार्य गर्न निर्देशन दिन सक्नेछ ।

(ढ) केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार अन्य विभाग गठन गर्न र काम, कर्तव्य, अधिकार तोक्न सक्नेछ ।

(ण) विभाग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२. **विभागहरूको काम, कर्तव्य र अधिकार :** विभागको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## केन्द्रीय लेखा समिति, संसदीय दल, जिल्ला सम्पर्क समिति, भ्रातृ संघ र शुभेच्छुक संस्था

**३८. केन्द्रीय लेखा समिति :**

(१) केन्द्रीय लेखा समितिका लागि केन्द्रीय सभापतिले कार्यसमितिका सदस्यमध्येबाट संयोजक एक र सम्बन्धित विषयको विज्ञता भएका चार जना सदस्यको नाम प्रस्ताव गर्नेछ । उक्त प्रस्ताव केन्द्रीय कार्यसमितिको बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) लेखा समितिले लेखापरीक्षक नियुक्त गरी केन्द्रीय कोषाध्यक्ष समक्ष रहेको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गराई प्रतिवेदन कार्यसमितिमा बुझाउने। कार्यसमितिले पारित गरेको प्रतिवेदन केन्द्रीय कोषाध्यक्ष महाधिवेशन/महासमितिमा प्रस्तुत गर्नेछन् ।

## ३९. केन्द्रीय लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) कोषाध्यक्षले राखेको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गराउने । सो प्रयोजनका लागि लेखा परीक्षक नियुक्त गरी पारिश्रमिक तोक्ने ।

(२) पार्टीका कुनै पनि कार्यसमितिको आय र व्ययको आन्तरिक लेखा परीक्षण गर्न आवश्यक भएमा सो को व्यवस्था मिलाउने ।

(३) केन्द्रीय कार्यसमिति र मातहतका निकायको आर्थिक कारोवारको नियमित रुपमा अनुगमन गर्ने ।

(४) पार्टीका विभिन्न तह एवं भ्रातृ संघहरूको आर्थिक पारदर्शिता सुनिश्चित गर्न आवश्यक अनुगमन गर्ने एवं आर्थिक क्रियाकलापको अभिलेखीकरण गराउने ।

(५) केन्द्रसंग समन्वय गरी लेखा तथा वित्त व्यवस्थापन मितव्ययी, पारदर्शी एवं व्यवस्थित बनाउन आवश्यक मापदण्ड तयार गर्ने तथा प्रशिक्षण सञ्चालन गर्ने।

(६) लेखा एवं आर्थिक व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कार्यसमितिबाट स्वीकृत भएपश्चात लागू गर्ने ।

## ४०. संसदीय दलः

(१) संघीय संसदमा रहेका पार्टीका सांसदहरू नेपाली कांग्रेस संसदीय दलका सदस्य हुनेछन् ।

(२) संसदीय दलमा प्रतिनिधि सभाका सदस्यहरूले आफूमध्येबाट संसदीय दलको नेताको निर्वाचन गर्नेछन् ।

(३) संसदीय दलको काम, कर्तव्य र कार्य सञ्चालन केन्द्रीय कार्यसमितिद्वारा स्वीकृत संसदीय दलको विधान अनुसार हुनेछ ।

(४) पार्टीको तर्फबाट प्रदेश सभामा रहेका प्रदेश सभा सदस्यको प्रत्येक प्रदेशमा एक प्रदेश सभा संसदीय दल हुनेछ । प्रदेश सभा संसदीय दलले केन्द्रीय कार्यसमितिबाट स्वीकृत विधान अनुसार कार्य गर्नेछ ।

**स्पष्टिकरण**ः यस विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पार्टीको तर्फबाट उम्मेदवार भइ समानुपातिक प्रणालीतर्फ प्रतिनिधिसभा सदस्य वा प्रदेशभा सदस्य भएका व्यक्तिको संसदीय जिम्मेवारीलाई प्रभावकारी र जवाफदेही बनाउन निजले प्रचलित कानून विपरित काम गरेमा, पार्टीको निर्देशन र मूल्य मान्यता विपरित लागेमा, कार्यसम्पादन मुल्याङ्कन सन्तोषजनक नदेखिएमा वा निजले पदीय जिम्मेवारी पुरा नगरेमा पार्टीले जुनसुकै बेला फिर्ता बोलाउन सक्नेछ ।

## ४१. जिल्ला सम्पर्क समितिः

(१) अन्य जिल्लामा मतदाता नामावली रहेका काठमाण्डौं वा प्रदेश राजधानी वा अन्य

कुनै जिल्लामा स्थायी वा अस्थायी बसोबास गरी बसेका नेपाली कांग्रेसका सदस्य वा नेपाली कांग्रेसका क्रियाशील सदस्य, नेपाली कांग्रेसका प्रति प्रतिवद्ध व्यक्तिले तोकिए बमोजिम सम्पर्क समिति गठन गर्न सक्नेछन् ।

(२) सम्पर्क समिति सम्बन्धित जिल्लाको नेपाली कांग्रेस जिल्ला कार्यसमितिको सल्लाह, समन्वय र निर्देशनमा रही स्थापना गरिनेछ ।

(३) सम्पर्क समिति सम्बन्धित जिल्ला कार्यसमितिको मातहतमा रहनेछ ।

(४) निर्वाचन र पार्टीका अन्य अभियान तथा कार्यक्रममा जिल्ला कार्यसमितिसंगको समन्वयमा रही सम्पर्क समितिले काम गर्नेछ ।

(५) सम्पर्क समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ४२. <u>भ्रातृ संघ र शुभेच्छुक संस्था</u>

### (१) भ्रातृ संघ :

(क) नेपाली कांग्रेसको आदर्श, उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय वा अन्य र चनात्मक क्रियाकलापमा संलग्न संस्थालाई केन्द्रीय कार्यसमितिले निर्णय गरी भ्रातृ संघको मान्यता दिन सक्नेछ । मान्यता प्राप्त भ्रातृ संघको विवरण तोकिए बमोजिम अनुसूचिमा उल्लेख गरिनेछ ।

(ख) भ्रातृ संघको विधान र संशोधन केन्द्रीय कार्यसमितिबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(ग) भ्रातृ संघले पार्टीको उद्देश्य, नीति, कार्यक्रम र केन्द्रीय कार्यसमितिको निर्देशनको पालना गर्नु पर्नेछ ।

(घ) कुनै एउटा भ्रातृ संघमा संलग्न व्यक्ति अर्को भ्रातृ संघको पदाधिकारी वा सदस्य हुने छैन ।

(ङ) पार्टीको कुनैपनि तहको पदाधिकारी वा सदस्य भ्रातृ संघको पदाधिकारी वा सदस्य हुने छैन। भ्रातृ संघको कार्यसमितिका पदाधिकारी वा सदस्य पार्टीको कुनै पनि तहको कार्यसमितिमा निर्वाचित वा मनोनित भएमा निजको भ्रातृ संघको पद स्वतः रिक्त हुनेछ ।

(च) भ्रातृ संघले आफ्नो विधान अनुसार केन्द्रीय अधिवेशन गर्नु पर्नेछ । विधानमा उल्लेखित अवधिमा केन्द्रीय अधिवेशन हुन नसकेमा केन्द्रीय समिति स्वतः विघटन हुनेछ । र पार्टीको केन्द्रीय कार्यसमितिले तत्काल अधिवेशन गर्न आवश्यक व्यवस्था गर्नेछ ।

(छ) केन्द्रीय कार्यसमितिले भ्रातृ संघको विघटन वा पुर्नगठन गर्न सक्नेछ ।

(ज) भ्रातृ संघ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(२) शुभेच्छुक संस्था :**

(क) पार्टीले अँगालेका वृहत्तर आदर्श र नीतिमा क्रियाशील र सहयोगी रहने, लोकतान्त्रिक मूल्य र मान्यतामा विश्वास गर्ने संघ संस्था वा समूहलाई केन्द्रीय कार्यसमितिले निर्णय गरी शुभेच्छुक संस्थाको मान्यता दिन सक्नेछ। मान्यता प्राप्त शुभेच्छुक संस्थाहरूको विवरण तोकिए बमोजिम अनुसूचिमा उल्लेख गरिनेछ।

(ख) शुभेच्छुक संस्थाको उद्देश्य, सिद्धान्त र विधानको व्यवस्था लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित हुनु पर्नेछ।

(ग) पार्टीको कुनैपनि तहको पदाधिकारी वा सदस्य शुभेच्छुक संस्थाको पदाधिकारी वा सदस्य हुने छैन । शुभेच्छुक संस्थाको कार्यसमितिका पदाधिकारी वा सदस्य पार्टीको कुनै पनि तहको कार्यसमितिमा निर्वाचित वा मनोनित भएमा निजको शुभेच्छुक संस्थाको पद स्वतः रिक्त हुनेछ।

(घ) शुभेच्छुक संस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१२

## विविध

**४३. पदावधिः** पार्टीका सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ।

**४४. अविश्वासको प्रस्ताव :**

(१) पार्टीका सबै तहका सभापतिका विरूद्ध सम्बन्धित निर्वाचकहरूको पच्चीस प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछ।

(२) यसरी दर्ता हुन आएको प्रस्तावउपर आवश्यक छानविन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उप-सभापति र सो नभएमा महामन्त्री वा प्रदेश महामन्त्री, सचिवले बैठकको अध्यक्षता गर्नेछ।

(३) उपधारा (१) र (२) बमोजिम पेश हुन आएको अविश्वासको प्रस्ताव, सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट पारित हुनेछ।

(४) केन्द्रदेखि मातहतका सबै तहका निर्वाचित पदाधिकारीको हकमा सम्बन्धित निर्वाचकहरुको बीस प्रतिशत सदस्यहरूले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछन्। यसरी दर्ता हुन आएको प्रस्ताव उपर आवश्यक

छानविन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ। यस्तो निर्णय गर्दा उप-सभापति र सो नभएमा महामन्त्री, प्रदेश महामन्त्री वा सचिवले बैठकको अध्यक्षता गर्नेछ। सम्पूर्ण सदस्य सङ्ख्याको साठी प्रतिशत बहुमतले अविश्वास प्रस्ताव पारित हुनेछ।

(५) पार्टीका सबै तहका सभापतिले प्रस्ताव गरी निर्वाचित कार्यसमितिबाट चयन भएका पदाधिकारीलाई सम्बन्धित सभापतिको प्रस्तावबाट कार्यसमितिले पदमुक्त गर्न सक्नेछ।

४५. **रिक्त स्थानको पूर्ति:** कुनै कारणले पार्टीका कुनै पनि निकायमा रिक्त हुन आउने स्थानका लागि यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन प्रक्रियाबाट निर्वाचित भएको हो सोही प्रक्रियाद्वारा पद पूर्ति गरिनेछ।

४६. **गणपूरक सङ्ख्या:** पार्टीका सबै निकायहरूको बैठकका लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ।

४७. **विधान संशोधन :**

(१) यो विधानको संशोधन गर्नुपरेमा केन्द्रीय महाधिवेशनले सम्पूर्ण सदस्य संङ्ख्याको साधारण बहुमतले र केन्द्रीय महासमितिले सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले संशोधन गर्न सक्नेछ।

(२) विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिले र केन्द्रीय महाधिवेशन वा केन्द्रीय महासमितिका पच्चीस प्रतिशत सदस्यले केन्द्रीय कार्यसमिति मार्फत प्रस्तुत गर्न सक्नेछन्।

४८. **नियमावली बनाउने:** यो विधान अनुरुप केन्द्रीय कार्यसमितिले आवश्यक नियमावली, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड र आचारसंहिता बनाई लागू गर्न सक्नेछ।

४९. **पार्टीको झण्डा, छाप चिन्ह र कार्यालय :**

(१) झण्डा - समान आयातकार भएका तीन पाटामध्ये तल माथिका दुई पाटाहरू राता हुनेछन्। बीचको सेतो पाटोको केन्द्रको चारैतिर समान आकार प्रकारका पाँच चोसे राता रङका चार ताराहरू रहनेछन्। तल-माथि रहेका दुई ताराभन्दा दायाँ बायाँ रहेका दुई ताराको दूरी अनुपातअनुसार केही बढी हुनेछ।

(२) छाप - केन्द्रीय कार्यसमितिले तोके अनुसार सबै तहमा एकै किसिमको छाप हुनेछ।

(३) चिन्ह - पार्टीको चुनाव चिन्ह "रूख" हुनेछ।

(४) कार्यालय - पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा र अन्य तहका कार्यालयहरू सम्बन्धित तहको आ-आफ्ना केन्द्र/सदरमुकाममा रहनेछ।

५०. <u>विविधः</u>

(१) पार्टीको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि र अनुल्लङ्घनीय हुनेछ ।

(२) पार्टीका विभिन्न निकाय गठनमा समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ ।

(३) पार्टीको उद्देश्य र नीतिलाई समर्थन गर्दै यो विधानलाई मञ्जुर गर्ने नेपालका कुनै राजनीतिक दल वा संस्थालाई पार्टीमा गाभ्ने केन्द्रीय कार्यसमितिलाई अधिकार हुनेछ। तर सो निर्णयलाई पछि हुने केन्द्रीय महासमिति वा केन्द्रीय महाधिवेशनबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) पार्टीका सबै तहका कार्यसमितिले पार्टीका निम्ति योगदान दिएका र दिन सक्ने विशिष्ट व्यक्तिहरूलाई आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(५) विधानको व्याख्या गर्ने र विधानमा उल्लेख भएका कुराहरूमा अपर्झट निर्णय गर्नु परेमा पार्टीको परम्परालाई ध्यानमा राखी केन्द्रीय कार्यसमितिले गर्न सक्नेछ । त्यस्तो निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनबाट अनुमोदन गराउनु पर्नेछ ।

(६) पार्टी सदस्यता र सदस्यता नवीकरणको अवधि तोकिए बमोजिम हुनेछ ।

(७) प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, नगरपालिका कार्यसमिति, गाउँपालिका कार्यसमिति, नगरपालिका/गाउँपालिका वडा कार्यसमिति, टोल कार्यसमितिका सभापतिहरूले राजिनामा दिँदा आफूभन्दा माथिल्लो निकायको सभापति समक्ष दिनुपर्नेछ।क्षेत्रीय प्रतिनिधिहरूले राजिनामा दिँदा प्रतिनिधि सभा क्षेत्रीय कार्य समितिका सभापतिमार्फत जिल्ला कार्यसमितिका सभापतिलाई दिनु पर्नेछ ।महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यले राजिनामा दिँदा जिल्ला सभापतिमार्फत केन्द्रीय सभापतिलाई दिनुपर्नेछ। अन्य पदाधिकारीले राजीनामा दिँदा आफ्नो कार्यसमितिको सभापति समक्ष दिनु पर्नेछ ।

(८) प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, नगरपालिका कार्यसमिति, गाउँपालिका कार्यसमिति, नगरपालिका/गाउँपालिका वडा कार्यसमिति, टोल कार्यसमितिका सभापतिहरूको मृत्यु वा राजिनामाको कारणले पद रिक्त हुन गएमा सम्बन्धित समितिका उप-सभापति कार्यवाहक सभापति हुनेछन् । उप-सभापति नभएको अवस्थामा सम्बन्धित कार्यसमितिले कार्यवाहक सभापतिको चयन गर्नेछ । यसरी रिक्त हुन आएको सभापति पदमा

छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ। सम्बन्धित तहको अधिवेशन तोकिएको अवस्थामा वा महाधिवेशन तोकी सकिएको अवस्थामा वा छ महिनाभित्र महाधिवेशनको मिति तोकिएमा सभापतिका लागि अलग्गै निर्वाचन गर्नु पर्ने छैन ।

(९) पार्टीको कुनै तहको निर्वाचन, मनोनयन वा उम्मेदवार छनोट गर्दा संविधानको मर्म र भावना तथा समावेशीताको सिद्धान्त अनुसार महिला, दलित समुदाय लगायतको समावेशी समानुपातिक प्रतिनिधित्व र अवसरको न्यायोचित वितरणको सुनिश्चितता गर्नुपर्नेछ ।

**५१. (१) मनोनित महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य सम्बन्धी व्यवस्था :**

(क) केन्द्रीय सभापतिले नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्येबाट महाधिवेशनका लागि बढीमा पचहत्तर जना प्रतिनिधि मनोनित गर्न सक्नेछ । यसरी मनोनित गर्दा महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, थारु, खसआर्य, अपाङ्गता भएका वा अल्पसङ्ख्यक वा पिछडिएको क्षेत्र, तेस्रो लिङ्गी, अन्य पेशा व्यवसाय र विषय विज्ञको रुपमा क्रियाशील रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिमध्येबाट प्राथमिकता दिनुपर्नेछ ।

(ख) केन्द्रीय महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट महासमितिका लागि बढीमा पच्चिस जना सदस्य मनोनित गर्न सक्नेछ । यसरी मनोनित गर्दा महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, थारु, खसआर्य, अपाङ्गता भएका, अल्पसङ्ख्यक वा पिछडिएको क्षेत्र, तेस्रो लिङ्गी, अन्य पेशा व्यवसाय र विषय विज्ञको रुपमा क्रियाशील रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिमध्येबाट प्राथमिकता दिनुपर्नेछ ।

(ग) यसरी मनोनित केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महासमिति सदस्यको पदावधि अर्को केन्द्रीय महाधिवेशन प्रारम्भ भएपछि स्वतः समाप्त हुनेछ ।

(घ) प्रदेश सभापतिले नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्येबाट प्रदेश अधिवेशनका लागि बढीमा तिस जना र प्रदेश अधिवेशन प्रतिनिधिमध्येबाट

प्रदेश सम्मेलनका लागि बढीमा बाह्र जना सदस्य मनोनित गर्न सक्नेछ ।

(ङ) यसरी मनोनित प्रदेश अधिवेशन प्रतिनिधि र प्रदेश सम्मेलन सदस्यको पदावधि अर्को प्रदेश अधिवेशनको प्रक्रिया प्रारम्भ भएपछि स्वतः समाप्त हुनेछ ।

(२) प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, का सभापतिले बढीमा दश/दश जना क्षेत्रीय प्रतिनिधि मनोनित गर्न सक्नेछन् । यसरी मनोनित क्षेत्रीय प्रतिनिधिहरूको पदावधि अर्को अधिवेशनको प्रक्रिया प्रारम्भ भएपछि स्वतः समाप्त हुनेछ ।

**५२. <u>अभिनन्दन र सम्मानः</u>** पार्टीमा क्रियाशील रहेका कारणले कारावासको सजाय, निर्वासनमा रहनु परेको वा २०४६ साल पूर्व पार्टीको पदाधिकारीका रुपमा कार्य गरेको वा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा विशिष्ठ योगदान गरेको वा राष्ट्रिय जीवनको विविध क्षेत्रमा कार्य गरी महत्वपूर्ण योगदान पुऱ्याएका सदस्यलाई जिल्ला कार्यसमिति र प्रदेश कार्यसमितिको सिफारिसमा केन्द्रीय कार्यसमितिले तोकिए बमोजिम अभिनन्दन र सम्मान गर्नेछ ।

**५३. <u>महासमिति सदस्य महाधिवेशन प्रतिनिधिको काम, कर्तव्य र अधिकार :</u>**

(१) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापतिको संयोजकत्वमा जिल्ला सभापतिको उपस्थितिमा प्रतिनिधि सभा क्षेत्रभित्रका महाधिवेशन प्रतिनिधिको कम्तिमा तीन महिनामा एक पटक संयुक्त बैठक बस्नेछ ।

(२) महाधिवेशन प्रतिनिधिको उक्त संयुक्त बैठकले प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्र नेपाली कांग्रेसको संगठनको अवस्था, अन्य राजनीतिक दलहरूको प्रभाव, समसामयिक राजनीतिक अवस्था र अन्य आवश्यक विषयमा छलफल र विश्लेषण गर्नेछ ।

(३) आफ्नो क्षेत्रभित्रका पार्टीका निकायको निर्णय कार्यान्वयनको अवस्थाको अनुगमन र मूल्याङ्कन गर्नेछ । महाधिवेशन प्रतिनिधि आफ्नो क्षेत्रभित्र निश्चित क्षेत्र, कलष्टर वा तहको संगठन सुदृढिकरणका प्रतिनिधि भइ कार्य गर्नेछन ।

(४) निर्वाचनको अवस्थामा पार्टीको उम्मेदवारलाई विजयी गराउन आवश्यक कार्य गर्नेछ ।

(५) प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र जिल्ला कार्यसमितिलाई सुझाव दिनेछ ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५४. पार्टीका कुनै पनि निकाय वा पदाधिकारीले आफू अन्तर्गत रहेका निकाय वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

५५. महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका एउटै संसदीय निर्वाचन क्षेत्रमा परेको अवस्थामा नगर कार्यसमिति क्षेत्रीय कार्यसमितिको मातहतमा रहनेछ । यस्तो अवस्थामा नगर वडा कार्यसमितिहरू नगर कार्यसमितिको मातहतमा रहनेछ । एक भन्दा बढी संसदीय निर्वाचन क्षेत्रमा विभाजित नगर कार्यसमितिका नगर वडा कार्यसमितिहरूले सम्बन्धित क्षेत्रीय कार्यसमितिसंग समन्वय राखी काम गर्नुपर्नेछ । यस्तो अवस्थामा नगर कार्यसमिति जिल्ला कार्यसमितिको मातहतमा रहनेछन् ।

५६. नेपाली कांग्रेसको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा पार्टीको सदस्यबाट निष्काशन गरिएको वा पार्टी परित्याग गरेको अवस्थालाई निरन्तर नेपाली कांग्रेसको सदस्यता कायम रहेको मानिनेछैन ।

५७. पार्टीको सबै तहको कार्यसमितिको सभापति निरन्तर रूपमा दुई पदावधि भन्दा बढी सोही पदमा उम्मेदवार हुन पाउने छैन ।

५८. पार्टीको तल्लो तहको कार्यसमितिको सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र सह-सचिव माथिल्लो तहको कार्यसमितिमा उम्मेदवार भएमा निजको तल्लो तहको पद स्वतः रिक्तहुनेछ। तर केन्द्रीय महाधिवेशन प्रतिनिधि, केन्द्रीय महासमिति सदस्यमा उम्मेदवार हुन यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

५९. पार्टीको कुनै तहको अधिवेशनमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही अधिवेशन अवधिमा सो भन्दा माथिल्लो वा तल्लो तहको कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैन । तर, विशेष महाधिवेशनको हकमा यो व्यबस्था लागु हुनेछैन ।

६०. पार्टीको सबै तहमा गठन गर्ने भनिएका विभाग/समिति/विभिन्न निकायहरू महाधिवेशन सम्पन्न भएको छ महिनाभित्र गठन गरिसक्नु पर्नेछ ।

६१. पार्टीका सबै तहमा मनोनित प्रतिनिधि तथा सदस्यलाई मनोनित गर्ने पदाधिकारीले आवश्यकता अनुसार हटाउन वा हेरफेर गर्न सक्नेछ ।

६२. नेपाली कांग्रेसको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा सम्बन्धित व्यक्तिले पार्टीको भ्रातृ संघ र शुभेच्छुक संस्था वा नेपाली जनसम्पर्क समितिको केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्यमा काम गरेको रहेछ भने सो अबधिलाई नेपाली कांग्रेसको क्रियाशील सदस्यता सरहको अवधि मानी गणना गरिनेछ । तर, नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त नगरिकन निजले नेपाली कांग्रेसको

क्रियाशील सदस्यले पाउने कुनै पनि सुविधा र अधिकार प्राप्त गर्ने छैन ।

**६३.** धारा १५ बमोजिमका महाधिवेशन प्रतिनिधिलाई महाधिवेशनबाट हुने निर्वाचनमा विधान बमोजिम केन्द्रीय पदाधिकारी एवं सदस्यको पदमा उम्मेदवार हुने, मनोनयन हुने तथा मतदान गर्ने अधिकार हुनेछ ।

**६४.** पार्टीका सबै तहका कार्यसमितिले यसै विधान बमोजिम गर्नु पर्ने कार्यको कार्यान्वयन भए नभएको सम्बन्धमा एक तह माथिल्लो कार्यसमिति र केन्द्रीय कार्यसमितिले नियमित अनुगमन र कार्यान्वयनका लागि आवश्यक निर्देशन गर्नेछ। यसरी नियमित अनुगमन गर्दा निर्देशन पालना नगरेको देखिएमा, कुनै तहले यस विधान कार्यान्वयमा अबरोध गरेमा केन्द्रीय कार्यसमतिले कुनै पनि तहको कार्यसमिति वा भ्रातृ संघ वा शुभेच्छुक संस्थालाई निलम्बन गरी निश्चित अबधिसम्मको लागि बैकल्पिक व्यबस्था गरी विधानको पालना र निर्णय कार्यान्वयन गराउन सक्नेछ ।

**६५.** पार्टीको सबै तहको कार्यसमितिको सभापति पदको निर्वाचनमा निर्वाचित सभापति पछि दोस्रो बढी मत प्राप्त गर्ने व्यक्ति सम्बन्धित कार्यसमितिको सदस्य हुनेछ । सवै तहको सभापति माथिल्लो तहको कार्यसमितिको पदेन सदस्य हुनेछ ।

**६६.** यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक पार्टीका सबै तह र निकायको कार्यसमितिको बैठकमा सम्बन्धित निकायको सहमति भएमा सहमतिबाट र सहमति नभएमा बहुमतका आधारमा निर्णय गरिनेछ ।

**६७.** टोल कार्यसमितिदेखि जिल्ला कार्यसमितिसम्मका तहका पार्टीका कार्यसमितिमा अठार देखि तिस बर्षसम्मको उमेर समूहका सदस्यको पन्ध्र प्रतिशत प्रतिनिधित्व हुन नसकेको भए सम्बन्धित तहको सभापतिले यस विधान बमोजिम कार्यसमितिमा मनोनित गर्दा उक्त उमेर समूहको सदस्य संख्या कम्तिमा पन्ध्र प्रतिशत प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

**६८.** नेपाली कांग्रेसको कुनै पनि तहको कार्यसमिति वा निकायमा मनोनित गर्दा नेपाली कांग्रेसको पक्षमा क्रियाशील रही पार्टीको आदर्श, सिद्धान्त, नीति र अनुशासन अनुरूप कार्य गर्न प्रतिवद्ध भएको वुद्धिजीवी, किसान, श्रमिक, शहीद परिवारको सदस्य, द्वन्द्व पीडित, पेशागत व्यक्ति, व्यवसायी, तेस्रो लिङ्गी, पूर्व राष्ट्रसेवकलाई आवश्यता अनुसार मनोनयनबाट प्रतिनिधित्व गराइनेछ ।

**६९.** पार्टीका क्रियाशील सदस्य, विभिन्न तह र जिम्मेवारीमा रहेका पदाधिकारी र सदस्यहरूले तोकिए बमोजिमको सहयोग रकम (लेवी) तोकिए बमोजिमको पार्टी

निकायमा अनिवार्य बुझाउनु पर्नेछ । यसरी प्राप्त हुने सहयोग रकम (लेवी) विभिन्न तहमा बाँडफाँडको व्यवस्था तोकिए बमोजिम हुनेछ । तोकिए बमोजिमको सहयोग रकम (लेवी) नबुझाउने व्यक्तिको क्रियाशील सदस्यता नवीकरण हुने छैन। साथै, स्थानीय तह, प्रदेश र संघीय संसदीय निर्वाचन र पार्टीको महाधिवेशन तथा महासमिति लगायत कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

**७०.** राष्ट्रिय जीवनमा ख्यातिप्राप्त गरेका, सामाजिक, आर्थिक लगायत विभिन्न विधा, पेशा र क्षेत्र मा योगदान पुऱ्याएका पार्टी संरचनाभन्दा बाहिर रहेका व्यक्तिलाई नेपाली कांग्रेसमा जोड्नको लागि सभापतिले तत्काल क्रियाशील सदस्यता प्रदान गरी, महाधिवेशन प्रतिनिधि मनोनिन गरी केन्द्रीय कार्यसमितिमा मनोनित गर्न सक्नेछन । उक्त प्रस्तावलाई केन्द्रीय कार्यसमितिले अनुमोदन गर्नुपर्नेछ ।

**७१. बाधा अड्काउ फुकाउने अधिकार :** यो विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यसको व्याख्या र त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको निर्णय पछि हुने महासमिति वा महाधिवेशनबाट अनुमोदन गराउनु पर्नेछ ।

**७२. बचाउः** (१) यो संशोधित विधान लागू भएपछि नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित) अनुसार भए गरेका सबै कामकारबाहीहरू यसै संशोधित विधान अन्तर्गत भए गरेको मानिनेछ ।

(२) नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) अनुसार परेका उजुरीहरू यसै संशोधित विधान अनुरूप परेको मानी आवश्यक कारवाई र किनारा गरिनेछ ।

